## तुलसीपुर उपमहानगरपालिका र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदको साझेदारीमा सञ्चालित कार्यक्रमहरू

- वन विज्ञान
- बाली विज्ञान
- फुड एण्ड डेरी टेक्नोलोजी
- फार्मेसी
- मेकानिकल इन्जिनियरिङ
- इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स इन्जिनियरिङ

## तुलसीपुर उपमहानगरपालिका र लुम्बिनी बौद्ध विश्वविद्यालयको साझेदारीमा सञ्चालित कार्यक्रम

- बि.ए.एलएल.बि.
- बि.टि.टि.एम.(प्रस्तावित)
- बि.एच.टि.एम (प्रस्तावित)



# मेट्रो प्रवाह



## तुलसीपुर बहुप्राविधिक शिक्षालय
## तुलसीपुर मेट्रो कलेज

# मेट्रो प्रवाह

अङ्क : ०१ | वर्ष : ०१ | २०८०

**सम्पादन/संयोजन:**

तुलसीपुर मेट्रो कलेज/तुलसीपुर बहुप्राविधिक शिक्षालय प्रकाशन समिति

# विषयसूची


| क्र.सं. | शीर्षक | लेखक | पेज नं. |
|---|---|---|---|
| १. | प्राविधिक शिक्षामार्फत समाज बदल्ने अभियान | टिकाराम खड्का | १ |
| २. | विकासको बलियो पूर्वाधार प्राविधिक शिक्षा | स्यानी चौधरी | ३ |
| ३. | तुलसीपुरलाई प्राविधिक शिक्षाको केन्द्र बनायौँ | घनश्याम पाण्डे | ५ |
| ४. | हाम्रो उद्देश्य, गोरेटो र गन्तव्य | वसन्त आचार्य | ८ |
| ५. | कानुनी साक्षरतामा तुलसीपुर मेट्रो कलेजको भूमिका | विजय पोखेल | १५ |
| ६. | प्रविधिको युगमा इलेक्ट्रिकल शिक्षाको महत्त्व | प्रेम बहादुर गुरुङ | १७ |
| ७. | अवसरले भेटिएको सपना | तिला ढकाल | २० |
| ८. | विद्यार्थीको अनुभवमा मेट्रो कलेज | के.पी. न्यौपाने | २३ |
| ९. | मेकानिकल इन्जिनियरिङ समय सुहाउँदो विषय | इ.अपील आचार्य | २६ |
| १०. | बदलिदो समयसँगै कृषि क्षेत्रको महत्त्व, समस्या र सम्भावनाहरू | कल्पना ओली | २९ |
| ११. | फुड एण्ड डेरीको महत्त्व | सुदर्शन गोसाई | ३२ |
| १२. | ३७ जिल्लाका विद्यार्थीको सहभागिता | होमा भण्डारी | ३५ |
| १३. | स्थानीय सरकारको नमुना कामः तुलसीपुर मेट्रो कलेज | सुशीला कार्की | ३७ |
| १४. | वनै वनको देशमा वन विज्ञानको महत्त्व | सचिन सुवेदी | ४० |
| १५. | फार्मेसी किन पढ्ने ? | डा. चूडामणि न्यौपाने | ४२ |
| १६. | कानुन पढ्ने चाहना यसरी पुरा हुँदै | तिलक रावत | ४३ |
| १७. | मैले किन कानून पढे ? | पारस वली | ४५ |
| १८. | कानुनी शिक्षाको महत्त्व र मेरो रोजाई | हसिना बुढा मगर | ४६ |
| १९. | कानुन पालना सबैको दायित्व | सुस्मिता परियार | ४८ |
| १९. | सहयोगी संस्थाहरूको साथ | | ५० |
| २०. | मिडियामा मेट्रो कलेज | | ५१ |

# प्राविधिक शिक्षामार्फत समाज बदल्ने अभियान

**कुनै पनि व्यक्तिले आफूलाई सिक्न चाहेको सीप आफूले चाहेको समयमा सिक्न सकोस् भन्नका लागि तुलसीपुर सिकाई केन्द्रका रूपमा समेत यसलाई हामीले विकास गर्दै लगेका छौँ।**

**टिकाराम खड्का**
नगरप्रमुख
तु.उ.म.न.पा. तुलसीपुर, दाङ



स्थानीय सरकार प्रमुखका रूपमा तुलसीपुर मेट्रो कलेज र तुलसीपुर बहुप्राविधिक शिक्षालयको नेतृत्व मैले नै लिइरहेको छुँ। म निर्वाचित भएर आउनु अगाडि नै सुत्रपात भएको तुलसीपुरको समग्र शैक्षिक अवस्थालाई बदल्ने यो महान् अभियान मेरो पनि प्राथमिकताको सूचिमा परेको छ। म आउनुभन्दा अगाडि बसेको प्राविधिक शिक्षाको जगमा मैले घर हालेर यसलाई विस्तार गर्ने प्रयास गरेको छु।

नेतृत्व सम्हालेदेखि नै कसरी यस कलेजलाई यस क्षेत्रकै प्राविधिक शिक्षाको केन्द्रकारूपमा विकास गर्न सकिन्छ भन्ने मेरो ध्येय रहेको छ। शिक्षा बिना समाज परिवर्तनको कल्पना गर्न सकिदैन अझ त्यसमा प्राविधिक शिक्षा त झन् समाजलाई आत्मनिर्भरताको बाटोमा डाऱ्याउने महत्त्वपूर्ण कडी हो। विकासको आधार स्तम्भका रूपमा शिक्षालाई हामीले सधैँ नीतिगत र बजेट तथा कार्यक्रमका हिसाबले महत्त्व दिइरहेका छौँ। यहाँका कुनै पनि विद्यार्थी आफूले चाहेको विषय पढ्नबाट वञ्चित हुन नपरोस् भन्ने हाम्रो ध्येय हो। यसले तुलसीपुरको शैक्षिक क्षेत्रमा केही परिवर्तनका संकेत समेत देखाएको मैले महसुस गरेको छु।

आज पनि आर्थिक अभावका कारण आफूले रोजेको विषय पढ्न नपाउने विद्यार्थीहरूको संख्या धेरै छ। अझ त्यसमा प्राविधिक शिक्षा अन्य शिक्षाको अनुपातमा महङ्गो हुने भएको हुँदा धेरै विद्यार्थीहरू यसको पहुँच बाहिर रहेको तथ्याङ्क हामी सबैका सामुमा रहेको छ। पछिल्लो समय विदेश जाने विद्यार्थीहरूलाई हेर्ने हो भने अधिकांश विद्यार्थीहरू प्राविधिक शिक्षा भन्दा पनि अन्य विषयहरू अध्ययन गरेको पाइएको छ। प्राविधिक शिक्षा हासिल गरेको विद्यार्थीले आफै पनि केही गर्ने अथवा अवसर सहजै पाउने भएको हुँदा पनि बाहिर जाने लक्ष्य लिएको खासै देखिदैन। स्थानीय सरकारका हिसाबले आम नगरबासीलाई गुणस्तरिय प्राविधिक शिक्षाको पहुँचमा पुऱ्याउनुलाई हामीले हाम्रो कर्तव्यका रूपमा लिएका छौँ। विद्यार्थीहरूले रोजेको विषय अध्ययन गर्न पाऊन् भन्नका लागि नै हामीले अहिलेसम्म करिब १० वटा प्राविधिक कार्यक्रमहरू सञ्चालन गरिरहेका छौँ।

हामीले कलेज र शिक्षालयमा सबैको पहुँच स्थापित हुन सकोस् भन्नका लागि अत्यन्त न्यून शुल्कमा अध्यापन गराउनुका साथै ठूलो परिमाणमा छात्रवृत्ति उपलब्ध गराइरहेका छौँ। विशेष गरेर छोरीहरूलाई प्राविधिक शिक्षामा आकर्षित गराई आत्मनिर्भर बनाउनका लागि हामीले सामुदायिक विद्यालयमा अध्ययन गरेका सबै छोरीहरूलाई प्राविधिक शिक्षामा छात्रवृत्ति उपलब्ध गराउने व्यवस्था गरेका छौँ। यसले ठूलो संख्यामा यस क्षेत्रका छात्राहरूले प्राविधिक शिक्षा अध्ययन गरिरहेका छन्। अवश्य पनि भोलिका दिनमा महिलाहरूको अवस्थामा सुधार ल्याउनका लागि आज हामीले गरेको कामले गतिलो प्रतिफल ल्याउने छ।

विश्व नै अहिले प्रविधिमय बन्दै गएको अवस्थामा प्राविधिक शिक्षाको आवश्यकताका बारेमा धेरै चर्चा गर्नु त्यति धेरै सान्दर्भिक नहोला। तर यहाँनेर प्राविधिक शिक्षा मात्रै भनेर समयानुकूल अपडेट गर्न सकिएन भने त्यसको कुनै

अर्थ रहदैन । शिक्षालयहरूले समायनुकूल प्राविधिक शिक्षालाई अपडेट गर्दै लैजानुपर्ने देखिन्छ । एकातिर प्रविधिको प्रयोगले मानव जीवन सहज बन्दै गएको छ भने अर्कातिर बदलिदो प्रविधिलाई हाम्रो जीवनसँग जोडेर लैजान कठिन बन्दै गएको छ । हाम्रो उद्देश्य भन्नु नै विद्यार्थीहरूलाई बदलिदो प्रविधिसँग समानान्तर बनाउँदै लैजाने रहेको छ ।


वन विज्ञान र कृषि विज्ञानका विद्यार्थीहरू

तुलसीपुर मेट्रो कलेजले विद्यार्थीहरूलाई प्राविधिक ज्ञान मात्रै प्रदान नगरेर स्थानीयस्तरमा आवश्यक जनशक्ति व्यवस्थापनमा पनि उल्लेखनीय भूमिका बहन गरेको छ । हामीले पालिकासँग समन्वय गरेर विभिन्न कार्यक्रमहरू सञ्चालन समेत गरिरहेका छौँ । स्थानीय विकास र समृद्धिका लागि यहाँका जनशक्तिहरूलाई कसरी उपयोग गर्न सकिन्छ भन्ने बारेमा समेत हामीले सोचिरहेका छौँ । प्राविधिक विषयलाई व्यवहारिक ढङ्गले अध्यापन गराउनका लागि हामीले पढ्दै कमाउँदै लगायतका परियोजनाहरू समेत सञ्चालन गरिरहेका छौँ । आज हाम्रा विद्यार्थीहरूले कलेजले प्रदान गरेको सुविधा प्राप्त गरेर पढ्दै ठूला ठूला परियोजना सञ्चालन समेत गरिरहेका छन् । आजका विद्यार्थीहरूलाई हामीले शिक्षालयदेखि नै कसरी उद्यमशिल बनाउन सकिन्छ भन्ने बारेमा जानकारी गराउनुपर्ने देखिन्छ । उद्यमशीलताको गतिलो उदाहरण हामीले कलेजमार्फत प्रदान गरिरहेका छौँ ।

तुलसीपुर मेट्रो कलेजलाई केवल प्राज्ञिक खालका प्राविधिक विषय अध्ययन गर्ने केन्द्र मात्रै नभएर छोटो अवधिका तालिमहरू समेत प्रदान गर्ने केन्द्रका रूपमा विकास गर्न लागिरहेका छौँ । कुनै पनि व्यक्तिले आफूलाई सिक्न चाहेको सीप आफूले चाहेको समयमा सिक्न सकोस् भन्नका लागि तुलसीपुर सिकाई केन्द्रका रूपमा समेत यसलाई हामीले विकास गर्दै लगेका छौँ । यो तुलसीपुरको सम्पत्ति भएको हुँदा यहाँका हरेक नागरिकले यसबाट आवश्यक फाइदा लिन सक्नुपर्दछ भन्ने मेरो सोच हो ।

हामी अहिले सिकाईको चरणमा रहेका छौँ । कलेज स्थापना भएको पुगनपुग ४ वर्षमा लागिरहेको छ । हामीले यसलाई प्राविधिक शिक्षाको विश्वविद्यालयका रूपमा लैजाने सोच बनाएका छौँ । स्थानीय सरकार आफैले विश्वविद्यालय सञ्चालनको पहलकदमी लिन सक्दछ भन्ने उदाहरण हामीले पेश गर्नेछौँ । हाम्रा अगाडि अनेकौ चुनौती अवश्य पनि छन् तर प्राविधिक शिक्षाको विकासमा हामीले इमानदारीतापूर्वक गरेको कार्यले अवश्य पनि हामीलाई गन्तव्यमा पुऱ्याउने नै छ । स्थानीय सरकारको नमुना काम अन्तर्गत यस तुलसीपुर मेट्रो कलेजले देशभरकै स्थानीय सरकारहरूलाई सन्देश प्रवाह गरिरहेको छ । हामीले गरेको केयौ नमुना कामहरू मध्ये यो उत्कृष्ट काम हो भन्ने हाम्रो ठम्याई रहेको छ । विकासका सूचकहरूलाई भौतिक उन्नती र प्रगतिसँग मात्रै हेर्नुभन्दा पनि यसले समग्र समाजमा के कस्तो भूमिका निर्वाह गर्न सक्यो भन्ने तरिकाले हेर्नुपर्दछ भन्ने मलाई लागेको छ । शिक्षाको विकास विनाको भौतिक विकासको कुनै पनि अर्थ छैन त्यसकारणले गर्दा पनि स्थानीय सरकारका हिसाबले हामीले शिक्षालय सञ्चालनलाई पहिलो प्राथमिकतामा राखेर काम गरिरहेका छौँ ।

# विकासको बलियो पूर्वाधार प्राविधिक शिक्षा

> तुलसीपुर उपमहानगरपालिका भित्रका प्रत्येक वडाका सरकारी विद्यालयबाट एसइइ उत्तिर्ण छात्राहरूका लागि निःशुल्क प्राविधिक शिक्षाको व्यवस्था गरेका छौँ ।

**स्यानी चौधरी**
उप-प्रमुख
तु.उ.म.न.पा. तुलसीपुर, दाङ



राष्ट्रको चौतर्फी विकासका लागि आवश्यक पूर्वाधारहरू मध्येको शिक्षा पनि महत्त्वपूर्ण पूर्वाधार हो । जिम्मेवार स्थानीय सरकारको रूपमा तुलसीपुर उपमहानगरपालिकाले वि.सं.२०७६ सालदेखि सञ्चालनमा ल्याएको तुलसीपुर बहुप्राविधिक शिक्षालयललाई तुलसीपुरसँगै समग्र राष्ट्रको विकासका लागि पूर्वाधारको रूपमा हामीले लिएका छौँ । नेपालको संविधानले शिक्षालाई मौलिक हकको रूपमा व्यवस्था गरेको छ । पढ्न पाउनु सम्पूर्ण नेपाली नागरिकको मौलिक हक हो तर हाम्रो जस्तो विकासोन्मुख देशका नागरिकले आज पनि गास, बास र कपासको अभावमा पनि जीवन गुजारा गरिराख्नु परेको छ ।

नागरिकहरूलाई आत्मनिर्भर बनाउने एउटा खुट्किलोको रूपमा सञ्चालनमा ल्याइएको तुलसीपुर बहुप्राविधिक शिक्षालय मार्फत गुणात्मक प्राविधिक शिक्षा प्रवाहका लागि तुलसीपुर उपमहानगरपालिका जिम्मेवारीपूर्वक लागि परेको कुरा यहाँहरू सबैले महसुस गर्नुभएकै छ । हामी निर्वाचित भएर आउनुपूर्व नै सञ्चालनमा आएको तुलसीपुर बहुप्राविधिक शिक्षालयलाई थप बलियो बनाउनु हामी सबैको कर्तव्यको रूपमा हामीले लिँदै उपमहानगरपालिकाको प्रत्येक नीति र बजेटमा हामीले समावेश गरिरहेकै छौँ ।

एउटा घर शिक्षित बनाउनका लागि पहिला त त्यस घरको आमा शिक्षित हुनुपर्छ भन्ने मान्यतालाई आत्मसाथ गर्दै तुलसीपुर उपमहानगरपालिका भित्रका प्रत्येक वडाका सरकारी विद्यालयबाट एसइइ उत्तिर्ण छात्राहरूका लागि निःशुल्क प्राविधिक शिक्षाको व्यवस्था गरेका छौँ । अहिलेका छोरीहरू नै भोलिका आमा हुन्, एउटा समाजका प्रत्येक घरमा एउटा एउटा शिक्षित आमा हुँदा त्यो गाउँ, समाज हुँदै सिङ्गो राष्ट्रलाई नै शिक्षित बनाउन सकिन्छ । पैसाको अभावमा यहाँका कुनै पनि बालबालिका शिक्षाबाट वञ्चित हुन नपरोस् भनेर प्रत्येक कार्यक्रममा



अन्तर्राष्ट्रियस्तरको मुटकोर्टमा सहभागी विद्यार्थीहरू

प्रत्येक वडाबाट कम्तिमा ५ जनाले पूर्ण छात्रवृत्तिमा  निःशुल्क अध्ययन गरिरहेका छन् ।

विश्व नै प्रविधिमय भएको यो समयमा प्राविधिक शिक्षामार्फत प्रत्येक बालबालिका आत्मनिर्भर बन्न सकुन जसले देश विकासमा महत्त्वपुर्ण भूमिका निर्वाह गर्न सकोस भन्ने उद्देश्यले सञ्चालनमा आएको तुलसीपुर बहुप्राविधिक शिक्षालय मार्फत तुलसीपुरलाई चिनाउने काम पनि भइ नै रहेको छ । अहिले हामीले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को साझेदारीमा विभिन्न ६ वटा प्राविधिक कार्यक्रमहरू सञ्चालन गरिरहेका छौँ भने लुम्बिनी बौद्ध विश्वविद्यालयको सम्बन्धनमा बिएएलएलवी कार्यक्रम पनि सञ्चालनमा ल्याएका छौँ । जो लुम्बिनी प्रदेश मै बुटवलपछि बिएएलएलवी कार्यक्रम सञ्चालन गर्ने एक मात्र कलेज बनेको छ । भविष्यमा सिङ्गो नेपालको न्यायपालिकाको जिम्मेवारी लिने प्रधानन्यायाधीश उत्पादनमा कलेजले भूमिका निर्वाह गरिरहेको छ ।

स्थानीय तहमा हुने न्यायिक समितिसँग समन्वय गरेर विभिन्न कार्यक्रमहरू पनि सञ्चालन भएका छन् । कुनै पनि बालबालिकाको आमा बुवाभन्दा अभिभावकको रूपमा त्यहाँको सरकार हुन्छ । बालबालिकाको आधारभूत आवश्यकता पुरा गर्ने जिम्मेवारी अभिभावकको हुन्छ यदि अभिभावकले जिम्मेवारी पुरा गर्न सक्दैन भने त्यसको जिम्मा राष्ट्रले लिनुपर्दछ । त्यसैले तुलसीपुर बहुप्राविधिक शिक्षालयमार्फत तुलसीपुर उपमहानगरपालिकाले आफूलाई जिम्मेवार स्थानीय सरकारको रूपमा स्थापित गरेको छ । स्थानीय सरकारको काम बाटो, पुल, नाला आदि बनाउने मात्र नभएर कलेज सञ्चालन गर्न पनि सकिन्छ है भन्ने सोँचको विकास अन्य स्थानीय तहहरूमा पनि बसाल्न सकेका छौँ । भविष्यमा तुलसीपुरलाई शिक्षाको हबको रूपमा स्थापित गर्नका तुलसीपुर बहुप्राविधिक शिक्षालय गतिलो उदाहरणको रूपमा रहने कुरामा हामी विश्वस्त छौँ ।

**बालबालिकाको आधारभूत आवश्यकता पुरा गर्ने जिम्मेवारी अभिभावकको हुन्छ यदि अभिभावकले जिम्मेवारी पुरा गर्न सक्दैन भने त्यसको जिम्मा राष्ट्रले लिनुपर्दछ । त्यसैले तुलसीपुर बहुप्राविधिक शिक्षालयमार्फत तुलसीपुर उपमहानगरपालिकाले आफूलाई जिम्मेवार स्थानीय सरकारको रूपमा स्थापित गरेको छ ।**

## संस्थापक कलेज र शिक्षालय सञ्चालक समिति

**घनश्याम पाण्डे**
अध्यक्ष


**माया शर्मा आचार्य**
उपाध्यक्ष

**सदस्यः**

- आनन्द सारु
- सुर्यबहादुर डाँगी
- नवराज लामिछाने
- कुमार लामिछाने
- चित्रबहादुर वली
- डा. ध्रुवकुमार गौतम
- भागवत पौडेल
- दिपेन्द्र भण्डारी
- देवराज विक
- शम्भु रेग्मी
- रुद्रबहादुर डाँगी
- भिष्मबहादुर केसी
- टिकाबहादुर जिसी
- भाष्कारराज गौतम-सदस्य सचिव

# तुलसीपुरलाई प्राविधिक शिक्षाको केन्द्र बनायौँ

गरिब, विपन्न, दलित, जनजाति र सीमान्तकृतहरूको पहुँचमा प्राविधिक शिक्षा पुऱ्याउनका लागि तुलसीपुर बहुप्राविधिक शिक्षालयको स्थापना भएको हो।



**घनश्याम पाण्डे**
संस्थापक अध्यक्ष
पूर्व नगरप्रमुख

जनता मावि हंसपुरबाट ०४६ सालमा एसएलसी पास गरेपछि म अलमलमा परे। मेरो सपना विज्ञान पढ्ने थियो। मेरो सानैदेखिको रूचि नै विज्ञान थियो। तर बिडम्बना दाङमा विज्ञान पढ्ने कुनै पनि खालको अवसर थिएन। त्यतिबेला विज्ञान पढ्नका लागि सबैभन्दा नजिकको गन्तव्य भनेको पाल्पा नै थियो। घरमा अनुरोध गरेर म पाल्पा गए। आर्थिक रूपमा पाल्पा गएर पढ्नका लागि मलाई त्यति सजिलो त थिएन तर पनि दुःख गरेर बिएस्सीसम्म पढे। त्यतिबेला मलाई त घरबाट पढ्ने वातावरण सृजना भयो र मैले पढे। तर म जस्ता केयौको सपना भने त्यतिकै अलमल परेको हुन्थ्यो। विद्यार्थीकालदेखि नै राजनीति र सामाजिक क्षेत्रमा काम गर्ने भएको हुनाले मलाई यो कुराले सधै झस्काइरहन्थ्यो। शिक्षा क्षेत्रमा केही गर्न पाए हुन्थ्यो जस्तो लागिरहन्थ्यो।

तुलसीपुरमा नगरप्रमखका रूपमा ०७४ सालमा उम्मेदवारी दिँदा मेरो मुख्य एजेण्डा नै प्राविधिक शिक्षालय सञ्चालन थियो। अझ त्यसमा पनि विद्यार्थीहरूले अधिक पढ्न चाहेको तर पढ्न नपाएको विषय र कार्यक्रमहरू सञ्चालन गर्न पाए हुन्थ्यो भन्ने मलाई लागेको थियो। निर्वाचनको परिणाम आए लगत्तै मैले प्राविधिक शिक्षालय सञ्चालनको कुरालाई नीति तथा कार्यक्रम र बजेटमा समावेश गरेर अगाडी बढाए। संघीयताको कार्यान्वयनसँगै स्थानीय सरकार कानुनी रूपमा बलियो त थियो तर केन्द्रीकृत शासन प्रणालीमा आधारित कानुनहरू विस्थापित भएका थिएनन्। कक्षा १२ सम्म स्थानीय सरकारको अधिकार क्षेत्रभित्र त राखियो तर सोही तहको डिप्लोमा तहलाई भने स्थानीय सरकारभन्दा अलग्गै राखेर सञ्चालन गरिएको थियो।

प्राविधिक शिक्षालय सञ्चालनको हुटहुटीले गर्दा हामीले सिटिइभिटीसँग समन्वय गरेर आवश्यक कानुन संशोधन गर्दै साझेदारी शिक्षालय सञ्चालनको अवधारणा अगाडी बढायौँ। तुलसीपुर बहुप्राविधिक शिक्षालय स्थानीय सरकार र सिटिइभिटीको साझेदारीमा सञ्चालित नेपालको पहिलो शिक्षालय पनि हो। हामीले सञ्चालन गरे पश्चात् अहिले विभिन्न स्थानीय सरकारहरूले शिक्षालय सञ्चालन गरिरहनुभएको छ। प्राविधिक शिक्षामा संघीयता कार्यान्वयनका दृष्टिले यो निकै महत्त्वपूर्ण उपलब्धि हो भन्ने मलाई लागेको छ।

दाङ नेपालको एउटा ऐतिहासिक र ठूलो उपत्यका भएका कारणले गर्दा शिक्षाको क्षेत्रमा पनि यहाँ अनेकौ सम्भावनाहरू रहेका छन्। जनसङ्ख्याको आकारगत हिसाबले विशाल हुनु मात्रै होईन कर्णाली प्रदेशको आधारभूमिका हिसाबले पनि दाङमा ठूलो आकारको प्राविधिक शिक्षालय सञ्चालन आवश्यक कुरा थियो। तर बिडम्बना अन्य विषय अध्यापन गराउने कलेज र शिक्षालयको संख्या उल्लेखनीय हुँदा पनि प्राविधिक शिक्षालय सञ्चालनका दृष्टिले हामी निकै पछाडि थियौँ। गरिब, विपन्न, दलित, जनजाति र सीमान्तकृतहरूको पहुँचमा प्राविधिक शिक्षा पुऱ्याउनका लागि तुलसीपुर बहुप्राविधिक शिक्षालयको स्थापना भएको हो। प्राविधिक शिक्षा निकै नै महङ्गो भएको अवस्थामा हामीले नेपालमै सबैभन्दा कम

शुल्कमा विद्यार्थीहरूलाई अध्यापन गराउने प्रयत्न गऱ्यौं । अहिले त्यसैको प्रतिफल सिटिइभिटीसँग आबद्ध भएका विभिन्न कलेजहरूले शिक्षण शुल्क विस्तारै घटाउँदै लगेका छन् । यो पनि हामीले खेलेको भूमिका हो भन्ने हामीलाई लागेको छ ।



मोटरसाइकल मर्मत सिक्दै प्रशिक्षार्थीहरू

## हरिपौरी नै किन ?

मलाई जहिले पनि प्राविधिक शिक्षालय किन गाउँमा खोल्नुभएको भन्ने खालको प्रश्न आइरहन्छ । स्थानीय सरकारले प्रयत्न गरेको भए अवश्य पनि बजारमा नै शिक्षालय सञ्चानलका लागि कुनै पनि जटिलता थिएन । तर समानुपातिक विकासका लागि शिक्षालय बजारभन्दा टाढा नै लैजानुपर्दछ भनेर हामीले बजार भन्दा टाढा राख्यो । आज हरिपौरी जुनरूपमा विकास भएको छ त्यसमा शिक्षालयको ठूलो भूमिका छ भन्ने हामीलाई लागेको छ ।

स्थानीय सरकारले शिक्षालय सञ्चालनको कुरा अगाडी बढाउँदा आफूहरूले जग्गा उपलब्ध गराउन सक्ने भनेर तत्कालीन वडा नम्बर १२ का वडाध्यक्ष सुर्यबहादुर डाँगी र पशुपति मावि विद्यालय व्यवस्थापन समितिका अध्यक्ष शम्भु रेग्मीले स्थानीय सरकारलाई पत्राचार गरेपछि हामीले यही ठाउँलाई नै रोजेका हौँ । विद्यालयको जग्गा अतिक्रमणमा परेको र त्यसलाई व्यवस्थापन गर्न कठिनाइ भइरहेको अवस्थामा स्थानीय सरकारको पहलकदमीमा जग्गा व्यवस्थापन गरी संघ र प्रदेश सरकारसँगको सहकार्यमा हामीले भौतिक संरचनाहरू निर्माण गरेर शिक्षालय सञ्चालन गरेका हौँ । स्थानीय सरकार सञ्चालन ऐन अनुसार विद्यालय तहको जग्गाको व्यवस्थापन र संरक्षणको काम स्थानीय सरकारको अधिकार क्षेत्रभित्र पर्ने भएकाले पनि हामीलाई जग्गा व्यवस्थापनमा सहजता भएको हो ।

स्थानीय सरकारले शिक्षालय नै सञ्चालन गर्ने कुरा यो ठाउँका लागि केही नौलो पनि थियो । केही व्यक्तिहरूले मेरो व्यक्तिगत कलेज भनेर विभिन्न निकायमा उजुरबाजुर गरेर केही दुःख पनि दिनुभयो । तर हामीले गरेको काम यो समाजका लागि थियो । यहाँका अभिभावक र विद्यार्थीका लागि थियो । समग्र तुलसीपुरका लागि थियो । सत्कर्ममा लाग्दा एकाध चुनौतिहरूलाई पार गर्दै जानुपर्दछ भन्ने सोचका कारण हामीले हरेक चुनौतिलाई अवचलित भएर सामना गर्दै अगाडि बढ्यौं । आज देशैभरका विद्यार्थीहरूले अध्ययन गर्ने मुख्य केन्द्रका रूपमा शिक्षालय स्थापित भएको छ । यसले मलाई सधै उत्साहित बनाउने गरेको छ ।



शिक्षालयमा प्राविधिक कार्यक्रम सञ्चालनसँगै हामीले बि.ए.एलएल.बी. कार्यक्रम समेत सञ्चालन गरिरहेका छौं । यस क्षेत्रमा कानुनका विद्यार्थीहरूका लागि स्नातक तहमा अध्यापन गराउने कलेजको अभाव थियो । पैसा हुनेहरू काठमाण्डौ या पोखरा जाने गर्दथे । तर यो सबैको पहुँचको कुरा थिएन । हामीले लुम्बिनी बौद्ध विश्वविद्यालयको ऐन संशोधन गरेर भएपनि स्थानीय सरकारसँगको साझेदारीमा कार्यक्रम सञ्चालन गर्‍यौं । विश्वविद्यालयमा रजिष्ट्रार डा. तिलक आचार्यले हामीलाई यसमा विशेष साथ पनि दिनुभयो । कुनै पनि कामलाई इमानदारितापूर्वक निरन्तर लागेर अगाडि बढाइयो भने सफल हुन सकिदो रहेछ भन्ने विश्वास ममा रहेको छ । स्थापनाको चौथो वर्षमा कलेजले लिएको आकारप्रति म सन्तुष्ट छुँ । हामीले जुन सोचले स्थापना गरेका थियौं सोही अनुसार नै यो अगाडि बढिरहेको छ । यसलाई निरन्तरता दिँदै भविष्यमा अन्तर्राष्ट्रियरूपमै शिक्षाको केन्द्र बनाउने हाम्रो लक्ष्य हो । करिब ५ हजार विद्यार्थीहरूले एकैपटक अध्ययन गर्न सक्ने गरी भविष्यमा कलेजले ठूलो आकार लिने मेरो विश्वास छ । यसलाई मेट्रो युनिभर्सिटीको रूपमा समेत अगाडि बढाउन सकिन्छ भन्ने मेरो सोच हो ।

हामीले यहाँका नगरबासीहरूलाई आफूले चाहेको समयमा चाहेको सीप सिक्न सक्ने गरी विभिन्न खालका तालिमहरू समेत निरन्तर रूपमा सञ्चालन गर्नुपर्दछ । युवाहरूलाई कसरी उद्यमशील बनाउन सकिन्छ भन्ने बारेमा स्थानीय सरकारले कलेजलाई उपयोग गर्नुपर्दछ । यसका साथै अहिले शिक्षालयले सञ्चालन गरिरहेको पढ्दै कमाउँदै कार्यक्रमलाई समेत प्रभावकारी रूपमा अगाडि बढाउनुपर्दछ भन्ने मलाई लागेको छ । कलेजको दीगोपनाका लागि सबैले पहलकदमी लिएर अक्षय कोषको व्यवस्था गर्नु अहिलेको प्रचुर आवश्यकता हो भन्ने मलाई लाग्छ ।

स्थानीय सरकारको काम भौतिक पूर्वाधारहरूको निर्माण मात्रै हो भन्ने खालको सोच सबैमा रहेको अवस्थामा हामीले कलेज पनि सञ्चालन गर्न सकिन्छ भन्ने आँट गरेर यसलाई मूर्तता दिएका छौं । यो नेपालभरका सबै स्थानीय तहका लागि सिकाईको केन्द्र समेत बनेको छ । सिटिइभिटी होस् या नेपालका विश्वविद्यालयहरू नै किन नहुन् कसैले पनि यस खालको परिकल्पना गरेका थिएनन् । हामीले आवश्यक कानुन संशोधन गरेर भएपनि साझेदारी मोडललाई स्थापित गरेका छौं । समाजवाद उन्मुख समाज निर्माणका साथै समाजवादी शिक्षाको मोडलको नमुना हामीले पेश गरेका छौं । दीर्घकालीन रूपमा तुलसीपुरलाई शिक्षाको हब बनाउनका लागि यस कलेजले महत्त्वपूर्ण भूमिका बहन गर्ने अपेक्षा लिएको छु ।

# हाम्रो उद्देश्य, गोरेटो र गन्तव्य

"शिक्षा विकासको ढोका हो भने प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम विकासको मूल ढोका हो" -यूनेस्को

**वसन्त आचार्य**
प्रमुख
तुलसीपुर मेट्रो कलेज



**पृष्ठभूमी :**
मुलुक संघीयताको मार्गमा अगाडी बढेसँगै स्थानीय निकायहरू तहका रूपमा रूपान्तरित भएर सरकारको भूमिकामा परिवर्तित भए। यो व्यवस्था परिवर्तनले केन्द्रको शक्ति स्थानीय जनताको घरदैलोसम्म विकेन्द्रित भयो। केन्द्रीकृत शासन प्रणालीको अन्त्य भएर जनताले घरदैलोमै सरकारको अनुभूति गरिरहेका छन् । संविधान सभामार्फत निर्माण भएको लोकतान्त्रिक गणतन्त्रात्मक संविधानले स्थानीय सरकारलाई अधिकारसम्पन्न सरकारकारूपमा रूपान्तरित गरेको छ । स्थानीय सरकारका अधिकारका क्षेत्रहरू हिजोको जस्तो सङ्कुचित नरहेर फराकिलो बनेका छन्। आफूले के गर्ने ? कुन कुरालाई प्राथमिकतामा राखेर काम गर्ने ? जनताका लागि कस्ता कार्यक्रम र योजना तर्जुमा गर्ने ? यावत कुराहरू स्थानीय सरकारको अधिकार क्षेत्रभित्र परेका छन्। यही कुरालाई हृदयङ्गम गरेर तुलसीपुर उपमहानगरपालिकाले शिक्षाको क्षेत्रमा नयाँ र आफ्नै सक्रियतामा नमुना काम गर्ने उद्देश्यका साथमा तुलसीपुर मेट्रो कलेजको स्थापना र सञ्चालन गरेको हो। स्थानीय सरकारले आफ्नै बलबुतामा शिक्षालय र कलेज सञ्चालन गर्न सकिन्छ भनेर स्थापना गरिएको यो दोस्रो कलेज हो। संघीयताको मर्म अनुसार स्थानीय सरकारकै पहलकदमीमा स्थापना गरिएको यो पहिलो शिक्षालय पनि हो।

शैक्षिक दृष्टिले उन्नत नगरको रूपमा रहेको यस पालिकालाई प्राविधिक शिक्षाको केन्द्रका रूपमा विकास गर्नका लागि तुलसीपुर उपमहानगरपालिकाले तुलसीपुर बहुप्राविधिक शिक्षालय/तुलसीपुर मेट्रो कलेजको स्थापना गरेको हो। यसको स्थापना २०७५ चैत्र २४ गते भई २०७६ माघ ८ गते तत्कालिन लुम्बिनी प्रदेशका मुख्यमन्त्री शंकर पोखरलले यसको समुद्घाटन गरेका हुन्। प्रारम्भमा डिप्लोमा तहको एउटा कार्यक्रम र २२ जना विद्यार्थीहरूबाट सञ्चालनमा आएको कलेजमा हाल विभिन्न तहका १० वटा कार्यक्रमहरू सञ्चालनमा रहेका छन्। यस कलेजलाई डिप्लोमा, प्रिडिप्लोमा र छोटो अवधिको तालिम सञ्चालन गर्नका लागि तुलसीपुर बहुप्राविधिक शिक्षालय नामाकरण गरिएको छ भने स्नातक तह र सो भन्दा माथिल्लो तहको कार्यक्रम सञ्चालनका लागि तुलसीपुर मेट्रो कलेज नामाकरण गरिएको छ।

**शिक्षालय परिचयः**
सीपयुक्त जनशक्ति नै देश विकासका आधार हुन् भन्ने मान्यतालाई मनन् गर्दै आधारभूत तथा मध्यमस्तरका दक्ष प्राविधिक जनशक्ति उत्पादन गर्नका लागि तुलसीपुर उपमहानगरपालिकाले यस शिक्षालयको स्थापना गरेको हो। स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा कानुनी व्यवस्था भए बमोजिम सबै खालका प्राविधिक शिक्षा प्रदान गर्नका लागि सिटिइभिटीको साझेदारीमा २०७५ सालदेखि शिक्षालय सञ्चालनमा आएको हो । नेपाल सरकारको "समृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय आकाङ्क्षालाई मूर्तरूप दिन स्थानीय सरकारले "सीपयुक्त जनता, समृद्ध पालिका" दूरदृष्टि राखि शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ। गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिममा सबै नागरिकको समावेशी एवं समतामूलक पहुँच पुऱ्याउन शिक्षालय क्रियाशिल छ । कार्यक्रमको विस्तार गर्दा भौगोलिक अवस्था,

जनसङ्ख्याको चाप, विकासको अवस्था र विशिष्ट सामाजिक एवं साँस्कृतिक अवस्थालाई मध्यनजर गर्दै उत्पादित जनशक्तिको रोजगारीको सुनिश्चितता हुने गरी शिक्षालयले आफ्ना कार्यक्रमहरूलाई कार्यस्थलको सिकाईसँग जोड्ने गरी सञ्चालन गर्न गराउन प्रयासरत छ। प्रशिक्षार्थीहरूलाई बढी भन्दा बढी प्रयोगात्मक अभ्यासमा संलग्न गराउने र अध्ययनको क्रममा उत्पादन भएका वस्तु तथा सेवालाई व्यवस्थित गर्दै आय आर्जन र दीगो विकासमा सहयोग पुर्‍याउने उद्देश्यले हरेक विद्यार्थीहरूलाई "पढ, सिक र कमाउ" को अवधारणा लागू गरी उत्पादन इकाई स्थापनामार्फत स्वरोजगार र उद्यमशिलता विकासमा जोड दिएको छ। स्थानीय सरकार र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी) को साझेदारीमा यस शिक्षालयमा विभिन्न प्राविधिक विषयहरू अध्यापन हुने गरेको छ।



ह्याङदोङ ग्लोबल यूनिभर्सिटी कोरियाका प्राध्यापक र विद्यार्थीहरूसँग

## कलेज परिचय :

प्राविधिक क्षेत्रमा स्नातक र सो भन्दा माथिल्लो तहको कार्यक्रम सञ्चालनका लागि तुलसीपुर उपमहानगरपालिका र लुम्बिनी बौद्ध विश्वविद्यालयको सहकार्यमा तुलसीपुर मेट्रो कलेजको सञ्चालन गरिएको हो। यस कलेजमा २०७६ सालदेखि बि.ए.एलएल.बी. कार्यक्रम सञ्चालन हुँदै आएको छ। कानुनी शिक्षाको आवश्यकता र सो अनुसारको जनशक्ति उत्पादनका लागि कलेजले कानुनी शिक्षाको कार्यक्रम सञ्चालनमा आएको हो। कलेजले चिनिया विश्वविद्यालयको सहकार्यमा थप अन्य कार्यक्रम सञ्चालनको तयारी गरिरहेको छ।

## उद्देश्य :

स्थानीय सरकारको पहलकदमीमा स्थापना भएको तुलसीपुर मेट्रो कलेज/ तुलसीपुर बहुप्राविधिक शिक्षालयले विभिन्न शैक्षिक संस्थाहरूको साझेदारीमा शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। सबै तहको शिक्षालाई प्रतिस्पर्धी,

सीपयुक्त जनशक्ति नै देश विकासका आधार हुन् भन्ने मान्यतालाई मनन् गर्दै आधारभूत तथा मध्यमस्तरका दक्ष प्राविधिक जनशक्ति उत्पादन गर्नका लागि तुलसीपुर उपमहानगरपालिको यस शिक्षालयको स्थापना गरेको हो।

प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी बनाई देशको आवश्यकता अनुरूपको मानव संशाधन विकास गर्ने मुख्य उद्देश्य यस शैक्षिक संस्थाको रहेको छ । यस क्षेत्रमा सञ्चालन नभएका, समयको माग अनुसारका प्राविधिक कार्यक्रमहरूको सञ्चालनमा विशेष ध्यानदिएको कलेजको उद्देश्य निम्नानुसार रहेको छ ।

**सीप विकास**: विद्यार्थीहरूलाई रोजगारी बजारमा माग भएका विशिष्ट ट्रेड वा पेशाहरूमा छोटो अवधिको तालिमका साथै शैक्षिक कार्यक्रमहरू सञ्चालन गरेर उनीहरूको सीप विकासमा टेवा पुर्‍याउने ।

**स्वरोजगार** : देशमा बढिरहेको बेरोजगारी समस्यालाई न्यूनीकरण गर्नका लागि सीपमूलक कार्यमा दक्षता प्रदान गरी स्वरोजगार बनाउने । यसका लागि स्थानीय आवश्यकतालाई प्राथमिकतामा राखेर तालिमहरू सञ्चालन गर्ने ।

**सबैको पहुँचमा प्राविधिक शिक्षा** : प्राविधिक शिक्षा नै मुलुक परिवर्तनको पहिलो आधार भएको हुँदा पैसा हुने या नहुने अथवा भौगोलिक रूपमा टाढा हुनेहरूलाई पनि सहजता हुनेगरी सबैको पहुँचमा प्राविधिक शिक्षा पुर्‍याउने ।

**दक्ष जनशक्ति विकास**: विभिन्न उद्योग र क्षेत्रहरूमा प्रभावकारी रूपमा योगदान गर्न सक्ने दक्ष कामदारहरू उत्पादन गरेर स्थानीय, क्षेत्रीय वा राष्ट्रिय जनशक्तिको आवश्यकतालाई सम्बोधन गर्ने ।

**सामुदायिक संलग्नता**: स्थानीय समुदाय, व्यवसाय र संगठनहरूसँग साझेदारी, इन्टर्नशिप कार्यक्रमहरू मार्फत संलग्न भई स्थानीय विद्यार्थी र समुदायलाई संलग्न गराउने ।

**प्राविधिक शिक्षाको केन्द्र** : प्राविधिक शिक्षालाई प्रभावकारी ढङ्गले अध्ययन अध्यापन गराउनका लागि ठूलो परिमाणमा लगानी गरी धेरै खालका प्राविधिक कार्यक्रमहरू सञ्चालन हुने गरी प्राविधिक शिक्षाको केन्द्रका रूपमा विकास गर्ने ।

**अध्ययन र अनुसन्धान** : प्राविधिक विषय विभिन्न अनुसन्धान र अन्वेषणसँग जोडिएको हुने भएकाले नयाँ नयाँ खोज, अध्ययन र अनुसन्धान गर्न चाहनेहरूका लागि केन्द्रका रूपमा विकास गर्ने ।

**उद्यमशिलताको विकास** : प्राज्ञिक ढङ्गका प्राविधिक कार्यक्रमहरू मात्रै सञ्चालन नगरेर साना साना सीपमुलक कार्यक्रममा सहभागिता जनाउन चाहनेहरूका लागि पनि विभिन्न खालका सीप प्रदान गरेर उद्यमशीलताको विकास गर्ने ।

**सांस्कृतिक र सामाजिक संवर्द्धन** : विद्यार्थीहरूलाई जिम्मेवार नागरिक र आजीवन शिक्षार्थी बन्न तयार गर्दै सांस्कृतिक विविधता, सामाजिक समावेशीकरण र व्यक्तिगत वृद्धिलाई बढावा दिने सहयोगी सिकाइ वातावरणलाई बढावा दिन।

**स्थानीय आवश्यकताको पूर्ति** : स्थानीयस्तरमा आवश्यक पर्ने खालका जनशक्तिहरू उत्पादन गर्नका लागि शिक्षालयले स्थानीय आवश्यकताको आधारमा विभिन्न तहका प्राविधिक कार्यक्रमहरू सञ्चालन गर्ने ।

**परम्परागत सीपको जगेर्ना** : परम्परागत सीप, क्षमता र योग्यताको पहिचान, संरक्षण, सम्वर्द्धन र विकास गर्नुका साथै औपचारिक तथा अनौपचारिक रूपमा सिकेका सीपलाई समेत समेटी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम बजारको माग अनुरूप उपयुक्त, सान्दर्भिक एवं गुणस्तरीय प्राविधिक शिक्षा तथा तालिम प्रदान गर्ने ।


विद्यार्थीहरूले पढ्दै कमाउँदै अन्तरगत गरेको फूल खेती

## मुख्य कार्यनीतिहरू

तुलसीपुर मेट्रो कलेज/तुलसीपुर बहुप्राविधिक शिक्षालयले लिएका विभिन्न खालका लक्ष्यहरू पूरा गर्नका लागि विभिन्न कार्यनीतिहरू निर्माण गरेका छौं । दक्ष, अनुभवी र प्रविधिमैत्री जनशक्तिका कारण उद्देश्य पूरा गर्नका लागि सञ्चालन गरिएको क्रियाकलापहरू निकै प्रभावकारी भइरहेका छन् ।

- शिक्षालयमा सञ्चालनमा रहेका प्राविधिक तथा व्यावसायिक कार्यक्रम र तालिमको प्रभावकारी योजना, कार्यक्रम र व्यवस्थापनको निम्ति प्राविधिक शिक्षा तथा व्यावसायिक नीति निर्धारण गर्ने ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको गुणस्तर, प्रभावकारिता र पहुँच बढाउनको निम्ति सरोकारवालाहरूसँग समन्वय गर्ने ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको क्षेत्रमा सक्षम जनशक्ति तयार गर्ने । रोजगारीदरलाई तालिम कार्यक्रमका सफलता मापनको मुख्य आधार बनाई परिणाममुखी योजनाहरू कार्यान्वयन गर्ने ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा समाजका सबै वर्गको पहुँच बढाउनका लागि विभिन्न छात्रवृत्तिहरूका व्यवस्था गर्ने
- प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा व्यापार तथा उद्योग क्षेत्रको सहभागिता बढाउन प्रोत्साहन गर्ने । आयआर्जन गर्ने खालका क्रियाकलापको माध्यमबाट आत्मनिर्भर हुनको निम्ति संस्थागत क्षमता बढाउने ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा पहुँच बढाउन र रोजगारको क्षेत्र विस्तारको लागि परामर्श र रोजगार (Counseling and Placement) सेवाहरूद्वारा सहजीकरण गर्ने ।
- विद्यार्थीहरूलाई सिकेको सीपलाई व्यवहारीक ढङ्गले प्रयोग गर्ने वातावरणको निर्माण गर्नकालागि विभिन्न परियोजना कार्यहरू सञ्चालन गर्ने ।
- विद्यार्थीहरूलाई पढ्दै कमाउँदै सिक्दै अभियान सञ्चालन गरि उनीहरूले अध्ययन गर्दै गरेको कार्यक्रम सुहाउँदा कार्यहरू व्यावसायिक रूपमा गराउने ।

## तुलसीपुर मेट्रो कलेज/ तुलसीपुर बहुप्राविधिक शिक्षालयमा सञ्चालनमा रहेका कार्यक्रमहरू

| क्र.सं. | कार्यक्रम | तह | साझेदारी | कोटा |
|---|---|---|---|---|
| १ | वन विज्ञान | डिप्लोमा | सिटिइभिटी | ४० |
| २ | बाली विज्ञान | डिप्लोमा | सिटिइभिटी | ४० |
| ३ | फुड एण्ड डेरी टेक्नोलोजी | डिप्लोमा | सिटिइभिटी | ४० |
| ४ | मेकानिकल इन्जिनियरिङ्ग | डिप्लोमा | सिटिइभिटी | ४० |
| ५ | इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स इन्जिनियरिङ्ग | डिप्लोमा | सिटिइभिटी | ४० |
| ६ | फार्मेसी | डिप्लोमा | सिटिइभिटी | ४० |
| ७ | सूचना प्रविधि | प्रि डिप्लोमा | सिटिइभिटी | ३० |
| ८ | मेकानिकल इन्जिनियरिङ्ग | प्रिडिप्लोमा | सिटिइभिटी | २० |
| ९ | इलेक्ट्रिकल इन्जिनियरिङ्ग | प्रिडिप्लोमा | सिटिइभिटी | २० |
| १० | विल्डिङ्ग इलेक्ट्रिसियन, मोबाइल रिपेयरिङ्ग, बेमौसमी तरकारी खेती, बेकरी, मोटरसाईकल मर्मत आदि | छोटो अवधिको तालिम | सिटिइभिटी | २० |
| ११ | बि.ए.एलएल.बी. | स्नातक तह | लुम्बिनी बौद्ध विश्वविद्यालय | ७० |



ह्याङदोङ ग्लोबल यूनिभर्सिटी कोरियाका इलेक्ट्रिकल प्राध्यापकसँग विद्यार्थी

**छात्रवृत्ति**

तुलसीपुर उपमहानगरपालिकाले सञ्चालन गरेको यस कलेजमा विद्यार्थीहरूलाई अत्यन्त न्युन शुल्कमा अध्यापन गराइन्छ। त्यसका साथै स्थानीय सरकारले यहाँका विद्यार्थीहरूलाई प्राविधिक शिक्षातर्फ उन्मुख गराउनका लागि विभिन्न खालका छात्रवृत्तिका कार्यक्रमहरू पनि सञ्चालन गरिरहेको छ। यस्ता छात्रवृत्तिका कार्यक्रमहरूले विद्यार्थीहरूलाई प्राविधिक शिक्षा अध्ययनका लागि उत्प्रेरित गरिरहेको छ । हाल कलेजमा निम्नानुसारका छात्रवृत्तिका कार्यक्रमहरू सञ्चालन भइरहेका छन् ।

१. **जेहेन्दार र बर्गिकृत छात्रवृत्ति** : यस अन्तगर्त कलेजले सिटिइभिटी र लुम्बिनी बौद्ध विश्वविद्यालयले तोके वमोजिम प्रवेश परीक्षामा उत्कृष्ट अङ्क ल्याउने विद्यार्थीहरूलाई जम्मा विद्यार्थीको १० प्रतिशतका दरले पूर्ण छात्रवृत्ति प्रदान गर्ने गर्दछ।

२. **सामुदायिक विद्यालय छात्रा छात्रवृत्ति** : यस छात्रवृत्ति कार्यक्रम अन्तर्गत तुलसीपुर उपमहानगरपालिका भित्रका सामुदायिक विद्यालयबाट एसइइ उत्तीर्ण गरेका र यसै ठाउँका बासिन्दा रहेका छात्राहरूलाई पूर्ण छात्रवृत्ति प्रदान गरिन्छ। यसमा सबै छात्राहरूलाई छात्रवृत्ति प्रदान गर्ने गरिएको छ।

३. **वडा कार्यालय छात्रवृत्ति** : यस छात्रवृत्ति अन्तर्गत वडा कार्यालयहरूले आफ्नो वडाका गरिब,जेहेन्दार विद्यार्थीहरूलाई वडा सरकार मार्फत छात्रवृत्ति प्रदान गरिने गरिएको छ।

४. **संस्थागत/व्यक्तिगत छात्रवृत्ति**: विपन्न वर्गका बालबालिकाहरूलाई प्राविधिक शिक्षाको पहुँचमा पुऱ्याउनका लागि विभिन्न संघसंस्था या व्यक्तिगत तवरबाट पनि विद्यार्थीहरूले छात्रवृत्ति प्राप्त गरेर अध्ययन गरिरहेका छन् । यस्तो छात्रवृत्तिका लागि विद्यार्थी या अभिभावकले व्यक्तिगत पहल गर्नुका साथै कलेजले पनि विभिन्न निकाय र व्यक्तिसँग पहल गरेर यसप्रकारको छात्रवृत्ति विद्यार्थीलाई उपलब्ध गराउने गरेको छ।

## स्थानीय सरकारको मेरूदण्ड

स्थानीय सरकारले पनि शिक्षालय र कलेज सञ्चालन गर्न सक्छ भन्ने खालको सन्देश यस कलेज र शिक्षालयले प्रवाह गरेका छन् । स्थानीय सरकारका अधिकार क्षेत्रभित्रका कामहरूमा स्थानीय सरकारलाई सघाउने गरी उत्पादित जनशक्तिहरूलाई व्यवस्थित गर्न सकियो भने यसले स्थानीय सरकालाई थप प्रभावकारी बनाउन सक्दछ । स्थानीय सरकारको मेरूदण्डका रूपमा शिक्षालयलाई यसरी उपयोग गर्न सकिन्छ ।

१. शिक्षालयबाट उत्पादित प्राविधिक जनशक्तिहरूलाई पालिकाका विभिन्न कामहरूमा लगाउन सकिन्छ । जस्तैः बजारमा स्वच्छता कायम गर्ने स्थानीय सरकारको अधिकार क्षेत्र हो तर खाद्य सम्बन्धि जानकार व्यक्तिहरू पालिकामा रहेका छैनन् शिक्षालयमा फुड एण्ड डेरी अध्ययनरत विद्यार्थीहरूले बजारमा खाद्य स्वच्छताको लागि सहयोग गर्न सक्छन् ।
२. कलेजमा बि.ए.एलएल.बी. अध्ययनरत विद्यार्थीहरूलाई कानुनी मामिला शाखामा प्रयोग गरेर सेवाग्राहीलाई सहजता प्रदान गर्न सकिन्छ । यसका साथै कानुनका बारेमा आम जनतालाई प्रशिक्षण गराउनका लागि पनि प्रयोग गर्न सकिन्छ ।
३. सडक बत्ति मर्मत पालिकाका लागि निकै बोझलाग्दो कुरा बन्दै गएको छ तर इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स अध्ययनरत विद्यार्थीहरूलाई सडक बत्ती व्यवस्थापनका लागि प्रयोग गर्न सकियो भने त्यसले विद्यार्थीहरूलाई प्रयोगात्मक ज्ञान हुनुका साथै सडक बत्तीको अवस्था पनि सुधार हुन सक्छ ।
४. वन विज्ञान अध्ययनरत विद्यार्थीहरूलाई सामुदायिक वनहरूको व्यवस्थापन, योजना निर्माण, हरित रोजगारी सृजना लगायतको काममा लगाउनुका साथै कृषि विज्ञान अध्ययनरत विद्यार्थीहरूलाई किसानहरूको बालीनाली सुधारमा प्रयोग गर्न सकिन्छ ।
५. पालिकाहरू आफैले कर्मचारी भर्ना गर्न नपाउने तर परदेशले आवश्यक परेको समयमा कर्मचारी भर्ना गर्न नसक्ने अवस्था हुँदा अहिले केयौं पालिकाहरूमा प्राविधिक कर्मचारीहरूको आवश्यकता टड्कारो रूपमा खड्किएको छ । यस्तो आवश्यकतालाई पूरा गर्नका लागि प्राविधिक शिक्षालयमा उत्पादन भएका जनशक्तिहरू उपयोग हुन सक्छन् । एकातिर प्राविधिक जनशक्ति प्राप्त गर्न सकिने अर्कातिर सामान्य खाजा खर्च उपलब्ध गराएर सामान्य लगानीका विद्यार्थीहरूलाई परिचालन गर्न सकिन्छ ।

## हाम्रो गन्तव्य :

तुलसीपुरलाई सबैखाले प्राविधिक शिक्षाको केन्द्रका रूपमा विकास गर्ने र गुणस्तरीय र सर्वसुलभ प्राविधिक शिक्षाकालागि तुलसीपुर मै जाऊ भन्ने खालको सन्देश देशभित्र मात्र नभएर देश बाहिर पनि सञ्चार गर्ने हाम्रो अहिलेको मुख्य लक्ष्य हो । अभिरूचि हुँदाहुँदै कुनै पनि कारणले कसैले पनि प्राविधिक शिक्षा अध्ययन गर्ने अवसरबाट वञ्चित हुन नपरोस् भन्नका लागि स्थानीय, प्रदेश र संघ सरकारसँगको समन्वयमा शिक्षालयलाई साधन सम्पन्न बनाउँदै लैजाने हाम्रो मुख्य ध्येय हो । आजको युगमा विद्यार्थीलाई सीप मात्र सिकाएर हुँदैन त्यसलाई कसरी कार्यान्वयन गर्दै लैजाने भन्ने कुरा पनि महत्वपूर्ण हुन जान्छ । यसकारण विद्यार्थीहरूलाई सीपसँगै त्यसको उपयोगका लागि अवसर सृजना गरिदिनुपनि अत्यावश्यक छ । सीप अनुसारको काम गर्न खोज्नेलाई अवसरका साथै स्वयम् उद्यमशील बन्न खोज्नेलाई आवश्यक ऋण सहयोग उपलब्ध गराउनका लागि पनि आवश्यक छ ।

आजको युगमा विद्यार्थीलाई सीप मात्र सिकाएर हुँदैन त्यसलाई कसरी कार्यान्वयन गर्दै लैजाने भन्ने कुरा पनि महत्त्वपूर्ण हुन जान्छ । यसकारण विद्यार्थीहरूलाई सीपसँगै त्यसको उपयोगका लागि अवसर सृजना गरिदिनुपनि अत्यावश्यक छ ।

प्राविधिक शिक्षामा आज हामीले गरिरहेको कामले भोलिका लागि अवश्य पनि केही सपनाहरू बोकेको छ। हामीले हाम्रा कार्यक्रमहरूलाई आउँदा दिनहरूमा निम्नानुसार अगाडि बढाउँदै लैजाने छौँ।

१) विद्यार्थीहरूको रूचिको आधारमा सबैलाई प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासको अवसर प्रदान गर्न संस्थागत संयन्त्रको विस्तार गरिनेछ। यसका लागि स्थानीय विकासका निम्ति आवश्यक पर्ने विधाका जनशक्ति उत्पादन हुने गरी नयाँ नयाँ कार्यक्रमहरू सञ्चालन र नयाँ विधाका सीप विकासमा केन्द्रित गरिनेछ।

२) सञ्चालित कार्यक्रमहरू मध्येबाट कम्तिमा एउटा प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासका विषयगत प्रयोगशाला सहितको अनुसन्धानशाला स्थापना गरिनेछ।

३) प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासबाट प्रशिक्षित महिला, युवा, अल्पसङ्ख्यक, लोपोन्मुख, पिछडिएका समुदाय, जनजातिहरूलाई निश्चित मापदण्डका आधारमा अध्ययन, अनुसन्धानका अवसर सिर्जना गर्नुका साथै वृत्ति विकास कार्यक्रमलाई प्राथमिकताका साथ प्रोत्साहित गरिनेछ।

४) प्राविधिक तथा व्यावसायिक शिक्षा अध्ययन गर्ने विद्यार्थीहरूका लागि न्युनतम शुल्कका साथै निःशुल्क अवसर प्रदान गरिनेछ।

५) विद्यार्थीले अध्ययन गरेको प्राविधिक कार्यक्रम अनुसारको सीपमा आधारित उद्यम सञ्चालनका लागि सहुलियत ब्याजदरमा ऋण उपलव्ध गराउन गरी कोषको व्यवस्था मिलाइनेछ।

६) निजी क्षेत्रका रोजगारदाता संघ संस्थाहरूको साझेदारीमा औद्योगिक सीप विकास (Apprenticeship) कार्यक्रम, इन्टर्नसीप र अन् द जब ट्रेनिङ्ग सञ्चालन गरिनेछ।

७) श्रम बजारको अध्ययन तथा अनुसन्धान गरी बजारको माग अनुसार नयाँ सीप, प्रविधि विकास गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

८) प्राविधिक सीप सिकेर आत्मनिर्भर बन्न चाहनेहरूका लागि सबै खालका सीपहरू चाहेको समयमा निशुल्क सिकाउने व्यवस्था गरिनेछ।

९) प्राविधिक तहका कार्यक्रमहरू छोटो अवधिको तालिमदेखि स्नातकोत्तर तहसम्मका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१०) प्राविधिक कार्यक्रममा अध्ययनरत विद्यार्थीहरूलाई उत्प्रेरित गर्नका लागि सञ्चालित प्राविधिक कार्यक्रम अनुसारको उद्यम सञ्चालन गरिनेछ।

११) प्राविधिक शिक्षाका गतिविधिलाई प्रयोगात्मक, व्यावहारिक र समयानुकूल बनाउन उद्योग, व्यापार, संघ, संस्था लगायतका कार्यस्थल र समुदायसँग सहकार्य र लागत साझेदारीका कार्यक्रम सञ्चालनको प्रबन्ध गरिनेछ।

१२) विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विश्वविद्यालय र संस्थाहरूसँगको समन्वयमा प्राविधिक शिक्षाका कार्यक्रमहरूलाई प्रभावकारीरूपमा सञ्चालन गरिनेछ।

१३) अनुसन्धान, नवप्रवर्तन र उद्यमशीलता विकास जस्ता कार्यक्रमहरूको सञ्चालनमा ध्यान दिई उत्पादित जनशक्तिलाई स्वरोजगार र उद्यमशील बनाउन प्रयत्न गरिनेछ।

तुलसीपुरको गौरबका रूपमा सञ्चालनमा आएको कलेजले स्थापनाका छोटो समयमै उल्लेखनीयरूपमा अभिभावक, विद्यार्थी र सर्वसाधारणको साथ र सहयोग प्राप्त गरेको छ। सबैको साथ, सहयोग र सहकार्यले कलेजलाई प्राविधिक विश्वविद्यालयका रूपमा अगाडि बढाउने अहिलेको आवश्यकता पनि हो।

# कानुनी साक्षरतामा तुलसीपुर मेट्रो कलेजको भूमिका

कानून शिक्षाले कानुनी सिद्धान्तहरू, विधानहरू, नियमहरू र कानुनी परिदृश्यलाई आकार दिने नजिर कानूनहरूको व्यापक अध्ययनलाई समेट्छ।



**विजय पोखेल**
कार्यक्रम संयोजक
बि.ए..एलएल. बी. कार्यक्रम

कानुन विश्वको अत्यन्त गतिशील विषयहरूमा एक हो। नेपाल जस्तो लोकतान्त्रिक देशमा कानुनको शासन सञ्चालन गर्नका लागि कानुनी शिक्षा समाजको हृदय र आत्मा हो। विधिको शासनले भन्छ, "कानुन तपाइँ भन्दा माथि छ"। शिक्षाको व्यापक प्रभाव छ। शिक्षा विकासको लागि खडा छ र मानिसलाई सिद्ध बनाउँछ। कानुनी शिक्षाले सामाजिक, आर्थिक न्याय ल्याउन र स्थापना गर्न मद्दत गर्दछ। परिवर्तन प्रकृतिको नियम हो र कानुन सामाजिक परिवर्तनको नियामक हो। विधिको शासन र दीगो लोकतान्त्रिक व्यवस्थाको विकासका लागि यो अनिवार्य छ।

नेपालको संविधानमा 'कानुनको शासनमा आधारित भन्ने अवधारणालाई महत्त्वपूर्ण र सर्वोपरी महत्त्वका रूपमा जोडिएको छा संविधानमा भएका व्यवस्थाहरूले कानुनी राज्यको जग खडा गर्दछ जसमा विधिको शासनको महत्त्वलाई प्रकाश पारिएको छ। यी संवैधानिक व्यवस्थाहरूले देशको प्रणाली, न्याय प्रणाली, कानुनको निर्माण, साथै नागरिक अधिकार र जिम्मेवारीहरूको बारेमा ज्ञान समावेश गर्ने कानुनीराज्यको लागि आधार तयार पार्छाफलस्वरूप, नागरिकहरूले देशको कानुनी प्रणालीको अन्तरदृष्टि प्राप्त गर्दछन्, न्याय प्रणाली, कानुनको निर्माण र प्रक्रियाहरू बुझ्दछन्। कानुनी शिक्षणले, सरकारी प्रक्रियाहरूको बारेमा सचेतना बढाउँछ र सुनिश्चित गर्दछ कि नागरिकहरू आफ्ना अधिकार र कर्तव्यहरूप्रति सतर्क छन्। यसबाहेक, कानुनी शिक्षाले सरकारको क्षमता र प्रभावको लागि एक सूचकको रूपमा पनि काम गर्दछ।

फौजदारी न्यायको मान्य सिद्धान्त "कानुनको अज्ञानता क्षम्य हुने छैन" भन्ने छ। जसको अर्थ हरेक नागरिकले आफ्नो देशको कानुन जानेकै हुन पर्छ भनेर अनुमान गरिन्छ। यसरी देशको कानुनको बारेमा अवगत हुनुपर्ने सिद्धान्त हुँदा हुँदै पनि नेपाली जनता धेरैलाई देशको सामान्यदेखि सामान्य कानुनको बारेमा अवगत नभएको अवस्था छ। एक नागरिकलाई आफ्नो नागरिक क्षमताको उपभोगमा प्रभावकारी हुन कानुनका कम्तीमा केही पक्षहरूको आधारभूत ज्ञान चाहिन्छ। तुलसीपुर मेट्रो कलेजले बिगत ३ वर्ष यता विभिन्न कानुनी साक्षरता कार्यक्रम सञ्चालन गरी आएको छ।"कानुनी शिक्षा सबैका लागि" भन्ने नाराका साथ हालसालै पनि तुलसीपुर मेट्रो कलेजका विद्यार्थीहरूले कानुनका केही पक्ष जस्तै साईबर अपराध, बाल अधिकार, यौन हिंसा लगायतका विषयमा दाङ जिल्लाका १५ भन्दा बढी विद्यालयका कक्षा ९ र १० का विद्यार्थीहरूलाई साक्षारता प्रदान गरेका छन्। यसले कानुनको अज्ञानतालाई केही हदसम्म कम गरेको देखिन्छ।

तुलसीपुर मेट्रो कलेजले कानुन संकायमा बि.ए.एलएल.बि. अध्ययन अध्यापन गर्दै आएको छ। तुलसीपुर मेट्रो कलेजले विद्यार्थीहरूलाई सैद्धान्तिक शिक्षाका साथसाथै व्यावहारिक शिक्षा पनि प्रदान गर्दै आएको छ। कानुनी क्षेत्रका न्यायधिश, रजिष्ट्रार, वरिष्ठ अधिवक्ता, लगायतका व्यक्तिहरू सित छलफल र प्रेरणा प्रदान गर्दै आएको छ। जसमध्ये पुस २० गते तुलसीपुर मेट्रो कलेजका कानुनका विद्यार्थीहरूसँग प्रतिनिधिसभा सदस्य एवम पूर्व शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री शिशिर खनालसँगको अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको थियो। खनालले विद्यार्थीहरूलाई कानुन निर्माण प्रकृया तथा कानुन निर्माणमा आफ्नो अनुभव पनि बताउनु भएको थियो।

त्यस्तै २०८० पौष ०१ गते, तुलसीपुर मेट्रो कलेजले एक अत्यन्त महत्त्वपूर्ण अन्तरक्रिया कार्यक्रम आयोजित गरेको थियो जसमा देशको सम्माननीय पूर्व प्रधानन्यायाधीश सुशिला कार्की र पत्रकार तथा लेखक हरिबहादुर थापासँग अन्तरक्रिया कार्यक्रममा न्यायपालिका र स्थानीय सरकारको विभिन्न महत्त्वपूर्ण पक्षहरूमा प्रकाश पारिएको थियो । यसले न्यायपालिकाको स्वतन्त्रता, यसका आधारभूत सिद्धान्त, र नेपालको संविधानमा गरिएको मौलिक अधिकारहरूको समृद्धि र प्राप्तिमा बदलाब तथा चुनौतीहरू बारेमा छलफल गरिएको थियो । प्रधानन्यायाधीशले न्यायिक प्रक्रियालाई प्रभावकारी बनाउन र सुव्यवस्थित गर्नका लागि रणनीति र संयन्त्रका बारेमा पनि चर्चा गर्नु भएको थियो, जबकी हरिबहादुर थापाले मिडियाको भूमिका र मिडियाले न्यायपालिका र सरकार सम्बन्धि विषय र मिडियाको नियन्त्रण र सन्तुलनमा खेल्ने महत्त्वपूर्ण भूमिका बताउनु भएको थियो ।


उच्च अदालत तुलसीपुरका मुख्य न्यायाधीश डा.रत्नबहादुर बागचनसँग

कानुन शिक्षाको एउटा आधारशिला नैतिक मूल्य र नैतिक सिद्धान्तहरूमा जोड दिनु हो । कानुनी पेशाकर्मीहरूलाई न्यायको सुरक्षा र कानुनको शासन कायम राख्ने जिम्मा दिइएको छ । कठोर प्रशिक्षण र शिक्षाको माध्यमबाट, महत्त्वाकाङ्क्षी वकिलहरूले निष्ठा, इमानदारी र वस्तुनिष्ठताको महत्त्व सिक्छन् । यी मूल्यहरूले उनीहरूको व्यावसायिक आचरणलाई मात्र निर्देशित गर्दैन तर विभिन्न सामाजिक सन्दर्भहरूमा उनीहरूको अन्तरक्रियालाई प्रभाव पार्छ, विश्वास र जवाफदेहिताको सँस्कृतिलाई बढावा दिन्छ । लैङ्गिक हिंसा बिरुद्धको १६ दिवसिय अभियानमा महिला हिंसा रोक्न, लैङ्गिक समानता बनाई राख्नको लागि तुलसीपुर मेट्रो कलेजका विद्यार्थीहरूले समाजमा भैरहेको खराब गतिविधी रोक्न तथा विभिन्न खाले कानुनी शिक्षा प्रदान गर्नको लागि सडक नाटक तथा प्रभातफेरी आयोजना गरेका थिए जसले सर्वसाधारणहरूमा लैंगिक हिंसाको बारेमा ज्ञान प्रदान गर्न मद्दत गरेको छ ।


विद्यार्थीसँगको अन्तरक्रिया कार्यक्रममा सांसद शिशिर खनाल

कानुन शिक्षाले कानुनी सिद्धान्तहरू, विधानहरू, नियमहरू, र कानुनी परिदृश्यलाई आकार दिने नजिर कानुनहरूको व्यापक अध्ययनलाई समेट्छ । यसले विद्यार्थीहरूलाई जटिल कानुनी परिदृश्यहरू विश्लेषण गर्न, प्रेरक रूपमा तर्क गर्न, र सूचित निर्णयहरू गर्न उपकरणहरू प्रदान गर्दछ । कानुन शिक्षा वकिल र न्यायाधीशहरूमा सीमित छैन; यो लोकतान्त्रिक समाजको उचित कार्यका लागि आवश्यक विधायकहरू, नीति निर्माताहरू र यहाँसम्म कि सचेत नागरिकहरूसम्म फैलिएको छ र यसलाई देशको हरेक नागरिक सम्ममा पुर्‍याउने अठोट तुलसीपुर मेट्रो कलेजले लिएको छ ।

# प्रविधिको युगमा इलेक्ट्रिकल शिक्षाको महत्त्व

> इलेक्ट्रिकल र इलेक्ट्रोनिक्स सम्बन्धि जनशक्तिको बढ्दो मागलाई मध्यनजर गरेर तुलसीपुर बहुप्राविधिक शिक्षालयले डिप्लोमा ईन इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स इन्जिनियरिङ कार्यक्रम सञ्चालन गरेको छ।

**प्रेम बहादुर गुरुङ**
इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स
प्रशिक्षक



### परिचयः

तपाईको काम नै पहिचान हो। तपाईसँग काम छ, भन्नुको मतलब तपाईसँग सीप छ। प्रविधिबाट सीप जन्मन्छ र सीपबाट रोजगार। सीप विकास र सिकाईलाई बहु-आयामिक लयमा अघि बढाउन तुलसीपुर प्राविधिक शिक्षालयको स्थापना भएको हो। यस शिक्षालय तुलसीपुर उपमहानगरपालिका र सिटिईभिटीको साझेदारीमा सञ्चालित छ। तुलसीपुर नगरलाई प्राविधिक शिक्षाको मुख्य केन्द्र बनाउने यस शिक्षालयको मुख्य ध्येय हो, भने शिक्षामा व्यावसायिकता र व्यावहारिकता मुख्य आयाम हुन्। यस शिक्षालयले विभिन्न प्राविधिक धारका संकायबाट देशका विभिन्न क्षेत्रमा आवश्यक मध्यमस्तरको जनशक्ति उत्पादन गरिरहेको छ।

### प्राविधिक शिक्षा भन्नाले के बुझ्ने ?

कुनै पनि पदार्थको गुण पहिचान गरी प्रयोगात्मक प्रयोजनबाट जीवनस्तर सरल बनाउने विधिलाई प्रविधि भनिछ। विभिन्न प्रविधिको वैज्ञानिक प्रयोगात्मक अभ्यासबाट व्यावहारिक र व्यावसायिक शिक्षा दिने पद्धतिलाई प्राविधिक शिक्षा भनिन्छ। तथ्य र सीप बिच अन्तरसम्बन्ध रहने गर्छ। सैद्धान्तिक तथ्यलाई प्रयोगात्मक अभ्यासबाट वास्तविकतामा उतारेर अनुभुत गरिन्छ। जसबाट निश्चित् संयन्त्र प्रणाली सम्बन्धि सीप विकास हुने गर्छ। निश्चित प्रविधि सम्बन्धि सीप दिने ध्येय शिक्षालयले विभिन्न संकायद्वारा प्राविधिक शिक्षालाई निश्चित् परिधिभित्र राख्ने गर्छ। जस्तैः तुलसीपुर वहुप्राविधिक शिक्षालयका प्राविधिक धारका संकायहरू; मेकानिकल इन्जिनियरिङ, इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स इन्जिनियरिङ, फुड एण्ड डेरी टेक्नोलोजी, फरेस्ट्री, एग्रीकल्चर र फार्मेसी। प्रत्येक संकायले आफ्नो परिधि भित्र रहेर आफ्नो पाठ्यक्रम अनुसार व्यावसायिक र व्यावहारिक शिक्षा दिने गर्छन्। उदाहरणको लागिः इलेक्ट्रिकल एण्ड एलेक्ट्रोनिक्स इन्जिनियरिङमा मोटर सम्बन्धि सैद्धान्तिक कार्यविधि सिकाईन्छ र प्रयोगात्मक अभ्यासबाट कसरी काम गर्छ देखाईन्छ। प्रत्येक अङ्गको कार्यविधि सिकाई पछि बिग्रेको मोटर चेक गराई समस्या पत्ता लगाउन र समस्याको समाधान गर्न सिकाईन्छ। समस्या पत्ता लगाउन र समाधान गर्ने सिपको विकास भएपछि यसलाई कसरी व्यावहारिक र व्यावसायिक बनाउने भन्ने कुरा सिकाईन्छ।

### इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स इन्जिनियरिङ

इलेक्ट्रिकल भन्नाले विद्युत् उत्पादन, बिस्तार, वितरण, खपत लगायत प्रोग्रामिङ वा विद्युत् जडान र विद्युतीय यन्त्र सबन्धी अध्ययन गर्ने विधालाई बुझ्नु पर्छ। इलेक्ट्रोनिक्स भन्नाले विद्युतीय यन्त्र जसमा सफ्टवेर प्रयोग गरिन्छ। जस्तैः मोवाईल, जसमा व्याट्री श्वास हो, भने सफ्टवेर प्राण हो। इलेक्ट्रिकल र इलेक्ट्रोनिक्स बिच अन्तरसम्बन्ध रहने भएकोले दुबैलाई प्रायः एउटै पेजमा राखिन्छ। इलेक्ट्रिकल प्रणालीलाई स्वचालित बनाउन मुख्य भूमिका नै इलेक्ट्रोनिक्सको हुने गर्छ। जस्तैः मोटरलाई स्वचालित ढङ्गले चलाउनको लागि सेन्सर, माइक्रोप्रोसेसर र रेले प्रयोग गरिन्छ। र, प्रोजेक्टको डिजाईन, कास्टिङ, इस्टिमेसन र मूल्याङ्कन गर्ने विधिलाई इन्जिनियरिङ भनिन्छ। यहाँ, इन्जिनियरिङ भन्नाले दक्ष सहायक इन्जिनियर



उत्पादन गर्ने संकायलाई बुझिन्छ। इलेक्ट्रिकल र इलेक्ट्रोनिक्स सम्बन्धि जनशक्तिको बढ्दो मागलाई मध्यनजरमा राखी यस शिक्षालयले डिप्लोमा ईन इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स इन्जिनियरिङ कार्यक्रम सञ्चालन गरेको छ। जुन ३ बर्षे/६ सेमेष्टर प्रणालीमा आधारित छ। जसको मुख्य ध्येय इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स सहायक इन्जिनियर उत्पादन गर्ने हो।

**इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स इन्जिनियरिङको महत्त्व :**

विद्युत् र विद्युतीय यन्त्र मानव जीवनका लागि आधारभूत आवश्यक जस्तै हुन् । जसबाट पर रहेर जीवनको कल्पना गर्न चाहदैन मनुष्य । विद्युत र विद्युतिय सामाग्रीको प्रयोग दिनहु बढ्दो क्रममा देखिन्छ। बि.स. २०७८ को तथ्याङ्क अनुसार ९२.२% नेपालीले विद्युत उपभोग गरिरहेका छन्। बिस्तारै पेट्रोलियम पदार्थको उत्पादन कम हुँदै जादा- विद्युतीय शक्तितिर आकर्षण बढेको देखिन्छ। हावा, पानी तापक्रम, सूर्यको शक्ति इत्यादिबाट विद्युत उत्पादन हुने भएकोले-यसप्रति आकर्षण बढ्दो छ। जसबाट प्रष्ट हुन्छ- इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स इन्जिनियरिङको माग आगामी भविष्यमा झन् बढ्ने छ।

३ बर्षे डिप्लोमा इन इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स पाठ्यक्रम सैद्धान्तिक, सीपमूलक, व्यावहारिक र व्यावसायिक तवरले बनाईएको छ। जसबाट सरकारी, नीजि र व्यक्तिगत क्षेत्रमा काम गर्ने मध्यस्तरका दक्ष जनशक्ति उत्पादन हुन्छन् । सरकारी तहमा सबैभन्दा बढी विद्युत् उत्पादन, विस्तार र वितरणमा गर्ने आवश्यक जनशक्ति नेपाल विद्युत प्राधिकरण खपत गर्छ । नेपाल टेलिकम, एनसेल, रेडियो जस्ता सञ्चारका माध्यमहरू इलेक्ट्रोनिक्स इन्जिनियरको खाँचो हुने गर्छ। निजि क्षेत्रका हाईड्रोपावर, ठूला-साना उद्योग इत्यादि सञ्चालन गर्न सहायक इलेक्ट्रिकल इन्जिनियर आवश्यक पर्दछ । इलेक्ट्रोनिक्स सामग्री



विद्युत वायरिङ सम्बन्धि अभ्यास गर्दै विद्यार्थीहरू

उत्पादन र सञ्चालनमा इलेक्ट्रोनिक्स दक्ष जनशक्तिको आवश्यक हुने भएकोले इलेक्ट्रोनिक्स कम्पनीहरूले आवश्यकता अनुसार खपत गर्छन् । सीपमूलक, व्यावसायिक र व्यावहारिक शिक्षा आर्जनबाट व्यक्तिगत तवरमा गरिने व्यवसायमा पनि राम्रो सम्भावना छ । जस्तैः व्यक्तिगत तवरमा गर्न सकिने व्यवसायः मोटरको रिपेयर एण्ड मेन्टेनेन्स, टि.भि रिपेयर एण्ड मेन्टेनेन्स, फ्रीज, एसि, मोवाईल, ल्यापटप ईत्यादी रिपेयर एण्ड मेन्टेनेन्स । इलेक्ट्रिकल र इलेक्ट्रोनिक्स अध्ययन पछि दुबै क्षेत्रमा काम गर्न सकिने भएकोले, विद्यार्थी र अभिभावकको रोजाईको विषय हो ।

## तुलसीपुर बहु–प्राविधिक शिक्षालय नै किन ?

देशभरी १४ शिक्षालयमा डिप्लोमा ईन इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स अध्ययन हुन्छ। तुलसीपुर बहु-प्राविधिक शिक्षालय स्थानीय सरकार र सिटिईभिटीको पहिलो र सफल अभ्यास हो । यस शिक्षालयले नगरवासीलाई प्राविधिक शिक्षा सर्वसुलभ बनाउदै, प्राविधिक शिक्षाको महत्त्व र आवश्यकता विस्तार गरेको छ।

## तुलसीपुर बहु–प्राविधिक शिक्षालयमा इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स इन्जिनियरिङ किन ?

विद्यार्थीको सहायक इन्जिनियर बन्ने सपना, अभिभावकको छोरा/छोरी इन्जिनियर भएको हेर्ने सपना र दक्ष जनशक्ति उत्पादन गर्ने सपना वास्तविक बनाउने शिक्षालय एक-अर्काका परिपूरक हुन् । तुलसीपुर बहुप्राविधिक शिक्षालयका ६ प्राविधिक धारका संकायमा डिप्लोमा ईन इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स एक हो। शिक्षालयले डिप्लोमा इन इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स, प्री-डिप्लोमा ईन इलेक्ट्रिकल र बिल्डिङ इलेक्ट्रीसियन सामानान्तर रूपमा अध्ययन गराउँछ। जसबाट



प्रदर्शनीमा परियोजनाका बारेमा जानकारी गराउँदै

तह-१ देखि तह-५ सम्मका दक्ष जनशक्ति उत्पादन हुने गर्छन् । विद्यार्थीलाई सम्बन्धित क्षेत्रको अवलोकन गराएर सिकाईलाई अझ सरल र गुणात्मक बनाईन्छ। सेमेष्टरको अन्त्यमा विभिन्न प्रोजेक्टको प्रदर्शनी गराई, सैद्धान्तिक तथ्यलाई प्रयोगात्मक अभ्यासद्वारा सीपलाई अझ विस्तार गरिन्छ । विभिन्न तहका इलेक्ट्रिकल र इलेक्ट्रोनिक्स इन्जिनियरलाई आमन्त्रीत गरेर उनीहरूको कार्य अनुभव र कार्यविधिद्वारा विद्यार्थीको सिकाई र सोचाईलाई विस्तार गर्नुको साथै उनीहरूको लक्ष्यप्रति गम्भीर हुन सिकाईन्छ।

# अवसरले भेटिएको सपना

> तुलसीपुर उपमहानगरपालिकाले तुलसीपुर बहुप्राविधिक शिक्षालय सञ्चालन नगरेको भए, म पनि अहिलेसम्म कि त मलेशिया, कतार नभए आमा बाबाले जस्तै मजदुरी गर्नुपर्थ्यो ।



**तिला ढकाल**
प्रशासन सहायक

तुलसीपुर उपमहानगरपालिका वडा नं. १२ हरिपौरीका अशोक चौधरी, जो अहिले तुलसीपुर बहुप्राविधिक शिक्षालयमा मेकानिकल इन्जिनियरिङ डिप्लोमा तहको अन्तिम खण्डमा अध्ययनरत छन् । वि.सं. २०७७ सालमा घर नजिकैको विद्यालयबाट एसइइ जाँच दिएका अशोकले आफ्नो नतिजा नै नपर्खी भारत गए । नतिजा घरमै बसेर पर्खने उनको पारिवारिक अवस्थाले सुविधा दिदैनथ्यो । एसइइको नतिजा जे सुकै आए पनि उनलाई कुनै फरक पर्ने थिएन । किनकी एसइइ पछि उनको उच्च शिक्षा अध्ययनको लागि उनको परिवारसँग न त पैसा थियो न कुनै योजना नै ।

उनी सानो छँदासम्म आमा बुवाले ज्याला, मजदुरी गरेर उनलाई हुर्काउनु, बढाउनु अनि एसइइसम्म पढाउनु पनि भयो । अब भने आफ्ना आमा बुवाको जिम्मेवारी उनी माथि आइपुगेको थियो । आफ्नो ठाउँमा त्यस्तो केही काम नपाए पछि उनी आफ्ना गाउँकै आफन्तसँग पैसा कमाउनका लागि भारत हिंडे । उनलाई र उनका अभिभावकलाई पनि उनी सँगै पढ्ने साथीहरूले जस्तै उच्च शिक्षा अध्ययनका लागि तयारी कक्षाहरू पढाउन, विभिन्न सीपहरू सिकाउन मन त थियो तर त्यो सबैका लागि चाहिने पैसा थिएन । उनले सामाजिक सञ्जालमार्फत उनको घर नजिकै तुलसीपुर बहुप्राविधिक शिक्षालय सञ्चालनमा आएको र त्यहाँ विभिन्न प्राविधिक कार्यक्रमहरू पढाई हुने कुरा थाहा पाए । उनलाई यो कुरा "कागलाई बेल पाक्यो हर्ष न विष्मात", जस्तै भयो ।

आफूसँग पैसा नभएपछि नजिकै कलेज खुल्नु र नखुल्नु केही फरक पर्ने विषय नै थिएन । उनको सपना त तब बदलियो जब उनलाई थाहा भयो कि सो शिक्षालयमा तुलसीपुर उपमहानगरपालिका भित्रका १९ वटै वडाहरूको सिफारिसमा छात्रवृत्तिमा अध्ययन गर्न पाउने सुविधा समेत छ । उनलाई पनि यो कुराले केही आशा पलायो अनि भोलिपल्ट नै आफ्नो झोला बोकेर घर फर्किए र अहिले उनै अशोक चौधरी तुलसीपुर उपमहानगरपालिका वडा नं. १२ ले दिएको पूर्ण छात्रवृत्तिमा अध्ययनरत छन् ।

"यदि तुलसीपुर उपमहानगरपालिकाले तुलसीपुर बहुप्राविधिक शिक्षालय सञ्चालन नगरेको भए, म पनि अहिलेसम्म कि त मलेशिया, कतार नभए आमा बाबाले जस्तै मजदुरी गर्नुपर्थ्यो" अशोक बताउँछन् ।

यसैगरी फूड एण्ड डेरी टेक्नोलोजी चौथो खण्डमा अध्ययनरत भावना खड्का पनि अरूको घरमा काम गर्दै यस शिक्षालयमा पढ्दै गरिरहेकी छन् । साँझ बिहान अरूको घरमा खाना पकाउने, भाँडा माझ्ने, कपडा धुने लगायतका काम गरेर दिउँसोको समयमा उनी पढ्न आउँछिन् । तुलसीपुर उपमहानगरपालिकाले उपमहानगरपालिका भित्रका सरकारी विद्यालयबाट एसइइ उत्तिर्ण छोरीहरूलाई निःशुल्क प्राविधिक शिक्षाको योजना ल्याए पछि मात्र उनको पढ्ने सपनाले साकार रूप लिन पायो ।

"तुलसीपुर बहुप्राविधिक शिक्षालय नखुलेको भए, मेरो उच्च शिक्षा अध्ययन गर्ने धोको कहिल्यै पूरा हुने थिएन, अर्काको घरमा काम गरेर कसरी लगानी पुऱ्याउन सक्थें र ?", भावनाले खुसी हुँदै भनिन् । "मेरा आमा बुवाले पढ्न नपाउँदा म पनि



कलेजको कार्यक्रममा मौलिक पोशाकमा विद्यार्थीहरू

अर्काको घरमा बस्नु परेको छ तर अब मैले पढेर आफूलाई आत्मनिर्भर बनाउन सकेँ भने त म पछिका सन्तानलाई अर्काको घरमा बस्न पर्नेछैन" यति भन्दै गर्दाको उनको आँखामा आशाका किरण छचल्किरहेको सजिलै देख्न सकिन्थ्यो । अशोक र भावना त प्रतिनिधि पात्र मात्र हुन् उनीहरू जस्तै करिब ३०० जना तुलसीपुर उपमहानगरपालिका भित्रका छात्रछात्राहरू तुलसीपुर बहुप्राविधिक शिक्षालयमा विभिन्न प्राविधिक कार्यक्रमहरूमा निःशुल्क अध्ययनरत छन् । जसमध्ये अधिकांशको सपना तुलसीपुर उपमहानगरपालिकाले छात्रवृत्ति मार्फत दिएको अवसरबाट बदलिएका छन् ।

तुलसीपुर उपमहानगरपालिका र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को साझेदारीमा सञ्चालित तुलसीपुर बहुप्राविधिक शिक्षालयमा विभिन्न ६ वटा डिप्लोमा तहका प्राविधिक कार्यक्रमहरू सञ्चालनमा छन् । वि.सं. २०७६ सालमा वनविज्ञान कार्यक्रमबाट सञ्चालनमा आएको शिक्षालयमा हाल आएर बालीविज्ञान, मेकानिकल इन्जिनियरिङ, इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स इन्जिनियरिङ, फूड एण्ड डेरी टेक्नोलोजी र फार्मेसी कार्यक्रमहरू सञ्चालनमा छन् । शिक्षालयमा प्रत्येक वर्ष प्रत्येक कार्यक्रमहरूमा उपमहानगरपालिकाका प्रत्येक वडाको छात्रवृत्ति मार्फत छात्रछात्राहरूले अध्ययन गरिरहेका छन् ।

कुनै पनि देशको विकासका लागि त्यहाँका नागरिक शिक्षित हुन एकदमै आवश्यक छ । हाम्रो जस्तो विकासोन्मुख देशमा त झन् चौतर्फी विकासका लागि प्राविधिक शिक्षा एकदमै महत्त्वपूर्ण पूर्वाधार हो । जब यस धर्तीमा कुनै बालक वा बालिकाले जन्म लिन्छ त्यसको सम्पूर्ण जिम्मेवारी उसको परिवारको हुन्छ तर उसको अभिभावकको रूपमा परिवार भन्दा माथि पनि कोही हुन्छ भने त्यो हो राष्ट्र ।

नेपालको संविधानमा उल्लेख भएको समाजवाद उन्मुख समाज निर्माणका लागि शिक्षामा लगानी अहिलेको आवश्यकता हो । कुनै समुदायका बालबालिका जो जेहेन्दार, इमान्दार, पौरखी हुन्छन् तर उनीहरूले पैसाका अभावका कारण आफ्नो



विद्यार्थीहरूसँग अनुभव साट्दै यूएनडिपीकी आवासीय प्रतिनिधि Ms.Ayshanie Medagangoda

पढाइलाई अगाडि बढाउन नसक्दा सिङ्गो देशलाई नै घाटा पुग्छ। त्यसैले त्यस्ता बालबालिकाहरूको अभिभाकत्त्व राज्यले लिनुपर्छ जुन काम तुलसीपुर बहुप्राविधिक शिक्षालयमार्फत तुलसीपुर उपमहानगरपालिकाले गरिरहेको छ। अहिलेको समयमा आइपुग्दा पनि कोही मानिस गाँस, बास र कपासका लागि भौंतारिनु एकदमै दुःखको कुरा हो। यी सबै समस्याहरूको हलका लागि राज्यले शिक्षामा लगानी गर्नुपर्दछ।

तुलसीपुर बहुप्राविधिक शिक्षालयले विपन्न वर्गका छात्रछात्राहरूलाई छात्रवृत्ति प्रदान गरेर माछा मात्र भन्दा पनि जाली बुन्ने सीप दिएको छ। माछा दिँदा एकछाक वा एकदिनको भोक त टर्छ तर उसलाई माछा मार्ने जाली बुन्नका लागि सीप नै सिकाउन सकियो भने त उसको जीवनयापनमा मात्र नभई सिङ्गो समुदायसंगै समग्र राष्ट्रको विकासमा नै महत्त्वपूर्ण भूमिका खेल्न सक्छ।

तुलसीपुर उपमहानगरपालिकाले तुलसीपुर बहुप्राविधिक शिक्षालय शिक्षा मात्रै भन्दा पनि सीपयुक्त शिक्षा प्रदान गर्ने उद्देश्यले सञ्चालनमा ल्याएको हो। यस शिक्षालयबाट पास आउट भएर जाँदा यहाँका विद्यार्थीहरूको हातमा सर्टिफिकेट मात्र नभएर सीप, मनमा केहि गर्न सक्छौँ भन्ने आँट, हौसला सहितको दक्ष नागरिक बनाउने कुरामा निर्धक्क भएर लागेको छ। तुलसीपुर बहुप्राविधिक शिक्षालय सञ्चालनमा ल्याएर जिम्मेवार राज्यको भूमिका निर्वाहमा तुलसीपुर उपमहानगरपालिका लागि परेको छ। यसैगरी सरोकारवाला निकायले आ-आफ्नो ठाउँबाट जिम्मेवारीपूर्वक लागि परेमा सम्बृद्ध नेपालको नारा कसो पुरा नहोला र!

# विद्यार्थीको अनुभवमा मेट्रो कलेज

> अत्यन्त कम शुल्कमा शिक्षालयले अध्यापन गराउने भएको हुँदा सामान्य र निम्न वर्गका विद्यार्थीहरूले पनि प्राविधिक शिक्षा अध्ययन गर्ने अवसर पाएका छन् ।



**के.पी. न्यौपाने**
अङ्ग्रेजी प्रशिक्षक

आँखामा खुसी र सन्तुष्टिको भाव देखाउँदै उनले भने "हाम्रो कलेजको पढाइ लेखाई र अनुशासित वातावरणका बारेमा थाहा पाएपछी घरमा बुवा ढुक्क हुनुहुन्छ। हुन त रूपन्देहीबाट यहाँ आएर कलेज हेर्नुभएकै छैन तै पनि उहाँ ढुक्क हुनुहुन्छ। कलेजका बारेमा मैले सबै कुरा उहाँलाई बताएको छुँ" इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक इन्जिनियरिङमा डिप्लोमा तहमा अध्ययन गरिरहेका रूपन्देही ३ मर्चवारीका राजन मौर्यको तुलसीपुर बहुप्राविधिक शिक्षालयप्रतिको अनुभव हो यो ।

कलेज हाताभित्र प्रवेश गरिसकेपछि होस् वा कक्षाकोठामा बस्दा होस् विद्यार्थीहरूको आत्मअनुशासन र उनीहरूको पढाईप्रतिको लगावलाई सक्रिय बनाउन कलेज प्रशासनले खेलेको भूमिकाप्रति राजनका अभिभावक मात्र हैन सबै विद्यार्थी र अभिभावक उस्तै निश्चिन्त हुनुहुन्छ । इलेक्ट्रिकल इन्जिनियरिङ पढ्ने आफ्नो सानैदेखिको इच्छा तुलसीपुर बहुप्राविधिक शिक्षालयले पूरा गरिरहकोमा राजन निकै खुसी छन् ।

'यहाँको शुल्क निकै सस्तो भएको हुँदा सामान्य परिवारको विद्यार्थीले पनि अवसर पाउने देखिन्छ ।' उनले भने । मधेशी समुदायबाट आएर पढ्दै गरेका राजनलाई यस कलेजका शिक्षकहरूको सबै विद्यार्थीप्रतिको समान व्यवहार पनि सारै चित्तबुझ्दो लागेको छ। पर्याप्त पुस्तकसहितको पुस्तकालय, प्रविधि-मैत्री कक्षाकोठा, सिक्नका लागि पर्याप्त प्रयोगशाला सामग्रीहरू उपलब्धताले यहाँको वातावरणलाई साह्रै चित्ताकर्षक बनाईदिएको उनको अनुभव छ।



**राजन मौर्य**



**पूर्णिमा नेपाली**



**नवराज नेपाली**

तुलसीपुर उपमहानगरपालिकाको "छोरी पढाउँ" अभियानमा जोडिएर यस बहुप्राविधिक शिक्षालयमा अध्ययन गरिरहेका सयौँ छोरीहरू मध्येकी एक हुन् - तुलसीपुर- १८ दुधरासकी पूर्णिमा नेपाली। " यस कलेजले मलाई निःशुल्क पढ्न पाउने अवसर नदिएको भए मेरो बाली विज्ञान पढ्ने धोको पुरा हुन सक्ने थिएन ।" विहान-साँझ घरको कामकाजमा सघाएर समयको माग बमोजिमको निःशुल्क प्राविधिक शिक्षा अध्ययनको अवसर पाएकोमा पूर्णिमा निकै दङ्ग छिन् । यहाँको डिप्लोमा तहको पढाई सकेपछिको उनको दृढ आत्मविश्वासलाई व्यक्त गर्दै उनी भन्छिन् - "अब यो पढाई पछि आफै पनि कुनै न कुनै रोजगारको सृजना गर्न सक्छु भन्ने लागिरहेको छ।"

तुलसीपुर बहुप्राविधिक शिक्षालयले देशका सातै प्रदेशलाई जोडेको छ । सुदुरपश्चिमको बाजुरा होस् या कर्णालीको कालीकोट, मधेशको धनुषा या बागमतिको मकवानपुर सबैको प्रतिनिधित्व देखिन्छ यस शिक्षालयमा । कर्णाली प्रदेशको



**जनक रेउले**



**मनिषा ठगुन्ना**

तातोपानी २ जुम्लाबाट दाङ आएर यस कलेजमा Mechanical Engineering अध्ययन गर्दै आफ्नो भविष्यको रेखाङ्कन गरिरहका विद्यार्थी हुन्- नवराज नेपाली । नवराजको मेसिनसँगको सानैदेखिको भावनात्मक लगाव Practical रूपमा सिक्न कलेजले नै व्यवस्था गरी दिएको अटो मोबाइल्सका पार्टपुर्जासँग जोडिएर अगाडि बढिरहेको छ । उनी भन्छन् - "यस कलेजमा Practical अध्ययनको लागि विद्यार्थीलाई आवश्यक पर्ने सबै सामानहरू कलेजले नै उपलब्ध गराईदिन्छ जुन म जस्ता सामान्य परिवारबाट पढ्न आउनेहरूका लागि ठुलो सहजता भएको छ" ।

सपनालाई विपनामा साकार अनुभव गरिहेका यस कलेजका अर्का विद्यार्थी हुन् - तुलराज बराल । राँस्कोट ९ कालिकोटमा जन्मिएका तुलराज फार्मेसी डिप्लोमा प्रथम वर्षका विद्यार्थी हुन् । "फार्मेसी पढ्न यहाँ बाहेक चितवन मात्र विकल्प थियो तर मलाई कालिकोटबाट यहाँभन्दा त्यहाँ झनै टाढा र बढी खर्चिलो हुन्थ्यो । मेरो जिल्ला कालिकोटमा त यस विषयको पढाई नै भएको छैन । अब म पढाई सकेर स्वास्थ्य सेवामा जागिर सजिलै पाउन सक्छु ।" हिम्मतका साथ उनले बताए । उनका नजरमा यस कलेजका विशेषज्ञ शिक्षक टिम, प्रविधि-मैत्री कक्षाकोठा, अनुशासित वातावरण, सहज यातायात सुविधा, राम्रो भौतिक व्यवस्थापन तथा पर्याप्त अध्ययन सामग्री सहितको पुस्तकालय यहाँका राम्रा पक्ष हुन् जसले अध्ययन गर्न चाहनेहरूलाई शैक्षिक वातावरण निर्माण गरिदिएको छ ।

सिद्ध कुमाख गाउँपालिका ३ सल्यानका जनक रेउलेलाई मेसिनरी सामानसँग सानैदेखि प्रेम थियो । गाउँमा कुनै मेसिनरी सामान देख्दा मात्रै पनि उनलाई आनन्दको महसुस हुन्थ्यो । उनले शिक्षालयमा अहिले मेकानिकल इन्जिनियरिङ विषय अध्ययन गरिरहेका छन् । तेस्रो सेमेष्टरमा अध्ययनरत उनले यो कलेजलाई आर्थिक रूपले कमजोरहरूका लागि निकै टेवा दिइरहको शैक्षिक सस्थाका रूपमा लिइरहेका छन् । अध्ययन पश्चात आफू सजिलै आत्मनिर्भर बन्न सक्ने कुरामा उनी ढुक्क छन् । " प्रयोगात्मक कक्षाहरू त यहाँ जस्तो आन्त कई छैन होला सायद"। रेउलेले भने ।

स्थापनाको छोटो समयमा पनि तुलसीपुर बहुप्रविधिक शिक्षालय तथा मेट्रो कलेज विश्वासिलो शैक्षिक गन्तव्य बन्न सफल भएको छ । समयको माग सुहाउँदो प्राविधिक शिक्षा प्रदान गरिरहको यो संस्थाले तुलसीपुर उपमहानगरपालिकाको प्रत्यक्ष संरक्षण र सम्र्वद्धन प्राप्त गर्नुका साथै यस उपमहानगरका नगर प्रमुख श्री टिकाराम खड्काको तुलसीपुरको शैक्षिक अवस्थालाई बदलेर उचाईमा पुऱ्याउने परिलक्ष्यका साथ अगाडि बढिरहेको छ । नेपाली समाजलाई अत्यन्तै आवश्यक ठानिएको तर तुलनात्मक रूपले महङ्गो मानिएको प्राविधिक शिक्षामा सबैको र खासगरी आर्थिक रूपले विपन्न वर्ग र समुदायको पहुँच बढाउन तुलसीपुर बहुप्राविधिक शिक्षालय तथा पछिल्लो समयमा देशमा कानुन संकायको शैक्षिक जनशक्तिको आवश्यकता पूरा गर्न तुलसीपुर मेट्रो कलेज कोसेढुङ्गा सावित भैसकेको विद्यार्थीहरूको साझा बुझाई छ । कलेजलाई आफ्नो शैक्षिक गन्तव्य बनाउन बागमती गाउँपालिका -३, मकवानपुरबाट आएकी बि.ए.एलएल.बी. प्रथम सेमेष्टरकी छात्रा अम्बिका भोलनको यस कलेजसँगको अनुभव पनि निकै रोचक छ । अम्बिकालाई कलेजभित्र अन्य

कलेजहरूमा जस्तो विद्यार्थी र शिक्षक संगठनको दलीय राजनीतिको कुनै प्रभाव नपरेको कुरा अत्यन्तै राम्रो लागेको छ। उनले शिक्षकहरू निकै सहयोगी र मित्रवत् भएको पाएकी छन्। उनको अनुभवमा यहाँका विद्यार्थीहरू माझमा "senior – junior कक्षाका बीचमा कुनै भेदभाव पाईँदैन पुरानाहरूले नयाँलाई प्रोत्साहन गरेको पाएकी छिन् अम्बिकाले। सुदुरपश्चिमको विकट पहाडी जिल्ला दार्चुलाबाट डिप्लोमा इन फार्मेसी पढ्दै गरेकी मनिषा ठगुन्नालाई यो विषयको पढाई पुरा गर्न अन्यत्रका कलेजहरूले पाँच लाखसम्म तिर्नुपर्ने बताएपछि आफ्नो धोको अधुरो रहने पक्का लागेको थियो तर "निर्वल के बलराम" भने झैं जब तुलसीपुर बहुप्राविधिक शिक्षालयले न्युनतम शुल्कमै पढाई पुरा गराईदिने भनेपछि उनको निभिसकेको आशाको दियो फेरि झलमल्ल बलेको अनुभव साटिन्। मनिषा भन्छिन् -"यहाँ अन्यत्र शिक्षालयमा भन्दा



तुलराज बराल



अम्बिका भोलान

शुल्क निकै सस्तो रहेको छ"। तुलसीपुर उपमहानगरपालिकाले स्थानीय सरकारको लगानीमा स्थापना गरेको शिक्षालय र कलेज विपन्न वर्ग र गुणस्तरीय प्राविधिक शिक्षा हासिल गर्न चाहनेहरूका लागि बलियो आधार बन्दै गएको छ।



सर्प सम्बन्धि उद्धार अभ्यास गर्दै वन विज्ञान अध्ययनरत विद्यार्थी



मदन पुरस्कार प्राप्त कृति ऐठनका लेखक विवेक ओझासँग विद्यार्थीहरू

# मेकानिकल इन्जिनियरिङ समय सुहाउँदो विषय

> नेपालमा सिमित ठाउँमा मात्र यो विषय पढाई हुने भएका कारण जनशक्तिले रोजगारी भन्दा पनि रोजगारीले जनशक्ति खोजिरहेको हुन्छ।

**ई.अपिल आचार्य**
कार्यक्रम संयोजक



तुलसीपुर वहुप्राविधिक शिक्षालय (तुलसीपुर मेट्रो कलेज) मा अध्यापन भईरहेका डिप्लोमा तहका विभिन्न कार्यक्रमहरू मध्ये मेकानिकल इन्जिनियरिङ पनि एक हो। यस कार्यक्रम पनि अरू कार्यक्रमहरू जस्तै तिन वर्ष अवधिमा पूरा हुन्छ। सेमेस्टर प्रणालीका आधारमा पढाई हुने भएका कारण तिन वर्षमा छ वटा सेमेस्टर हुने गर्दछन्। अहिलेको समयमा हरेक कामहरू मेसिनका माध्यमबाट हुने भएको हुँदा यो विषयको माग र आवश्यकता दिन प्रतिदिन बढ्दै गइरहेको छ।

## मेकानिकल इन्जिनियरिङको परिचय

मेकानिकल इन्जिनियरिङ विषय इन्जिनियरिङ भित्र रहेका धेरै लोकप्रिय, पुरानो र फराकिलो विषयहरू मध्ये एक हो। विकसित, विकासशील र कम विकसित देशहरूमा धेरैको रूचि यो विषयतिर केन्द्रित देखिन्छ। यो विषय भनेको मुख्यतया Physics र Mathematics का सिद्धान्तहरू प्रयोग गरि कुनै पनि Mechanical Systems को डिजाईन गर्नु र उत्पादन गर्नु हो। सरल भाषामा परिभाषित गर्दा मानिसको कामलाई सहज र सरल बनाउन प्रयोग गरिने औजार, मेसिन, रोबोट आदि जस्ता Mechanical Systems को डिजाईन र उत्पादन गर्नु नै मेकानिकल इन्जिनियरिङ हो।

डिप्लोमा तहको मेकानिकल इन्जिनियरिङ विषय अध्ययन पूरा गरिसके पश्चात् यसलाई Overseer अथवा Sub–Engineer भनेर बुझ्ने गरिन्छ। यो अध्ययन पूरा गरिसके मात्र ब्याचलर तहमा भर्ना हुन पाईन्छ र ब्याचलर अध्ययन पूरा गरेमा निजलाई Engineer भनेर बुझ्ने गरिन्छ जो हरेकको सपना हुन्छ। नेपालमा मेकानिकल इन्जिनियरको माग निकै नै बढेर गएको छ।

### अध्ययन पूरा पछि काम गर्ने क्षेत्रहरू

अध्ययन पूरा गरिसके पश्चात् मेकानिकल अध्ययन गर्ने विद्यार्थीहरूका लागि काम गर्ने क्षेत्रहरू धेरै फराकिलो छ। नेपालमा सिमित ठाउँमा मात्र यो विषय पढाई हुने भएका कारण जनशक्तिले रोजगारी भन्दा पनि रोजगारीले जनशक्ति खोजिरहेको हुन्छ। रोजगारीको क्षेत्र विशाल र हालको अवस्थामा नेपालमा यो विषयको जनशक्ति एकदमै न्यून भएका कारण अध्ययन पूरा गरिसके पश्चात् रोजगारी सुनिश्चित छ भन्ने कुरामा दुइमत छैन।
मेकानिकल अध्ययन गरेको विद्यार्थीले काम गर्ने क्षेत्रहरू संक्षिप्त रूपमा तल उल्लेख गरिएको छ।

१) **सरकारी रोजगारी**: प्रतेक वर्ष नेपाल सरकारद्वारा Sub Engineer अथवा Overseer पदमा दर्खास्त आह्वान हुन्छ सोहि पदमा दर्खास्त दिई परीक्षा पास गरेर रोजगारी गर्न सकिन्छ।

२) **अटोमोबाइल उद्योगहरू**: अटोमोबाइल उद्योगहरू जस्तै टाटा, हुन्डाई, फोर्ड, किया आदि उद्योगहरूमा धेरै मात्रामा मेकानिकल पढेको जनशक्ति आवश्यक पर्दछ।

३) **निर्माण उद्योगहरू**: निर्माण उद्योगहरू जस्तै चाउचाउ उद्योग, बिस्कुट उद्योग, पिय पदार्थ निर्माण उद्योग, पलास्टिक उद्योग, रङ उद्योग, डावर नेपाल उद्योग, स्टिल उद्योग आदि उद्योगहरूमा टेक्निसियनको रूपमा काम गर्न पाईन्छ।




४) **एरोस्पेस क्षेत्रः** एरोस्पेस कम्पनीहरू जस्तै नेपाल एयरलाईन्स, बुद्ध एयर, यति एयर, सिम्रिक एयर, गुण एयर आदि कम्पनीहरूमा टेक्निसियनको रूपमा काम गर्न पाईन्छ।

५) **जलविद्युत आयोजनाहरूः** जलविद्युत आयोजनाहरूमा पनि मेकानिकल इन्जिनियरिङ पढेका जनशक्तिहरू धेरै मात्रामा आवसश्यक पर्दछन्।

६) **रेलवे कम्पनीहरूः** रेलवे कम्पनीहरूमा पनि टेक्निसियनको रूपमा काम गर्न पाईन्छ।

७) **नेपाली सेना र नेपाल प्रहरीः** धेरैको चाहना नेपाली सेनामा र नेपाल प्रहरीमा जागिर खाने हुन्छ। यो क्षेत्रमा पनि मेकानिकल इन्जिनियरिङ पढेका जनशक्तिहरू टेक्निसियनको रूपमा आवश्यक पर्दछ। यसमा प्रतिष्पर्धा अत्यन्न न्यून मात्रमा हुने भएको हुँदा सफल हुने सम्भावना अत्यन्त धेरै हुन्छ।

८) **बीमा कम्पनीहरूः** बीमा कम्पनीहरूमा पनि Insurance surveyor को रूपमा काम गर्ने अवसर पाईन्छ।

## विदेशमा रोजगारीको अवस्था

यो विषय पढेका जनशक्तिको माग नेपालमा मात्र नभएर विदेशमा पनि उत्तिकै रहेको छ। अझ भन्ने हो भने विकासशील देशहरू र कम विकसित देशहरूमा भन्दा विकसित देशहरूमा यो विषय पढेका जनशक्तिको माग बढ्दो छ। विदेशमा नेपालमा भन्दा तुलनात्मक रूपमा धेरै उद्योगहरू भएका कारण, धेरै जलविद्युत आयोजनाहरू भएका कारण, धेरै एयरोस्पेस कम्पनीहरू भएका कारण, धेरै रेलवे कम्पनीहरू भएका कारण र मानिसलाई रोवटले विस्थापित गर्दै गएका कारण विदेशमा मेकानिकल इन्जिनियरिङ पढेका जनशक्तिहरूको रोजगारीको अवस्था बलियो छ।

## मेकानिकल अध्ययन गरेका विद्यार्थीले पूरा गरेका परियोजना

विद्यार्थीहरूले पढ्दै गर्दा आफूले पढेको ज्ञान र सिकेको सीपलाई परियोजना निर्माण गरेर देखाईरहेका छन्। उनीहरूले के कसरी मानिसको दैनिक जीवनमा चल्ने कामलाई सरल र तिब्र गर्न सकिन्छ भन्ने सोचेर परियोजनाहरू निर्माण गरिरहेका छन्। शिक्षालयमा आवद्ध हामी प्रशिक्षकहरूले पनि त्यस्ता किसिमका परियोजनालाई प्रोत्साहन गर्ने र आवश्यक मार्गदर्शन गर्ने गरिरहेका छौं। शिक्षालय प्रशासनले पनि त्यस्ता परियोजनाहरू निर्माण गर्दा लाग्ने आवश्यक खर्चहरू सहजै जुटाईदिएर सहयोग गरिरहेको छ। हालसम्म विद्यार्थीहरूबाट निर्माण गरिएका मुख्य परियोजनाहरूकी संक्षिप्त रूपमा तल उल्लेख गरिएको छ।

१) **मकै छोडाउने मेसिन**: २०७७ ब्याचका मेकानिकल इन्जिनियरिङका विद्यार्थीहरू गिरीराज थापा मगर, सुशिल चौधरी, कृष्ण के ससी,केसव खड्का, बिक्रम घर्ति र ज्ञानबहादुर पुनको टिमले किसानहरूलाई मकै छोडाउन सजिलो र छिटो होस भन्ने उद्देश्यले मकै छोडाउने मेसिनको निर्माण गरेका हुन। अहिले गाउँ गाउँमा यो मेसिनको प्रयोग गरेर किसानहरूले मकै छोडाउने काम गरिरहनुभएको छ।

२) **घाँस काट्ने मेसिन**: किसानहरूलाई मध्यनजर गरेर घाँसलाई छिटो र सजिलै काट्न सकिने मेसिनको निर्माण २०७७ ब्याचका मेकानकल इन्जिनियरिङका विद्यार्थीहरू ज्ञान बहादुर सिरिस मगर, भोला बोहोरा र सन्जोग थारूले गरेका हुन्।



प्रदर्शनीमा मकै छोडाउने मेसिन प्रदर्शन गर्दै विद्यार्थीहरू

३) **धुलो सफा गर्ने मेसिन**: २०७७ ब्याचका मेकानकल इन्जिनियरिङका विद्यार्थीहरू सुशिल चौधरी, पुजा पुरी र अशोक थारूले झाडुले सफा गर्न कार्य विस्थापित गर्ने गरि धुलो सफा गर्ने मेसिनको निर्माण गरेका हुन्।

४) **क्यान क्रसर**: टिन र प्लास्टिकबाट बनेका क्यानहरूलाई सजिलै क्रस गरि फोहरलाई व्यबस्थापन गर्ने उदेश्यले २०७७ ब्याचका मेकानकल इन्जिनियरिङका विद्यार्थीहरू ज्ञानबहादुर पुन र रेखा गिरीले निर्माण गरेका हुन्।

५) **३६०° घुम्ने सेल्फी क्यामरा**: २०७८ ब्याचका मेकानकल इन्जिनियरिङका बिध्यार्थीहरू लिलाराम न्यौपाने, तारा कुवँर र मधु न्यौपाने मनोरन्जनलाई प्राथमिकतामा राखेर ३६०° नै घुम्ने सेल्फि क्यामराको निर्माण गरेका हुन्।

६) **पम्प**:२०७७ ब्याचका मेकानकल इन्जिनियरिङका बिध्यार्थीहरू गिरिराज थापा र बिक्रम घर्तिले पानी तान्न सहज होस् भन्ने उदेश्यले पम्पको निर्माण गरेका हुन्।

७) **विद्यालयको फर्नीचर निर्माण** : शिक्षालयका लागि आवश्यक पर्ने डेस्क बेन्च लगायतका फर्नीचरहरू पनि विभिन्न ब्याचका विद्यार्थीहरूले निर्माण गरिरहेका छन्। यसबाट विद्यार्थीहरूले आयआर्जन समेत गरिरहेका छन्। अहिले केही विद्यार्थीहरूले यसलाई व्यावसायिकरूपमा अगाडी बढाउने गरी तयारी समेत गरिरहेका छन्।



३६०° क्यामेरामा रमाउँदै विद्यार्थीहरू

### अबको योजना

विद्यार्थीहरूलाई पढ्दै, सिक्दै र कमाउँदै परियोजनामा लगाउने हाम्रो लक्ष्य हो। सोही अनुसार हामीले मेकानिकल अध्ययनरत विद्यार्थीहरूका लागि नयाँ नयाँ परियोजनाको परिकल्पना गरेका छौँ। मेकानिकल इन्जिनियरिङ अध्ययनरत विद्यार्थीहरूको संलग्नतामा केही व्यावसायिक प्रयोजनका कामहरू अगाडी बढाउने तयारी समेत रहेको छ।

# बदलिदो समयसँगै कृषि क्षेत्रको महत्त्व, समस्या र सम्भावनाहरू

> डिप्लोमा इन एग्रिकल्चर कार्यक्रम एक विशेष प्रकारको कार्यक्रम हो जसले विद्यार्थीहरूको सैद्धान्तिक शिक्षालाई व्यावहारिक शिक्षामा बदल्न प्रयास गरेको छ।



**कल्पना ओली**
कार्यक्रम संयोजक
वन तथा बाली विज्ञान

कृषि भनेको एउटा कला हो, विज्ञान हो। जसमा हामीले विभिन्न वस्तुहरूको उत्पादन गर्छौं। पशुपालन, बाली उत्पादन, मत्स्यपालन र अन्य जीवजन्तुहरूको खेती वा पालन यस अन्तर्गत पर्दछ। कृषि उत्पादन बढ्दा आर्थिक वृद्धि पनि बढ्ने र कृषि उत्पादन घट्दा समग्र देशको आर्थिक वृद्धि घट्ने हुँदा नेपालको सन्दर्भमा यसको महत्त्व कति छ भन्ने कुरा स्पष्ट हुन्छ। कृषि नेपालको आर्थिक र सामाजिक विकासको मुख्य आधार हो। देशको अर्थतन्त्रको प्रमुख क्षेत्र मानिने कृषि क्षेत्रले कुल जनसङ्ख्याको करिव ६१ प्रतिशत मानिसलाई रोजगारीको अवसर प्रदान गरेको छ भने कुल ग्राहस्थ उत्पादनमा २४ प्रतिशत योगदान भएको कृषि क्षेत्रलाई ENGINE OF GROWTH पनि भनिन्छ।



बिक्रीका लागि फूल टिप्दै विद्यार्थीहरू

कृषिले नेपालको खाद्य सुरक्षा, रोजगारी, आय वृद्धि, गरिबी न्यूनीकरण, विदेशी मुद्रा कमाई र वातावरण सन्तुलनमा ठूलो योगदान गर्दछ। नेपालको खाद्य सुरक्षा, रोजगारी, आय वृद्धि, गरिबी न्यूनीकरण गर्नको लागि देशमा विद्यमान रहेको जमिन र उत्पादक जनशक्तिको रूपमा रहेका किसानलाई जोडेर उत्पादन वृद्धि गरी राष्ट्रिय पुँजीको सृजना गर्न सकिन्छ। यसका लागि कृषिको व्यवसायीकरण, आधुनिकीकरण तथा औद्योगिकीकरण गर्दै उत्पादन र रोजगारीका उपायहरू ग्रामीण क्षेत्रसम्म विस्तार गर्न सकिन्छ। साथै कृषिले नेपालको धेरै क्षेत्रलाई समेटेको छ। जसमा employment, Food Processing Industry, Cold Storage, Organic Crops, Ayurvedic Medicine, Dairy farming, Government Jobs -various civil services, Agricultural Development Bank, Plant Breeder, Agricultural Research Scientists, Agricultural Officer, Agricultural Technicians, Seed technologists, NGOÚs/ INGOÚs, Marketing पर्दछन्।

कृषिमा अनेकानेक सम्भावनामा बीचमा नेपालको कृषि व्यवसाय विभिन्न समस्याहरूसँग जुझिरहेको छ। जसलाई निम्नानुसार व्याख्या गरिएको छ।

- **कृषि जमिनको अभावः** नेपालमा कृषि जमिनको अभाव छ। जनसङ्ख्या वृद्धि, जमिनको बाँडफाँड, जमिनको अनुपयोग, जमिनको अपहरण, आदिले कृषि जमिन दिन प्रतिदिन घटिरहेको छ ।




- **कृषि उपकरण र प्रविधिको अभाव**: नेपालमा कृषि उपकरण र प्रविधिको अभाव छ। अधिकांश कृषकहरू पुरानो र परम्परागत उपकरण र प्रविधि प्रयोग गर्दछन्। यसले कृषि उत्पादन र गुणस्तरमा प्रभाव पार्छ।
- **कृषि श्रमिकको अभाव**: नेपालमा कृषि श्रमिकको अभाव छ। वैदेशिक रोजगारी, शहरीकरण, शैक्षिक र अन्य अवसरहरूको आकर्षणले नेपालमा रहेका युवाहरू विदेश पलायन भएको देखिन्छ जसले गर्दा कृषि श्रमकको कमी देखिनुको साथै कृषि कार्यमा बाधा पार्दछ।
- **कृषि ऋण र बीमाको अभाव**: नेपालमा कृषि ऋण र बीमाको अभाव छ। अधिकांश कृषकहरू ऋण लिन सक्दैनन् वा लिन चाहन्नन्। ऋणको व्याज उच्च, ऋणको प्रक्रिया जटिल, ऋणको सुरक्षा निश्चित् नहुने आदि कारणहरूले ऋणको पहुँचमा सीमितता ल्यायको देखिन्छ। त्यसैगरी, कृषि बीमा पनि अधिकांश कृषकहरूलाई उपलब्ध छैन। बीमाको लागत उच्च, बीमाको जानकारी कम, बीमाको लाभको वितरण ढिलो आदि कारणहरूले बीमाको प्रचलनमा अवरोध भएको देखिन्छ।
- **कृषि बजार र बिक्रीको अभाव**: नेपालमा कृषि बजार र बिक्रीको अभाव छ। कृषकहरूले उत्पादित गरेको कृषि सामग्रीलाई बजारमा पुऱ्याउन र उचित मूल्यमा बेच्न सक्दैनन्। बजारको दुरी, यातायातको अभाव, बजारको जानकारीको अभाव, बजारको प्रतिस्पर्धा, बिचौलियाहरूको दबाब, बजारको नियमर नीतिको अभाव आदि कारणहरूले कृषकहरूको बजारमा पहुँच र बिक्रीमा असर परेको देखिन्छ।

यी समस्याहरूलाई हल गर्न र नेपालको कृषि व्यवसायलाई समृद्ध र सफल बनाउन सरकार, विकास साझेदारहरू र अन्य कृषिसँग सम्बन्धित निकायहरूले ध्यान दिनुपर्ने देखिन्छ। यति मात्र नभई कृषि क्षेत्रलाई अगाडि बढाउन कृषिसँग जोडीएका शैक्षिक संस्थाहरू र शैक्षिक संस्थाहरूसँग जोडीएका विद्यार्थीहरूलाई पढ्दै कमाउदै कार्यक्रममा जोडेर विदेश पलायन हुने युवाहरूलाई आफ्नै देशमा केही गर्न सकिन्छ है भन्ने उद्देश्यले कृषि कार्यक्रम सञ्चालन गर्न सकिन्छ। हो यस्तै पढ्दै, कमाउदै, सिक्दै र सिकाउँदै कार्यक्रममा जोडिएको उदाहरणीय शिक्षालय हो तुलसीपुर बहुप्राविधिक शिक्षालय तुलसीपुर उपमहानगरपालिकाले सञ्चालन गरेको तुलसीपर बहुप्राविधिक शिक्षालयमा डिप्लोमा तहका विभिन्न कक्षा सञ्चालन हुने गरेको छ। जसमा डिप्लोमा इन एग्रिकल्चर, डिप्लोमा इन वन विज्ञान, डिप्लोमा इन फूड एण्ड डेरी, डिप्लोमा इन मेकानिकल इन्जिनियर, डिप्लोमा इन इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्सका कक्षा सञ्चालन गरेको छ। डिप्लोमा तहका विभिन्न कार्यक्रमहरूले विद्यार्थीहरूलाई प्रयोगात्मक शिक्षाको माध्यमबाट पढ्दै, कमाउदै, सिक्दै र सिकाउँदै आइरहेको छ। त्यसमध्ये

डिप्लोमा इन एग्रिकल्चर कार्यक्रम एक विशेष प्रकारको कार्यक्रम हो जसले विद्यार्थीहरूको सैद्धान्तिक शिक्षालाई व्यावहारिक शिक्षामा बदल्न प्रयास गरेको छ। त्यही व्यवहारिक शिक्षाको उदाहरण बन्न पुगेको तुलसीपुर बहुप्राविधिक शिक्षालयमा कृषिसँग जोडिएका थुप्रै project based activities विद्यार्थीहरूले पढ्दै, कमाउँदै र सिक्दै भन्ने उद्देश्यका साथ सञ्चालन गरेका छन्।



तरकारी बेर्ना उत्पादन गर्दै विद्यार्थीहरू

**Some completed project based activities conducted in Tulsipur Polytechnic Institute are**

1. Tomato cultivation and their marketing.
2. Marigold and Globe amaranth Cultivation and their marketing.
3. Off season vegetables seedling production and their marketing.
4. Post harvest preservation of vegetables.
5. Formation of botanical pesticide and their use in crop protection.
6. Mushroom cultivation and their marketing.

साथै यस शिक्षालयमा सञ्चालित डिप्लोमा इन एग्रिकल्चर डिपार्टमेन्टले विद्यार्थीहरूलाई उद्यमशिल बनाउनका लागि थुप्रै योजनाहरू बनाएको छ। जसमा seasonal flower cultivation, Solid waste management and their utilization in agricultural productions, crop museum and school gardening, High–tech tunnel for offseason vegetables production लगायतका पर्दछन्।

तुलसीपुर उपमहानगरपालिकाले सञ्चालन गरेको तुलसीपर बहुप्राविधिक शिक्षालय एउटा यस्तो शिक्षालय हो जसमा प्राविधिक शिक्षाको आवश्यकता र महत्त्वलाई जनताका माझ पुऱ्याउने काम गरेको छ। यहाँ निम्न तथा मध्यम वर्गीय जनताका छोराछोरीको संख्या राम्रो छ। प्राविधिक शिक्षामा आधुनिकरण र बजारीकरणलाई सँगै जोडेर लग्ने यस तुलसीपर बहुप्राविधिक शिक्षालयमा अध्यनरत विद्यार्थीले पढेपछि सीप खेर नजाने हुनाले तुलसीपर बहुप्राविधिक शिक्षालय नै रोजौं।

# फुड एण्ड डेरीको महत्त्व

> खानेकुराको गुणस्तर मापन गर्ने व्यक्तिको नेपालमा एकदमै खाँचो छ। विभिन्न स्थानीय सरकारले पनि खाद्य निरीक्षकको रूपमा फुड टेक्नोलोजिस्टहरूलाई काम दिइरहेको छ। त्यसैले पनि विद्यार्थीहरूको यो विषयमा आकर्षण बढिरहेको छ।

**सुदर्शन गोसाई**
फुड एण्ड डेरी
टेक्नोलोजी संयोजक



संघीयताले मुलुकमा तिनवटा सरकारको परिकल्पना गरेको छ। जसमध्ये स्थानीय सरकारको भूमिकालाई संविधानले नै धेरै जिम्मेवार बनाएको छ। स्थानीय निकायका रूपमा हिजोका दिनमा गर्नुपर्ने काम र स्थानीय सरकारका रूपमा आज गर्नुपर्ने कामका बिचमा कयौँ भिन्नताहरू रहेका छन्। स्थानीय सरकारका विस्तारित जिम्मेवारी मध्ये आम नागरीकलाई स्वस्थकर खाद्य वस्तुको उपयोग ग्यारेन्टी गर्नु पनि महत्त्वपूर्ण जिम्मेवारी हो । तर विडम्बना स्थानीय सरकारहरूले अझैपनि यसखालको सक्रियता देखाउन सकेको पाईदैन। जनतालाई स्वस्थ खाद्यबस्तुको ग्यारेन्टी गर्ने प्राविधिक व्यक्ति नै खाद्य विज्ञहरू हुन्। जसले खाद्य स्वच्छताको ग्यारेन्टी गर्नका महत्त्वपूर्ण भूमिका बहन गरेको हुन्छ। नेपालमा खाद्य टेक्नोलोजीका बारेमा अध्यापन गराउने निकायहरू निकै कम रहेका छन् जसमा तुलसीपुर उपमहानगरपालिकाको पहलमा सञ्चालनमा आएको तुलसीपुर बहुप्राविधिक शिक्षालय महत्त्वपूर्ण रहेको छ।

### फुड टेक्नोलोजी तथा फुड टेक्नोलोजिस्ट भनेको के हो ?

फुड टेक्नोलोजी भनेको खाद्य विज्ञान हो। यसले खाद्यान्न सम्बन्धी वैज्ञानिक तवरबाट अध्ययन र अनुसन्धान गर्छ। यसले अनाज उत्पादनदेखि गुणस्तरीय खाद्यवस्तु बनाउने विधिसमेत सिकाउँछ।

यसले खाद्यबाली कुन समयमा रोप्ने, कुन समयमा झार्ने, भण्डारण कसरी गर्ने, प्रशोधन गरेर कुन-कुन वस्तु उत्पादन गर्ने, उत्पादित वस्तुलाई कसरी पकाउने र कसरी खाने लगायतका विषय सिकाउँछ।

साथै खाद्यवस्तु कस्तो छ ? उपभोक्ताको स्वास्थ्यमाथि खेलवाड भएको छ कि छैन ? खाद्यवस्तु उत्पादन गर्दा चाहिने आवश्यक तत्व छ कि छैन ? कसरी खाद्यवस्तु उत्पादन गरिएको छ भन्ने अनुगमन र अनुसन्धान गर्ने काम पनि फुड टेक्नोलोजिस्टको हुन्छ।

### फुड टेक्नोलोजिस्टको काम

फुड टेक्नलोजिस्ट  काम खानेकुरा रोप्नेदेखि खाना प्लेटमा पुग्ने बेलासम्मको सम्पूर्ण प्रक्रियाको अनुसन्धान तथा अनुगमन गर्नु हो। नेपालमा पनि  औद्योगिक क्षेत्रमा फुड निरीक्षकले काम पाइरहेका छन्। पछिल्लो समय यो विषय एकदमै आवश्यक विषय पनि हो। खानेकुराको गुणस्तर मापन गर्ने व्यक्तिको नेपालमा एकदमै खाँचो छ। विभिन्न नगरपालिकाले पनि खाद्य निरीक्षकको रूपमा फुड टेक्नोलोजिस्टहरूलाई काम दिइरहेको छ। त्यसैले पनि विद्यार्थीहरूको यो विषयमा आकर्षण बढिरहेको छ।

नेपालमा खाद्य उद्योगमा  फुड टेक्नोलोजिस्टहरूले काम गरिरहेका छन्। वैदेशिक रोजगारीमा जानेहरूको लागि यो विषय एकदमै राम्रो छ। तर नेपालमा भने खानाको गुणस्तरमा सरकारको नै ध्यानाकर्षण नभएकाले हामी नेपालीहरू गुणस्तर मापन नभएको खानेकुरा सेवन गर्न बाध्य भएका छौँ।



खाद्य स्वच्छता दिवस मनाउँदै विद्यार्थीहरू

नेपालभरिमा स्नातक र डिप्लोमा गरि करिब १६ वटा कलेजमा फुड टेक्नोलोजी पढाइ हुन्छ। यो विषयमा वार्षिक ३०० जना जनशक्ति उत्पादन हुन्छन्। पहिलेदेखि फुड टेक्नोलोजी पढेकाहरू अहिले विभिन्न खाद्यवस्तु उत्पादन गर्ने कम्पनीतिर संलग्न छन्। केही खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागमा पनि कार्यरत छन्।

'यो विषय पढेका विद्यार्थीहरूमा खाना सम्बन्धी गहन बोध भइसकेको हुन्छ। खानाको महत्त्व, यसबाट पाइने पोषण, पोषणको अभावमा हुने शारीरिक र मानसिक समस्या, खानाको रासायनिक रचना, प्रशोधन, भण्डारण, खाद्य स्वच्छता, खानाको गुण नियन्त्रण, खाद्य ऐन र कानुन सम्बन्धी सम्पूर्ण कुराको ज्ञान फुड टेक्नोलोजी पढेकाहरूसँग हुन्छ।

## शिक्षालयमा विद्यार्थीको सक्रियता र भावी योजना

प्राबिधिक शिक्षा जहाँ विद्यार्थीहरूलाई प्रयोगात्मक रूपमा अब्बल गराइन्छ। यसैगरी यस शिक्षालयमा पनि फुड एण्ड डेरी टेक्नोलोजीका विद्यार्थीहरूलाई उनिहरूको बिषयसँग सम्बन्धित प्रयोगात्मक कक्षमा जोड दिएको छौँ। उनिहरू ल्याबमा हुने फुड विश्लेषण र परिक्षण सम्बन्धी प्रविधिका कुरा जान्न आतुर हुन्छन र जान्कारी पनि लिन्छन्। जस्तै दुधको परीक्षण हुँदै गर्दा दुधको पल्याट फम टेस्ट, दुधमा भएको पौष्टिक तत्व (प्रोटिन,फ्याट र सोलिड नट फ्याट) को विश्लेषण, दुधमा भएको सुक्ष्म जीवको परीक्षण इत्यादि।

यसैगरी शिक्षालयले प्रत्येक वर्ष खाद्य स्वच्छता दिवसको अवसरमा नगरपालिका र खाध तथा गुण नियन्त्रण कार्यालय सँग सहकार्य गरि कार्यक्रम आयोजना गरिरहेको छ। जहाँ नगरपालिकाका र वडाका जनप्रतिनिधि,उपभोक्ता प्रतिनिधि, उद्योगी,



खाद्य उत्पादन प्रदर्शन गर्दै फुड एण्ड डेरीका विद्यार्थीहरू

व्यापारी, बजार व्यवस्थापक र सर्वसाधारणका बीचमा विद्यार्थीहरू जनचेतनामूलक नाटक प्रस्तुत गर्छन्, खाद्य स्वच्छता सम्बन्धि अभिव्यक्ति दिन्छन्, सहरका मुख्य मुख्य चोकलाई लक्षित गरी प्रभातफेरी गर्छन् र विशेष बिषयमा सबैलाई सजग बनाउछन् । त्यसैगरी भिन्न भिन्न ठाउँमा आयोजना भएका शैक्षिक प्रदर्शनीमा सहभागी जनाई रैथाने खाना उत्पादन गरी सूचनामूलक सामग्रीका माध्यमबाट रैथाने खानाको पौष्टिक तथा सामाजिक महत्त्वको बारेमा जानकारी दिँदै रैथाने खानाको प्रवर्द्धन र विकासमा स्थानीय क्षेत्रमा सानो भएपनि टेवा पुगेको महसुस गर्दछन् ।

खाद्य स्वच्छताको जानकारी विद्यालयस्तरबाट नै हुन जरूरी भएकाले नगरपालिका भित्रका सामुदायिक विद्यालयमा खाद्य स्वच्छता सम्बन्धि जनचेतनामूलक कार्यक्रमको आयोजना गरिरहेका छौँ । अबको भावी दिनमा शिक्षालयकै प्राङ्गणमा बेकरी हाउसको स्थापना गर्ने योजना छ । जसमा हामीले बर्थ डे केक,कुकिज, ब्रेड र बिस्कुट उत्पादन गर्नेछौँ । त्यसैगरी तुलसीपुर वडा नम्बर १२ का सम्पूर्ण जनसमुदाय लक्षित BMI टेस्ट सञ्चालनमा ल्याई प्रत्येकलाई पोषण सम्बन्धि जानकारी दिने योजना पनि रहेको छ । अन्त्यमा गर्दै आएका कार्यलाई निरन्तरता दिई विद्यार्थी सक्रियता बढाउने र भावी योजनालाई छिटै कार्यान्वयनमा ल्याउने कुरामा हामी निर्धक्क छौँ ।



वाइवाइ चाउचाउको ल्यावमा काम गर्दै फुड एण्ड डेरीका विद्यार्थी

# ३७ जिल्लाका विद्यार्थीको सहभागिता

> गरिब, विपन्न र निम्न वर्गकालाई प्राविधिक शिक्षामा पहुँच स्थापित गर्ने उद्देश्यले सञ्चालनमा आएको यस शैक्षिक संस्थाले छोटो समयमै यस क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाउन सफल भएको छ।

**होमा भण्डारी**
कम्प्यूटर सहायक



स्थानीय तहको २०७४ सालको निवार्चनपछि सरकारले स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारी गऱ्यो। तुलसीपुर उपमहानगरपालिकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ र नेपालको संविधानको अनुसूची ८ ले दिएको अधिकार प्रयोग गरेर तुलसीपुर बहुप्राविधिक शिक्षालय/तुलसीपुर मेट्रो कलेजको स्थापना गरेको हो। गरिब, विपन्न र निम्न वर्गकालाई प्राविधिक शिक्षामा पहुँच स्थापित गर्ने उद्देश्यले सञ्चालनमा आएको यस शैक्षिक संस्थाले छोटो समयमै यस क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाउन सफल भएको छ।

सुरुमा Diploma In Forestry विषयबाट आफ्नो अध्यापन सञ्चालन गरेको यस संस्थाले हाल डिप्लोमा तर्फ Forestry, Agriculture(Plant Science), Mechanical Engineering, Electrical & Electronics Engineering, Food & Dairy Technology and Pharmacy साथै स्नातकतर्फ BALLB, प्रिडिप्लोमातर्फ Information Technology, Electrical & Electronics Engineering and Mechanical Engineering को समेत अध्यापन सुरु गरेको छ।



कानुन अध्ययनरत विद्यार्थीहरू उच्च अदालत तुलसीपुरका मुख्य न्यायाधीशसँग

यस कलेजमा हाल पूर्वमा सप्तरीदेखि पश्चिम कञ्चनपुरसम्म करिब ३७ जिल्लाका छात्र/छात्रा यस शैक्षिक संस्थामा अध्ययन गरिरहेका छन्। संख्यात्मक रूपमा हेर्ने हो भने दाङ, सल्यान, पश्चिम रुकुमका विद्यार्थीको संख्या उल्लेखनीय छ। यस संस्थाले BALLB, Pharmacy लगाएतका विषयको पढाई सुरु गरेपछि कानुन र मेडिकल पढ्ने विद्यार्थीहरूलाई

सहज हुनुका साथै देशभरिका विद्यार्थी पठन पाठनको लागि आउने क्रम जारी छ। यसरी हेर्दा यो संस्था लुम्बिनी प्रदेशको प्राविधिक शिक्षाको हबको रूपमा विकसित भइरहेको छ।

हाल यस शिक्षालयमा दाङसँगै सल्यान, रोल्पा, प्युठान, रुकुम पूर्व, रुकुम पश्चिम, जाजरकोट, बर्दिया, बाँके, सुर्खेत, जुम्ला, हुम्ला, मुगु, डोल्पा, कालिकोट, बाजुरा, बभ्काङ, दैलेख, कपिलवस्तु, अर्घाखाँची, रुपन्देही, बारा, सिराहा, सप्तरी, रौतहट, नवलपरासी पश्चिम, गुल्मी, चितवन, कञ्चनपुर, दार्चुला, कैलाली, मकवानपुर, काभ्रे, रसुवा, काठमाण्डौ लगायतका जिल्लाका विद्यार्थीहरूले विभिन्न प्राविधिक विषय अध्ययन गरिरहेका छन्।



बोटानिकल गार्डेन अवलोकनमा विद्यार्थीहरू

हाल ७ सय ५३ वटा स्थानीय तह मध्ये यस प्रकारको शैक्षिक संस्था स्थापन गर्ने तुलसीपुर उपमहानगरपालीको देशव्यापी चर्चा परिचर्चा हुन थालेको छ। यस शैक्षिक संस्थाले गरिब/दलित/विपन्न र महिलालाई विशेष छात्रवृत्तिको व्यवस्था गरी शिक्षाको ज्योति गाँउगाँउमा फैलाउन लागिपरेको छ। यो संस्थाको स्थापनासँगै प्राविधिक शिक्षा प्राप्त गर्न दाङ छोडेर अन्यत्र जानुपर्ने बाध्यता पनि हटेको छ। यस संस्थाबाट शिक्षा प्राप्त गरेका विद्यार्थीले देश विदेश भित्र छुट्टै आफ्नो पहिचान बनाएका छन्। हालै त्रि.वि.वन विज्ञान अध्ययन संस्थान पोखराले लिएको प्रवेश परीक्षामा यस संस्थाबाट पढेका विद्यार्थी प्रथम स्थान हाँसिल गर्न सफल भएका छन्। यस क्षेत्रका नागरिक यस शैक्षिक संस्था प्रति दिनप्रतिदिन आशा र भरोसा बढाउँदै लगेका छन्। प्राविधिक तथा व्यावसायिक शिक्षामा यस संस्थाले दिएको योगदान अतुलनिय छ।

# स्थानीय सरकारको नमुना कामः तुलसीपुर मेट्रो कलेज

> दाङको तुलसीपुर उपमहानगरपालिकाले प्रशंसनीय काम गरेको रहेछ। आसपासका विपन्न परिवारका सन्तानलाई कलेज खोलेर न्यूनतम शुल्कमा शिक्षा दिने जमर्को गरेको रहेछ। यसरी कलेज खोल्ने सोच जसजसले बनाए सञ्चालन गरे, ती धन्यवादका पात्र हुन्।

**सुशीला कार्की**
पूर्व प्रधान न्यायाधीश



लुम्बिनी प्रदेशको दाङ जिल्लाको तुलसीपुर उपमहानगरपालिकाका नगरप्रमुख टीकाराम खड्का र नगरपालिकाद्वारा स्थापित मेट्रो कलेजका प्रमुख वसन्त आचार्यले हामीलाई कानुनका विद्यार्थीहरूसँग कानुनका सवाल र स्थानीय नगर क्षेत्रभित्रका वडाध्यक्ष, महिला सदस्य र स्थानीय भद्र भलाद्मी, एवं र नगरपालिकाका कर्मचारीबीच नीति निर्माण कसरी गर्ने ? भन्ने विषयमा अन्तरक्रिया गर्ने अवसर दियो।

नेतृत्वको विकास तथा स्थानीय निकायका बारेमा जानकारी गराउने हेतुबाट एक दिवसीय छलफल कार्यक्रम राखिएको थियो। पंक्तिकारका साथै वरिष्ठ पत्रकार हरिबहादुर थापा, अर्का पत्रकार विमल आचार्य जो उक्त क्षेत्रसँग परिचित र नाता सम्बन्ध रहेभएको हुनुहुन्छ तीन जना हामी उक्त उपमहानगरपालिकाको निम्तोमा पुस १ गते दाङ पुगेका थियौँ। हवाई जहाजबाट बिहानीपख नेपालगन्ज र त्यसपछि हामी तुलसीपुर अन्तर्गतको मेट्रो कलेजमा दिउँसो करिब एक बजे पुगेका थियौँ।

करिब २ बजेदेखि कानुन संकायका विद्यार्थीहरूसँग हाम्रो छलफल सुरूभएको थियो। मैले सुरूमा मेरो बाल्यकालदेखिका अनुभव सुनाए। 'म कसरी वकिल भएँ ?' एकतीस वर्षसम्म कानुन व्यवसायी हुँदै वकालत गर्दाका अनुभव सुनाए। त्यसपछि न्यायाधीश हुँदाको केही अनुभव पनि सुनाएकी थिएँ। हरिबहादुरजीले कानुन निर्माणमा संसद्को भूमिका, शक्ति सन्तुलनमा राज्यका अङ्गले खेल्नुपर्ने दायित्वबारे धारणा राख्नुभएको थियो। लामो छलफल चलिरहँदा विद्यार्थीहरूले हामीलाई थुप्रै प्रश्न राखेका थिए। हामीले तिनको उत्तर दियौँ। विद्यार्थीका प्रश्न लरतरा थिएनन्, रोचक र परिपक्व थिए। उनीहरूका प्रश्न सुन्दा तिनीहरू कानुनका प्रथम, दोस्रो, तेस्रो वर्षका विद्यार्थी हुन् भन्ने लाग्दैन थियो। छात्र र छात्राहरू प्रश्न राख्ने क्रममा उत्तिकै संख्यामा बराबर सहभागी भएका थिए।

दाङको त्यो मेट्रो कलेजमा कानुन, कृषि, विज्ञानजस्ता सायद सबै संकाय स्थापित गर्ने प्रयास गरिएको रहेछ। पढ्न आउने छात्र/छात्रा विशेषतः वरिपरिका पहाडी क्षेत्र प्युठान, रोल्पा, सल्यानका वा स्थानीय र नजिक जोडिएको तराई क्षेत्रका यादव, थारू परिवारका समेत रहेको पाइयो। त्यसको कारण कलेजले कम शुल्क लिएको हुँदा थोरै खर्चमा पढ्न सकिने भएकाले रहेछ। यसका अतिरिक्त अर्को सुविधा के रहेछ भने विद्यार्थीहरूले चाहेमा आसपासका बासिन्दासँग कमसेकम छ हजार रूपैयाँसम्म तिरेमा खान र बस्न पाउँदा पनि रहेछन्।

यो कलेजमा निम्न वर्ग र मध्यम वर्गका छात्रछात्रा अधिक संख्यामा पढिरहेको देखियो। ती विद्यार्थीमध्ये केहीमा दुबिधा पनि देखियो। कानुनको स्नातकसम्मको अध्यायन पूरा गर्ने कि नगर्ने ? किनभने यस विषयको अध्ययनपछि पेसामा




स्थापित हुन पनि धेरै समय लाग्छ। कानुनको अध्ययनपछि रोजगारी पाउने क्षेत्र भनेको वकालत, न्याय क्षेत्रमा कानुन अधिकृत, वित्तीय संस्था, स्थानीय निकाय वा अन्तर्राष्ट्रिय संघसंस्थानमा पनि कानुनी सल्लाहकारको रूपमा भविष्यमा काम गर्न सकिन्छ। कानुन व्यवसायी भएर आत्मनिर्भर हुन करिब पाँचदस वर्ष त खर्चिनै पर्ने हुन्छ।

दाङ तुलसीपुरको उक्त मेट्रो कलेजमा पढ्न आउने छात्र/छात्रा निम्न आयका परिवारका नै हुन्। किनभने आर्थिकरूपमा सक्षम परिवारले छोरा/छोरीलाई काठमाण्डौंमा स्थापित र नाम चलेको कलेजमा राखेर पढाउँछन्। कारण, काठमाण्डौंमा धेरै कुराको पहुँच र सुविधा पाउन सम्भावना रहन्छ। विद्यार्थीहरूले छलफलको क्रममा कुरा खोले विद्यार्थीका मातापिता जो ग्रामीण तथा पहाडी क्षेत्रमा बसोबास गरेका छन् तिनको परिवारले त्यहाँ महिनामा हुने पाँच/दस हजार रूपैयाँ खर्चको पनि जोगाड गर्न सकिरहेका छैनन्। तसर्थ, अबका दिनहरूमा स्वयम् आमाबाबु नै आफ्ना कलिलै उमेरका सन्तानलाई खाडीका मुलुक, मलेरिया, कोरिया वा युरोपका कुनै पनि देशमा गएर सन्तानले कमाउन् भन्ने अवधारणा राख्न थालेका छन्। गाउँघरमा आमाबाबुको त रोजगारी छैन।

अन्नपात फलफूल मरीमरी फलायो, बजारमा बिक्दैन। बिके पनि कौडीको भाउमा बेच्नुपर्छ। त्यसबाट लागेको लागत पनि उठ्दैन। बरू भारतबाट आयातित समान बजारमा छ्यासछ्यास्ती बिक्रिमा छन्। ती आयातित सामानको बिक्री हुन्छ तर नेपाली उपज तिनै वस्तु फालिन्छन्। सडेर जान्छ तर बिक्री हुँदैन। हाम्रो मुलुकभित्र एउटा बलियो षड्यन्त्रकारी सञ्जालको सञ्चालन छ जसले नेपालीलाई गरिब बनाएर विदेशीको कमारो बनाउने योजनाको सञ्चालनमा लागिपरेको छ। नेपालीले शिक्षा र रोजगारीको नाममा बरू भिसा र पासपोर्ट सरलसँगै पाउँछन्। परराष्ट्र मन्त्रालय, प्रमुख जिल्ला अधिकारीका कार्यालय, श्रम कार्यालय, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा मुलुकबाट बाहिरिनेको भिड, लाम लागेको हेर्दा यस्तो प्रतीत हुन्छ। मानौं सारा नेपाली अधबैंसे उमेरको, जवान, युवायुवती मुलुक छाड्ने होडबाजीमा छन्। यस्तो लाग्छ, मुलुकमा कुनै महामारी नै चलेको छ।

त्यसैले बुद्धिजीवीहरूले भन्न थालेका छन् - नेपालमा गणतन्त्रको सिद्धान्त र मर्मलाई मुठ्ठीभरका नेताले आफ्नो परिवार र आफ्ना निम्ति राम्रैसँग भजाउन सफल भएका छन्। नरहे बाँस नबजे बाँसुरी भनेजस्तै। भए भरका ताता उम्लिने रगतलाई भोको पेट राखेपछि युक्रेन, रूस, मलेसिया अरबको तातो बालुवामा आफू अकालमा देह त्याग गरेरै भए पनि जहान बालबच्चा बूढा आमाबाबुको पेट पाल्नै पर्छ। अनि त्यसो हुँदा मुलुकका अग्रज नेतालाई कति हाईसञ्चो, मुलुकभित्र न

विवाद, न विरोध। न त सडकको फलामे बार भाँच्नेहरूको संख्या मुलुकमा रहेबचेको छ। आन्दोलन गर्नेहरूको मुलुकमा अकाल भएपछि सदाबहार नेतृत्व पंक्तिमा अटल भएर कायम रहन पाइयो।

नेपालमा आज त्यही भइरहेको छ। नेपालीले स्नातकोत्तर डिग्री पाए पनि विदेशमा जहाँ गए पनि प्रारम्भमा जुठोचुलो र भान्सा पुच्छने कामसम्म गर्ने नै हो। हिजो बेलायती सेनामा राणाहरूले रोयल्टीको पोको बुझेर १५ वर्षसम्मका नाबालकलाई पनि विदेशी रणभूमिमा युद्धमा होमेकै थिए। त्यो रोयल्टी बुझ्ने कार्य भनिन्छ। पञ्चायतकालसम्ममा पनि जारी थियो। आज पनि हिजोजस्तै जुँगाको रेखीसम्म नबस्दै बालकहरू त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा लाम लागेका छन्। हिजो रोयल्टी बुझ्ने एक परिवार थियो तर आज गणतन्त्रमा धेरै घराना छन्।

नेपालीले रोजगारी पाउने ठाउँ भनेको हाललाई युक्रेन र रूसको युद्ध मैदान खुला छन्। त्यहाँ जाने र युद्धमा घाइते हुने कसैकसैले त भनेका पनि छन् - 'मरेरै भए पनि जन्म दिने आमाको गर्जो टारेर आमालाई खुसी पार्न सक्छु कि भनेर जानीजानी होमिन आएको हुँ।' वैदेशिक रोजगारीको पीडाबाट अत्यन्त प्रभावित रहेछ दाङ। सालना ११ देखि १५ जना स्थानीय युवा अकालमा मरेका छन्, वैदेशिक रोजगारीका निम्ति जाने दाङवासी। यस वर्ष २०८० सालमा मात्र पनि हालसम्म ज्यान जानेको संख्या ५ जना पुगिसकेको छ।

पुस १ गतेको साँझमा तुलसीपुर उपमहानगरपालिकाका मेयरले तिनै वैदेशिक रोजगारमा गई मर्ने मृत आत्माको नाममा दीप प्रज्वलन गर्दा हामी पनि सरिक भएका थियौं। दाङबाट चोर बाटो भएर अमेरिका पुग्नेहरूको संख्या पनि प्रशस्त रहेछ। तिनले अफ्रिका र ल्याटिन अमेरिकी मुलुकहरू पार गर्दै दलालमार्फत कुबाटो भएर जाँदा लाखौं लाख रूपैयाँ र बाटामा जाँदा जाँदै ज्यान गुमाएको उदाहरण पनि प्रशस्त छन्। तापनि तिनको त्यहाँ जाने सपना निरन्तर छ। बरू दाजु त्यसरी अकालमा मरे, भाइ जान तत्पर छ। पत्रकार विमल आचार्यले भनेअनुसार यस भेगका कतिपय गाउँघरमा बिरामी अस्पताल पुऱ्याउने युवाको अभाव छ। त्यस्तै मरेकाको सदगत गर्ने मलामी गाउँमा छैनन्। जम्मै गाउँ वृद्ध नै वृद्धमय बनेको छ। त्यसमाथि तुलसीपुरको आसपास ग्रामीण क्षेत्रमा खाली चौरबीच एकसेएक सुन्दर तिन तले पक्की घरहरू निर्माण गर्ने होडबाजी नै चलेको देखियो। सयौं त्यस्ता घर छन् न त व्यवसायमा लगाएर आम्दानी गर्न सकिने न त वृद्ध मातापिताले स्याहार्न सक्ने। त्यसको कुनै लाभ नै छैन। ती सबै अमेरिका पुगेर कष्ट गर्नेहरूका घर हुन् जो विदेशिएर कमाएको ठाटबाट देखाउन चाहन्छन्।

**सयौं त्यस्ता घर छन् न त व्यवसायमा लगाएर आम्दानी गर्न सकिने न त वृद्ध मातापिताले स्याहार्न सक्ने। त्यसको कुनै लाभ नै छैन। ती सबै अमेरिका पुगेर कष्ट गर्नेहरूका घर हुन् जो विदेशिएर कमाएको ठाटबाट देखाउन चाहन्छन्।**

जे होस् दाङको तुलसीपुर उपनगरपालिकाले एउटा प्रशंसनीय काम गरेको रहेछ। आसपासका विपन्न परिवारका सन्तानलाई कलेज खोलेर शिक्षा दिने जमर्को गरेको रहेछ। यसरी कलेज खोल्ने सोच जसजसले बनाए सञ्चालन गरे, ती धन्यवादका पात्र हुन्। अब त्यहाँ एउटा साधारण मेट्रो होटलको पनि आवश्यकता छ जहाँ निम्न वर्गले काम परेर आउन पर्दा आफ्नो औकात अनुसार बास पाउन्। प्रत्येक नगरपालिकाले निम्न र मध्यम वर्गको सेवाको निम्ति यी कार्यको अनुकरण गर्न आवश्यक छ। साभारः बाह्रखरी डटकम

# वनै वनको देशमा वन विज्ञानको महत्त्व

> तुलसीपुर उपमहानगरपालिकामा मात्रै नभई देशैभरी नै वन प्राविधिकहरू उत्पादन गरी देशको वनक्षेत्रको दीगो व्यवस्थापन र संरक्षण गर्ने उद्देश्यले तुलसीपुर बहुप्राविधिक शिक्षालयले वन विज्ञान अध्ययन गराउँदै आइरहेको छ।



**सचिन सुवेदी**
प्रशिक्षक
वन विज्ञान

तुलसीपुर उपमहानगरपालिका र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को साझेदारीमा सञ्चालित यस तुलसीपुर बहुप्राविधिक शिक्षालयमा विगत पाँच वर्षदेखि तीन वर्षे वन विज्ञान पढाई भइरहेको छ। नेपालको कुल क्षेत्र मध्ये झण्डै ४५ प्रतिशत वन क्षेत्रले ओगटेको छ, वनलाई व्यवस्थापनको उद्देश्यले संरक्षणमुखी र उत्पादनमुखी वनको रूपमा व्यवस्थापन गरिएको छ । वन विज्ञान विषयमा मुख्यतया रुख, जडिबुटी, वन्यजन्तु, वातावरण, जलवायु परिवर्तन, कृषि वन र वन सम्बन्धी उद्यमशीलता विकास सम्बन्धी बिषयवस्तुको ज्ञान हुने गर्दछ। युवाहरू विदेशिदै गएको परिवेशमा देशमै रोजगारीको अवसर प्राप्त गर्नको लागि पढ्नैपर्ने एउटा महत्त्वपूर्ण समसामयिक विषय हो वन विज्ञान।

तुलसीपुर उपमहानगरपालिकामा मात्रै नभई देशैभरि नै वन प्राविधिकहरू उत्पादन गरी देशको वनक्षेत्रको दीगो व्यवस्थापन र संरक्षण गर्ने उद्देश्यले तुलसीपुर बहुप्राविधिक शिक्षालयले वन विज्ञान अध्ययन गराउँदै आइरहेको छ।

**वन विज्ञान नै किन पढ्ने त ?**

- सरकारी सेवामा पाँचौं तहसम्म (रेन्जर) मा जान सकिने।
- विभिन्न एनजीओ जस्तै NTNC, GFN, FECOFUN, मा रोजगारीको अवसर प्राप्त हुने।
- विभिन्न INGO जस्तै IUCN, WWF, ICIMOD, GIZ  मा रोजगारीको अवसर प्राप्त हुने।



गोलिया काठको आयतन मापन गर्दै विद्यार्थीहरू



प्लाइउड फेक्ट्री अवलोकन गर्दै विद्यार्थीहरू

- वनमा आधारित उद्योगको विकास गरी उद्यमशील बन्न सकिने ।
- कृषि वन प्रणाली लागू गरी आत्मनिर्भर बन्न सकिने ।
- CTEVT मा सहायक प्रशिक्षक हुन सकिने ।
- जडीबुटीको खेती गरी देशमै स्वरोजगार बन्न सकिने ।
- जलवायु परिवर्तन अनुकूलन सम्बन्धी परियोजनाहरूमा सहजकर्ताको काम गर्न सकिने ।
- समृद्धिका लागि वन परियोजनामा वन प्राविधिकको रूपमा काम गर्न सकिने ।
- वातावरणीय अध्ययन (IEE / EIA) प्रतिवेदन तयार गर्न सकिने ।

**तुलसीपुर बहुप्राबिधिक शिक्षालयले गरेका क्रियाकलापहरू**

- GFN सँगको सहकार्यमा सामुदायिक वनको कार्ययोजना निर्माण,
- उद्यमशीलता विकास सम्बन्धी तालिम,
- तीन महिना कार्यगत तालिममा पठाइएको,
- तुलसीपुर आसपासका क्षेत्रहरूमा वृक्षारोपण,
- विषयगत क्षेत्र अवलोकन गराइने,
- कृषि वन अन्तर्गत प्रत्येक वर्ष फूलखेती गरिएको,
- वन, वातावरण, जलवायु परिवर्तन सम्बन्धी गोष्ठी तथा तालिमहरूमा निरन्तर प्रशिक्षार्थीहरूलाई पठाइएको,
- कृषि वन नर्सरी निर्माण गरिएको,
- जडिबुटी खेती सम्बन्धी छोटो अवधिको तालिम सञ्चालन गरिएको,
- सर्प उद्दार सम्बन्धि तालिम सञ्चालन गरिएको ।

विश्वमा जलवायु परिवर्तनको असरहरूले प्रभाव परिरहेको बेला वन विज्ञान विषयको ज्ञानले वनको व्यवस्थापन, संरक्षण र सही उपयोगका कारण ती असरहरू केही हदसम्म कम हुन सक्छन् । वन पैदावारको बिक्री वितरणबाट देशले मनग्गे र राजस्व कमाउन सक्छ । तसर्थ वन विज्ञान विषयले धेरै नै महत्त्व बोक्ने गर्दछ ।

# फार्मेसी किन पढ्ने ?

> फार्मेसी सञ्चालनका लागि अनिवार्य रूपमा फार्मेसी अध्ययन गरेको विद्यार्थी हुनुपर्ने भएकाले पनि आफै स्वरोजगार हुनका लागि यसको धेरै आवश्यकता हुने गर्दछ ।

**डा. चुडामणी न्यौपाने**
फार्मेसी प्रशिक्षक



डिप्लोमा इन फार्मेसी अर्थात एसईई पश्चात् पढ्न सकिने ३ वर्षे स्वास्थ्य कार्यक्रम । जस अन्तर्गत विशेष गरेर औषधि उत्पादन, औषधिको काम गर्ने तरिका, विभिन्न सकारात्मक तथा नकारात्मक असर तथा समुचित औषधिको प्रयोग सम्बन्धि अध्यापन हुने गर्दछ। डिप्लोमा इन फार्मेसीको माग अहिले चिकित्सा क्षेत्रमा अधिकरूपमा बढेर गएको छ। यसको अध्ययन पश्चात् निम्न कुरामा विद्यार्थीहरूले अवसर प्राप्त गर्ने गर्दछन् ।

१. तिनवर्षे फार्मेसी कार्यक्रमको अध्ययन पश्चात औषधि सम्बन्धि सम्पूर्ण ज्ञान प्राप्त हुने भएको हुँदा उक्त व्यक्तिले आफ्नो क्षेत्रमा कुनै पनि निजी औषधि पसल सञ्चालन गरेर व्यवसाय गर्न सक्दछ। फार्मेसी सञ्चालनका लागि अनिवार्यरूपमा फार्मेसी अध्ययन गरेको विद्यार्थी हुनुपर्ने भएकाले पनि आफै स्वरोजगार हुनका लागि यसको धेरै आवश्यकता हुने गर्दछ।

२. फार्मेसी अध्ययन गरेको फार्मेसिष्टले कुनै पनि निजी या सरकारी स्वास्थ्य संस्थामा काम गर्नका लागि सजिलै अवसर पाउने गर्दछ।

३. दिनप्रतिदिन जनसङ्ख्या बढ्दो क्रममा रहेको र त्यस सँगसँगै बढ्दो रोगहरूको कारणले सुगम तथा दुर्गम क्षेत्रहरूमा फार्मेसिष्टको माग बढ्दो र उत्पादन कम्पनीहरूले पनि धेरै मात्रामा फार्मेसिष्टहरूको माग गरिरहेका छन् ।

४. आफ्नो करिअर विकास गर्न एकदम सजिलो हुने र विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कम्पनीहरूमा Drug Developer, Researcher तथा Sales Representative का रूपमा काम गर्न सकिने हुन्छ।

५. विरामीसँग डाक्टर सरह सिधा प्रस्तुत भएर रोगको डाइग्नोसिस र यसमा समुचित औषधि प्रदान गर्न सकिने हुँदा समाजमा इज्जत तथा प्रतिष्ठा कायम हुने र यसबाट आत्मसन्तुष्टि मिल्ने गर्दछ।


६. नेपालको सन्दर्भमा विभिन्न फार्मेसिष्ट एसोसिएसन तथा औषधि व्यवस्था विभागको राम्रो निरीक्षण, निगरानी ऐक्यवद्धता तथा अवसरहरू फार्मेसिष्टलाई देखाइरहेको हुँदा यस कोर्ष गरेवाफत नेपालमै बसेर केही गर्न सजिलो हुनेछ।

**फार्मेसिष्टको मुख्य कार्यक्षेत्र कहाँ छन् ?**

- औषधिको प्रथम खोजी, अनुसन्धान र विकास कार्यमा
- उद्योगहरूमा औषधिको उत्पादन
- औषधिको गुणयुक्तता, जनसुरक्षितता र असर्युक्तताको प्राविधिक स्पेसिफिकेसन आदि अनुसार ग्यारेन्टी गर्न नियमनकारी निकायमा। (जुन हाल औषधि व्यवस्था विभागले गर्छ।)
- औषधिको गुणस्तर परीक्षण (हाल सरकारी निकायमा राष्ट्रिय औषधि प्रयोगशालाले गर्छ।)
- बिरामीको स्वास्थ्य प्रवर्धन, रोग रोकथाम, औषधि उपचार/अन्तरक्रिया/साइड इफेक्टको निगरानी, थेराप्युटिक ड्रग मोनिटरिङ आदिद्वारा फर्मास्युटिकल केयरमा राज्यको औषधि खरिद, ढुवानी, आपूर्ति व्यवस्थामा गुणस्तर प्रत्याभूति, तथा नीति नियम ल्याउन
- अस्पताल फार्मेसीमा औषधि वितरण, परामर्श, छनोट, व्यवस्थापन आदि सेवा
- सामुदायिक फार्मेसीमा डाक्टरका पुग्नु भन्दा पहिले परामर्श, उपचार, हेरचाह, विद्यमान संक्रामक रोगको पहिचान आदि गर्ने प्राथमिक बिन्दु।

# कानुन पढ्ने चाहना यसरी पुरा हुँदै

कानुन भनेको नियमहरूको त्यस्तो दस्तावेज हो जसले मानिसको व्यवहार तथा क्रियाकलापलाई नियन्त्रण तथा निर्देशन गर्दछ।



**तिलक रावत**
विद्यार्थी

पाँच वर्ष अघि एउटा सिनेमा हेरेको थिए छ एकान छ जसमा  कलाकार जितु नेपाल वकिलको भूमिकामा हुनुहुन्थ्यो। उहाँले लगाएको कालो कोट र कालो कोटमा लुकेको बोल्ने कला, शब्दमा आएको निखारता, कालो कोटले पाएको सम्मान ज्ञानको भण्डार जस्तो लाग्ने जीवनशैलीले मलाई लोभ्यायो र त्यतिबेलै सोचिसकेको थिए म वकिल बन्छु भन्ने कुरा। तर थाहा थिएन वकिल बन्न के गर्नुपर्छ ? के पढ्नुपर्छ र ? कति खर्च लाग्छ ? स्कुलस्तरको पढाइ सकेर संयोगवस  केही समय काठमाण्डौं बस्ने मौका जुर्‍यो। एकदिन घुम्दै जाँदा एउटा  कलेजको बोर्डमा मेरो आँखा गयो जहाँ  कानुन पढाइ हुन्छ लेखेको थियो। मैले त्यसैदिन देखि कानून पढ्छु भन्ने सोचे र घरमा आएर परिवारलाई कानुन पढ्छु भने। मेरो रोजाइ मै राजी हुने मेरो परिवारले मेरो कानुन पढ्ने इच्छालाई इन्कार गरेन र चाँडै नै काठमाडौं स्कुल अफ सेन्ट्रल स्टेटमा भर्ना पनि आफै गएर गरे। त्यतिबेला माध्यमिक स्तरमा (१२ पछि)  भर्खरै कानुन पढाउन सुरूवात गरिएको थियो।

कानुन के हो ? भन्ने पनि नजानेर वकिल बन्छु भन्ने मात्र सपना बोकेर कानुन पढ्न सुरू गरेको मैले पढ्दा पढ्दै थाहा पाए कानुन एक त्यस्तो अस्त्र हो जसले समाजमा अपराधलाई नियन्त्रण गर्दै शान्ति कायम गर्छ। कानुन भनेको नियमहरूको त्यस्तो दस्तावेज हो जसले मानिसको व्यवहार तथा क्रियाकलापलाई नियन्त्रण तथा निर्देशन गर्दछ। कानुनले नागरिकका हकअधिकारलाई सुनिश्चित गर्नुका साथै सरकारको शक्तिलाई सिमित गर्दछ। जनतालाई हक अधिकार प्रदान गर्न तथा राज्यलाई निर्देशित गर्न कानुन नभइ नहुने कुरा हो; कानुनको अभावमा राज्य सञ्चालनको



कानुन अध्ययनरत विद्यार्थीहरू

कल्पना पनि गर्न सकिदैन। मानव सभ्यताको विकास र विस्तारसँगै सामाजिक परिवेश र सामाजिक सह-अस्तित्व कायम गर्न कानुनको भूमिका महत्वपुर्ण रहन्छ। सवल र सभ्य समाज निर्माणका लागि कानुनको आवश्यकतालाई भुल्नु हुँदैन। कानुनको मुख्य उदेश्य मानव जीवनलाई शासित गर्ने हो।

मानवलाई आफू नियन्त्रित र चलायमान हुने साधनका बारेमा ज्ञान हुन जरूरी छ। भनिन्छ जहाँ मानव हुन्छ त्यहाँ कानुन हुन्छ (it cannot run in vacuum) यसैबाट थाहा हुन्छ कि कानुनको महत्व र दायरा कति धेरै छ भन्ने कुरा। कानुन पढेर वकिल मात्र हैन, विभिन्न न्यायिक निकाय, सरकारी तथा गैर सरकारी संघ संस्थाहरूमा कानुन पढेका जनशक्तिको माग धेरै हुने गरेको छ। कानुनको दायरा राष्ट्रमा मात्र नभइ विभिन्न अन्तराष्ट्रिय संघ संगठनमा पनि हुने रहेछ भन्ने कुरा थाहा पाए। हरेक क्षेत्रमा हुने कानुनी ज्ञानको महत्व र दायरा बुझिसकेपछि मैले १२ पछि पनि कानुन नै पढ्ने निधो गरे।

घरको आर्थिका स्थिति त्यति मजवुद नभएकाले काठमाण्डौं बसेर आफ्नो अध्ययन पुरा गर्न लगभग असम्भव नै थियो। नेपालमा कुन ल कलेज अलि सस्तो त गुणस्तरीय छ भन्ने खोज्दै गर्दा मेरो आँखा लुम्विनी बौद्ध विश्वविद्यालयबाट सम्बन्धन प्राप्त भई तुलसीपुर उपमहानगरपालिकाले सञ्चालनमा ल्याएको तुलसीपुर मेट्रो कलेजमा गयो। भर्खरै उदयमान हुँदै गरेको कलेजमा त्यो पनि काठमाडौं भ्याली बाहिर जहाँ कानुन अध्ययनका लागि प्राज्ञ तथा दक्ष जनशक्ति जान नमान्ने ठाँउमा अध्ययन गर्न साथै आफ्नो लक्ष्य पुरा गर्न सम्भव होला र भन्ने प्रश्न मानमा नआएको हैन तर पनि घरपरिवारको सल्लाह लिएर मेट्रो कलेज नै पढ्ने निर्णय गरियो।

मेट्रो कलेजले सक्षम जनशक्ति पाएको अनुभुति भएको कुरा कलेजमा विभिन्न समयमा हुने अतिरिक्त क्रियाकलाप, कानुनी साक्षरता कार्यक्रम, विभिन्न मुटकोर्टमा हुने सहभागिताले प्रमाणित गरिसकेको छ। भर्खरै स्थापित हुँदै गरेको तुलसीपुर मेट्रो कलेजले कतिपय कुरामा स्थापित भई सकेका कलेजभन्दा राम्रो प्रगति गरेको देखिन्छ जुन सामान्य कुरा भने हैन। कलेज प्रमुख, प्रशासन तथा कानुन संकायले हामी विद्यार्थीहरूका लागि खटेको देख्दा साँच्चै गर्व लाग्छ। हामी कानुनका विद्यार्थीहरूले विभिन्न किसिमले समाजमा तथा विद्यालयमा कानुनी कुरा सिकाएर, बालबालिकालाई बाल अधिकार, महिला, ज्येष्ठ नागरिक, शारिरीक रूपमा अशक्त, युवाहरूलाई उनीहरूको काम,कर्तव्य र अधिकारप्रति जिम्मेवार बनाउन मद्दत गरेका छौं। scholar Roscoe Pound ले “law is social engineering and lawyers are social engineer” भनेझैं कानुन भनेको एक सामाजिक इन्जिनियरिङ हो र वकिल भनेका इन्जिनियर हुन जसरी एक इन्जिनियरले घर कस्तो बनाउने, कुन डिजाइन राख्ने, कस्तो बनाउदा राम्रो देखिन्छ, कति मात्रामा सिमेन्ट,बालुवा, रड राख्ने भन्ने कुरा आँकलन गरेझै एक कानुन पढेको व्यक्तिले पनि समाज सुहाउदो, आवश्यक र कुन वर्गलाइ कस्तो जनचेतनाको आवश्यक छ। भविष्यदर्शी कानुन बनाउन र समाजमा लागु गर्न ठूलो भूमिका खेल्छ जो हामीले कलेजको सहयोगमा गरिरहेका छौं यति कुरा सम्भव हुने थिएन। मलाई गर्व छ मेट्रोमा अध्ययन गर्न पाउनुमा र म यो कुरामा पूर्ण विश्वस्त छु यो कलेजले मलाई यो देशलाई आवश्यक पर्ने एक महत्त्वपूर्ण जनशक्तिको रूपमा निर्माण गर्नेछ।

> मेट्रो कलेजले सक्षम जनशक्ति पाएको अनुभुति भएको कुरा कलेजमा विभिन्न समयमा हुने अतिरिक्त क्रियाकलाप, कानुनी साक्षरता कार्यक्रम, विभिन्न मुटकोर्टमा हुने सहभागिताले प्रमाणित गरिसकेको छ।

# मैले किन कानून पढे ?

कानुनी शिक्षा कानुन निर्माता, कानुनका ब्याख्याता, कानुनी पेशा र क्षेत्रमा संलग्न व्यक्ति, कानुनका विद्यार्थी, राजनीतिज्ञ, व्यापारी ,आम–सर्वसाधारण जो कोहीको लागि उत्तिकै महत्त्पूर्ण छ।



**पारस वली**
तेस्रो सेमेस्टर

कानूनको अज्ञानता क्षम्य हुँदैन भन्ने कानुनको सर्वव्यापी मान्यताअनुरुप कानून जान्दिन भन्ने छुट कसैलाई पनि छैन। अधिकारको प्राप्ती होस् या जिम्मेवारीको पालना हरेक कुरा कानूनको पालनासँगै जोडिएर आउने गर्दछ। कानुन समाज व्यक्ति र तिनका हरेक गतिविधि र सम्बन्धसँग सम्बन्धित विषय हो। कुनै राष्ट्र भित्र होस् या अन्तर्राष्ट्रिय समुदाय हरेक क्षेत्रमा कानुनको आवश्यकता बढ्दो छ। तसर्थ आजको आवश्यकता भनेको कानुनी शिक्षा हो ।

कानुनी शिक्षा कानुन निर्माता, कानुनका व्याख्याता, कानुनी पेशा र क्षेत्रमा संलग्न व्यक्ति, कानुनका विद्यार्थी, राजनीतिज्ञ, व्यापारी, आम-सर्वसाधारण जो कोहीको लागि उत्तिकै महत्त्वपूर्ण छ। तसर्थ उच्च शिक्षामा कानुनी शिक्षा प्राप्त गर्दा आजको कानुनको विद्यार्थी भविष्यको एक सक्षम कानुनको ब्याख्याताका साथै एक दक्ष कानुन निर्माता, कुशल राजनेता, नैतिकवान व्यापारी, सामाजिक इन्जिनियरको रूपमा कानुन व्यवसायी, जिम्मेवार नागरिक बन्न सक्दछ। कानुन विषय अध्ययनको कुनै सीमा छैन यसले नछोएको र सम्बन्ध नराख्ने कुनै क्षेत्र छैन। अन्य हरेक विषयको आफ्नै सीमा उपयोगिता हुन्छ। तर ती हरेक विषय कानूनभन्दा भिन्न भएर पूर्ण हुन सक्दैनन्। त्यसैले गर्दा कानुनीशिक्षा मानव जीवनको अभिन्न अङ्ग जस्तै सावित भएको छ। वर्तमान मानव जगतमा कानून निर्माण हुन नसकी भन्दा कानुनी साक्षरताको कमीको कारण मानिस अधिकार प्राप्तीबाट बन्चित हुने गरेका छन्। तसर्थ आजको आवश्यकता भनेको कानुनी शिक्षा हो।

सोहि कुरालाई मध्यनजर गर्दै दाङ जिल्ला भित्रमा नै तुलसीपुर मेट्रो कलेजले लुम्बिनी बौद्ध विश्वविद्यालयबाट सम्बन्ध प्राप्त गरी तुलसीपुर उपमहानगरपालिकाको संयुक्त साझेदारीमा कानुनी उच्च शिक्षातर्फ पाँच बर्षे BALLB कार्यक्रम सञ्चालनमा ल्याई अध्यापन गराउँदै आएको छ। स्थानीय तहमै उच्च शिक्षा सम्बन्धि पढाई हुँदा म जस्ता रुकुम, रोल्पा, हुम्ला जुम्ला कालिकोट जस्ता दुर्गम क्षेत्रबाट उच्च शिक्षामा कानून पढ्ने लक्ष्य बोकेका विद्यार्थीको लागि काठमाण्डौं बाहिर काठमाण्डौं सरहको गुणस्तरीय शिक्षा प्राप्त गर्ने वातावरण भएको छ। यो सुनौलो अवसर तयार गरेकोमा कानुन पढ्ने विद्यार्थीको नाताले कलेजप्रति कृतज्ञता व्यक्त गर्दछु। आवश्यकतालाई बुझ्रेर दृढ लक्ष्य र संकल्प आत्मसात गर्दै लागिपरेपछि एकदिन अवश्य गन्तव्य प्राप्ती हुनेछ। मेरो प्राप्ती मेरा लागि मात्र सिमित नरही समग्र समाजको परिवर्तनको हिस्सेदार बन्नेछ। त्यसैल उच्च शिक्षामा कानुनलाई मैले अध्ययनको विषय बनाए।

# कानुनी शिक्षाको महत्त्व र मेरो रोजाई

> तुलसीपुर मेट्रो कलेजले बि.ए.एलएल.बि.पढाइ हुने थाहा पाएपछि मैले रोजेको अनि खोजेको जस्तै हरेक सेवा सुविधा सम्पन्न भएकाले यस कलेजलाई रोजेको हुँ।

**हसिना बुढा मगर**
चौथो सेमेष्टर



कक्षा ९ मा पढ्दै गर्दा सेभ द चिल्ड्रेन भन्ने अन्तर्राष्ट्रिय संस्थाले नेपाल र संसारभरका बालबालिकाको अधिकार संरक्षण गरी बालबालिकाको जीवन र भविष्यमा सुन्दर परिवर्तन ल्याउने अठोटका निम्ति बाल संरक्षण ३ वर्षे अभियान कार्यक्रम २०७४ देखि २०७६ सालसम्म त्रिवेणी गाउँपालिका रोल्पामा सञ्चालन गरेको थियो। बालबालिकाकालाई सहभागी गराई सचेतना र सीप विकास गर्न तालिम दिने भएकाले म पनि विद्यालयको बाल क्लबको प्रतिनिधित्त्व गर्दै कार्यक्रममा जोडिएको थिए। बाल बचाउँ अभियानकै क्रममा समाजमा रहेका विपन्न, गरिब, अशक्त, शिक्षा, स्वास्थ्यबाट वञ्चित, बालविवाह, बालश्रम पीडित बालबालिको मुहारमा खुसी ल्याउन पाउँदा र अरुबाट प्रशंसायोग्य पात्र बन्दा साँच्चिकै सामाजिक अभियन्ता भएको अनुभूति गर्ने मौका मिल्यो। काम गर्दै गर्दा कानुनीकुरा आवश्यक पर्ने भएकाले मलाई अब्बल कानुनी सामाजिक अभियन्ता बन्ने इच्छा जाग्यो र भविष्यको लक्ष्य बनाए। समाजमा प्रत्येक नागरिकको चेतना निर्माण गर्न, शोषित पिडित ब्यक्तिको न्यायको लागि बुलन्द आवाज उठाउन सकु भन्ने मेरो सोच थियो। सामाजिक अभियन्ता बन्ने थुप्रै माध्यमहरू थिए तर मलाई कानुनी अभियन्ता भएर काम गर्न मन थियो तर मसँग कुनै आईडिया थिएन।



कानुन अध्ययनरत विद्यार्थीहरु

“ढुङ्गा खोज्दा देवता मिले” भने जस्तै मेरो गाउँको सामुदायिक स्कुलमा अध्यापन गराउनु हुने गुरु तिलबिर डाँगीले मेरो इच्छा सुनेर मलाई  कानुन पढेर वकिल बन्ने सल्लाह दिनुभयो। झन् मलाई हौसला मिल्यो। कानून त्यस्तो एक साधन हो जसको माध्यमबाट आफ्नो हक अधिकार संरक्षण गर्न, न्याय र अन्याय छुट्याई मुद्दाहरूको अन्तिम टुङ्गो लगाइ पीडितलाई न्याय पाएको अनुभूति दिलाउने गरिन्छ।

मैले पीडितको अधिकारका लागि  निष्पक्ष रूपमा कानुनका व्याख्या गर्न सक्ने सफल अभियन्ता, कानुनवेत्ता बन्ने मेरो उद्देश्य पुरा गर्न सामाजिक प्राणीहरुको उन्नति, सुख एवं समृद्धिका सामाजिक, आर्थिक, राजनैतिक तथा वैयक्तिक सम्बन्ध प्रगाढ पार्न, अन्याय गर्नेलाई उचित दण्ड र अन्यायमा परेकालाई न्याय दिलाउन प्रभावकारी अर्थपूर्ण कानुनी शिक्षाबाट मात्र असल र क्षमतावान वकिल, न्यायाधिश जस्ता व्यक्तिहरू उत्पादन हुन गई न्यायमा जनताको पहुँच पुऱ्याउने र स्वच्छ, निष्पक्ष र प्रभावकारी न्याय  प्रणालीको स्थापना गर्ने कानुनी शिक्षाका महत्त्व बुझे।

मलाई मेरो उद्देश्य परिवारलाई भन्न डर लागेको थियो। किनकी मलाई थाहा थियो म छोरी, कृषि, खेती किसानी र पशुपालन गर्दै जीविकोपोर्जन गर्ने सामान्य परिवारको छोरीलाई गाउँ बाहिर वा सहर बसालेर पढाउने आर्थिक हैसियत थिएन र मलाई सहरमा पढ्न पठाउनु हुँदैन भन्ने सबैको सोच पनि थियो। मैले कानुन पढ्नका लागि ठूलोबाबाको छोरा नरेन्द्र दाईबाट पनि सल्लाह साथै समर्थन पाए र दाइले मेरो बाल्यावस्थाको साथी पनि ल पढ्ने थाहा पाएको हुनाले सम्पर्क गरेर ल पढ्ने कलेज पक्का भयो। तर घरपरिवारमा कन्भिन्स नभएर मलाई पढ्न पाउँदैन कि भन्ने डर थियो। मेरो बारम्बार अनुरोधले मेरो बाबालाई कन्भिन्स गर्न सके र काठमाडौंमा गएर पढ्ने अनुमति पनि पाए सायद मेरो बाबा पढ्दापढ्दै आर्थिक अभावको कारणले आफू विदेशिनु परेको हुनाले होला मेरो इच्छालाई धन्न बुझिदिनुभयो।

दैनिक मजदुरी गरी ५०० रुपैयाँ कमाएर घर धन्दा धान्न धौधौ पर्ने मेरो बाबाले हिम्मत नहारी मलाई काठमाडौको महङ्गी, महङ्गो कोठा भाडा, खाजा नास्ता, कलेज फि लगायत सम्पूर्ण सुविधा सहित पढ्ने अवसर जुटाईदिनुभयो। निकै कठिनताका साथ जसोतसो समस्या सामाधान गर्दै ११/१२  काठमाडौबाट पास गरे। मलाई आर्थिक कमजोरीका कारणले काठमाडौमा बसेर बि.ए.एलएल.बि पढाई पुरा गर्न सक्ने अवस्था नभएर आर्थिक रूपमा सस्तो फि भौगोलिक अनुकुल वातावरण भएको हरेक सेवा सुविधा र घर आवतजावतमा सहज हुने कलेज खोज्दै गर्दा लुम्बिनी प्रदेशको एक मात्र लुम्बिनी बौद्ध विश्वविद्यालयद्वारा सञ्चालित तुलसीपुर मेट्रो कलेजले बि.ए.एलएल.बि.पढाई हुने थाहा पाएपछि मैले रोजेको अनि खोजेको जस्तै हरेक सेवा सुविधा सम्पन्न भएकाले यस कलेजलाई रोजे।

यस कलेजमा  विद्यालयप्रति लगाव, विद्यार्थीसँगको समझदारी, पाठ्यक्रमको पढाइसाथै अभ्यास, रिसर्च डिपार्टमेन्ट, क्लब, विभिन्न कानुनी विज्ञ, मन्त्री न्यायाधिश, वकिल, साहित्यकार, पत्रकार र अन्य विज्ञ व्यक्तिहरूसँग नियमित अन्तरक्रिया कार्यक्रम, नेशनल तथा इन्टरनेशनल मुटको अभ्यास साथै सहभागी गराउने व्यवस्था साथै नेपालकै चर्चामा आएको सम्पूर्ण सुविधायुक्त सस्तो र सुलभ तुलसीपुर मेट्रो कलेजमा म पनि पढ्न पाएकोमा खुसी छुँ।  यस्तै विशेषताले गर्दा तुल्सीपुर मेट्रो कलेजले दिलाएको छ त्यसैले मलाई काठमाण्डौं छोडेर तुल्सीपुर मेट्रो कलेजमा आएकोमा कुनै पछुतो छैन।

# कानुन पालना सबैको दायित्व

कानुन नजानेकालाई सिकाउने र कानुन जाने कालाई कार्यान्वयनका लागि दबाब दिने काममा हामी विद्यार्थीहरू सृजनात्मक ढङ्ले लागिरहेका छौँ।

सुस्मिता परियार
छैटौं समेष्टर



शिक्षा कुनै पनि सफल समाजको आधारस्तम्भ हो। राज्यको हरेक नागरिकलाई अनुशासित बनाई राज्यमा शान्ति, अमनचयन तथा सुशासन कायम राख्न पनि कानुनी शिक्षाको आवश्यक रहन्छ। व्यक्तिको व्यक्तित्त्व रक्षा गर्न पनि कानुनी शिक्षाको महत्त्वपूर्ण स्थान हुन्छ। कानुनी शिक्षा जान्न जरूरी छ किनकी कानुनको अनविज्ञता क्षम्य हुँदैन "Ignorance of law is no excuse" भन्ने कानुनको महत्त्वपूर्ण सिद्धान्त हो।

कानुनको सर्वोव्यापी मान्यता कानुनको अनविज्ञता क्षमा योग्य हुँदैन। प्रत्येक व्यक्तिले कानुनको पालना गर्नुपर्छ चाहे शिक्षित होस् या अशिक्षित व्यक्ति होस् तर कानुन जानेको हुनुपर्छ, भन्ने एउटा कानुनको मान्यता हुन्छ। यो एउटा सर्वव्यापी सिद्धान्त हो।

सर्वप्रथम कानुन व्यक्तिका लागि बनाइन्छ कतिपय कानुनले व्यक्तिलाई विभिन्न प्रकारको अधिकार दिएको हुन्छ। भने कतिपय कानुनले समाजमा रहेका व्यक्तिका कार्यहरूलाई निर्देशित गर्ने नियन्त्रित गर्ने व्यावहारिक बनाउने कार्यहरू गर्छ। त्यसैगरी समाज विपरीत राष्ट्रको विपरीत व्यक्तिका विपरीत अपराधी कामहरू गर्ने व्यक्तिहरूलाई सजाय दिने काम पनि कानुनले नै गर्छ। आफ्नो अधिकार के हो भनेर कानुन जान्न जरूरी हुन्छ र कुन काम गर्नुहुन्छ र कुन काम गर्नु हुँदैन।



कानुनका विद्यार्थीहरू विनोद खत्रीसँग विशेष कक्षा लिँदै

कुन काम कानुन वमोजिम दण्डनीय हुन्छ र कुन काम कानुन वमोजिम दण्डनीय हुँदैन भनेर जान्नका लागि पनि कानुन र यस प्रकारका दण्डनीय कार्यबाट टाढा रहनका लागि पनि कानुन जान्न आवश्यक हुन्छ । सामान्य परिस्थितिबाट कानुनको विकास हुँदै आएको हुन्छ । सामाजिक परिस्थिति एक प्रकारको हुन्छ भने कानुन अर्को प्रकारको हुन्छ कतिपय अवस्थामा समाजमा रहेका व्यक्तिका व्यवहारहरू कानुन अनुकूल भएको हुँदैन । राज्यले निर्माण गरेका कानुनलाई, राज्यले नै जसका लागि कानुनहरू बनाएको हो ।

उसको व्यवहारलाई आफ्नो कानुन अनुकूल बनाउन सकिरहेको हुँदैन । उदाहरणको लागि २० वर्षभन्दा अगाडि बिहे गर्न हुँदैन तर पनि समाजमा भइरहेको हुन्छ यस्ता प्रकारका अनेकौ उदाहरणहरू घटनाहरू हुन्छन् । जो कानुनबमोजिम भइरहेका हुँदैनन् । यस्ता किसिमका व्यक्तिका क्रियाकलापहरूलाई कानुन वमोजिम बनाउनको लागि पनि प्रत्येक व्यक्तिले आफूलाई आवश्यक पर्ने व्यवहारसँग सम्बन्धितको कानुन चाहिँ जानुपर्छ त्यसो भयो भने कानुन वमोजिम कार्यहरू सञ्चालन हुन्छन् । प्रासङ्गिक हुन्छ त्यसले कुनै पनि व्यक्तिको अधिकारमाथि आघात गर्दैन आफ्नो अधिकार प्राप्तिमा सहयोग गर्छ र अपराधी घटनाहरू हुन पाउँदैन भन्ने मान्यता राखिन्छ त्यसैले गर्दा कानुन प्रत्येक व्यक्तिले जान्न जरूरी हुन्छ ।
समाजमा न्याय व्यवस्था र अधिकारको सुरक्षा गर्न, समाजमा न्याय नैतिक र विधिको शासन कायम गर्नुका साथसाथै व्यक्तिलाई आफ्नो कानुनी अधिकारको जानकारी गराउन कानुनी योगदान रहेको छ ।


महिला हिंसा विरुद्ध सचेतना सन्देश पेन्टिङ गर्दै विद्यार्थीहरू

नेपालमा कानुनको व्यापक क्षेत्र र अवसर छ । कानुन एक महत्त्वपूर्ण विषय हो जसको अध्ययनले मानिसलाई सबैभन्दा व्यावहारिक व्यक्ति बनाउँछ । समाजबाट नकारात्मक चिजलाई निरूत्साहित गर्दै समाजलाई सही पदमा ल्याउन मद्दत गर्छ । कानुन विषय अध्ययन गरिसकेपछि विभिन्न क्षेत्रहरूमा आफ्नो करियर सुरू गर्नका लागि महत्त्वपूर्ण विषयको रूपमा रहेको छ । समाजमा सुधार ल्याउन र समाजमा सम्मान शिक्षा दिन अनुसन्धान र कानुनी शिक्षा लिएर नागरिक अपराधी र वाणिज्य कानुन पक्ष र न्याय खोज्न र दिन कानुनी पेशा संसारभरमा एक बढ्दो आकर्षण पेशा भए भएको र दैनिक जीवनमा कुनै न कुनै तरिकाले कानुनी शिक्षा आवश्यक हुने भएकाले कानुन विषय पढ्न मन लागेको हो ।

तुलसीपुर मेट्रो कलेज दाङमा पहिलो कानुनको स्नातक तह बिएलबी कोर्स स्थापना भएको हो । त्यसमाथि पनि म पहिलो पहिलो ब्याज छात्रा अहिले छैठौ सेमेस्टरमा अध्ययन गर्दै गर्दा मेट्रो कलेजमा विभिन्न किसिमको अनुभव छ । मेट्रो कलेज सुरूवाती समयदेखि नै कानुन पर्दाको संघर्ष र हरेक कुराको जटिलता सँगसँगै कानुनी क्षेत्रमा अगाडि बढ्ने अवसर मिलेको छ । कलेजमा विभिन्न किसिमको सामाजिक न्यायका लागि कानुनी शिक्षाको महत्त्वको बारेमा सकारात्मक कार्य सञ्चालन गर्नुका साथसाथै विभिन्न कार्यहरू बढिरहेका छ । हामीले पढेको कुरालाई व्यवहारमा लागु गर्नका लागि विभिन्न परियोजनाहरू सञ्चालन गरिरहेका छौँ । कानुन नजानेकालाई सिकाउने र कानुन जानेकालाई कार्यान्वयनका लागि दबाब दिने काममा हामी विद्यार्थीहरू सृजनात्मक ढङ्गले लागिरहेका छौँ ।

# सहयोगी संस्थाहरूको साथ

*तुलसीपुर मेट्रो कलेजका विभिन्न कार्यक्रमहरू सञ्चालनका लागि विभिन्न संस्थाहरूले निरन्तर सहयोग गर्दै आएका छन् । कलेजलाई प्राविधिक कार्यक्रम सञ्चालनका लागि संघ संस्थाहरूले विभिन्न समयमा सहयोग गरिरहेका छन् ।*

**ग्रिन फाउन्डेशन नेपाल** : यस सस्थाले वन विज्ञान र कानून संकायका विद्यार्थीहरूलाई अवसर सृजनाका साथै विभिन्न परियोजनामा जोडिएर सहयोग गरिरहेको छ । फाउन्डेशनको सहकार्यमा तुलसीपुरका सामुदायिक विद्यालयमा उद्यमशीलता तालिम सञ्चालन भएको थियो । यसैगरी कानून संकायका जर्नल प्रकाशनका लागि फाउन्डेशनले एक लाख बराबर सहयोग समेत गरेर सहकार्य गरेको छ । हरित रोजगारी सृजना गर्ने खालका तालिमहरू समेत फाउन्डेशनले कलेजको सहकार्यमा सञ्चालन गरिरहेको छ ।

**गणेश पाउरोटी उद्योग** : यस संस्थामा सञ्चालन भइरहेको फुड एण्ड डेरी टेक्नोलोजी विषय अध्ययन गर्ने विद्यार्थीहरू मध्येबाट हरेक वर्ष १ जनालाई ५० प्रतिशत छात्रवृत्ति दिनेगरी यस उद्योगले सहकार्य गरिरहेको छ । साथै फुड एण्ड डेरी टेक्नोलोजी अध्ययनरत विद्यार्थीहरूलाई प्रयोगात्मक अभ्यासका साथै रोजगारी सृजनामा समेत यस उद्योगले सहयोग गरिरहेको छ ।

**इन्स्योर परियोजना**

स्वीस सरकारको सहयोगमा सञ्चालित इन्स्योर परियोजनाले तुलसीपुर बहुप्राविधिक शिक्षालयमार्फत प्रिडिप्लोमा तहको आइटी र इलेक्ट्रिकल कार्यक्रम सञ्चालन भइरहेको छ । यस कार्यक्रम अन्तर्गत विद्यार्थीहरूले निशुल्क डिप्लोमा तहका कार्यक्रममा अध्ययन गरिरहेका छन् । निम्न वर्गका साथै सीप सिकेर आत्मनिर्भर बन्न चाहने विद्यार्थीहरूका लागि यो परियोजनाले निकै सहयोग गरिरहेको छ । अहिले यो परियोजनामार्फत ७० जना विद्यार्थीहरूले अध्ययन गरिरहेका छन् ।

**सामाजिक विकास मन्त्रालय** :

लुम्बिनी प्रदेश सामाजिक विकास मन्त्रालयमार्फत प्रिडिप्लोमा तहको मेकानिकल इन्जिनियरिङ कार्यक्रम सञ्चालन भइरहेको छ । मन्त्रालयले उक्त कार्यक्रममा अध्ययन गर्ने विद्यार्थीहरूलाई निशुल्करूपमा अध्ययनको अवसर प्रदान गरेको छ । हाल यो परियोजना अन्तर्गत २० जना विद्यार्थहरूले निशुल्क अध्ययन गरिरहेका छन् । यसबाट आर्थिक अवस्था कमजोर भएका विद्यार्थीहरूको प्राविधिक विषय अध्ययन गर्ने सपना पूरा भएको छ ।

# मिडियामा मेट्रो कलेज



प्रदेश टुडे

तुलसीपुर मेट्रो कलेज

एक सयलाई निःशुल्क प्राविधिक शिक्षा



प्रदेश टुडे

शिक्षालय नगरको सम्पत्ति



छोरीलाई निःशुल्क प्राविधिक शिक्षा

तुलसीपुर समाचारदाता

तुलसीपुर, फागुन ४ गते। तुलसीपुर उपमहानगरपालिका वडा नम्बर १२ मा रहेको तुलसीपुर मेट्रो कलेजले छोरीलाई निःशुल्क प्राविधिक शिक्षा पढाउन थालेको छ। तुलसीपुर उपमहानगरपालिकाले सञ्चालनमा ल्याएको कलेजले प्राविधिक विषय छोरीलाई निःशुल्क पढाउन थालेको हो। कलेजका प्राचार्य बसन्त आचार्यका अनुसार अहिले कलेजमा १३० जना छोरीले निःशुल्क पढिरहेका छन्।

तुलसीपुर उपमहानगरपालिकाले सामुदायिक विद्यालयबाट एसईई उत्तीर्ण गरेका छात्रालाई ... पढाउन थालेको हो। ... तहको कलेजमा प्राविधिक ... कृषि वन विज्ञान, ... इन्जिनियरिङ, फुड एन्ड ... टेक्नोलोजी, इलेक्ट्रिकल एन्ड ... इन्जिनियरिङ विषय ... इरहेको छ। नगरप्रमुख ... पाण्डेले छोरीलाई प्राविधिक शिक्षामा दक्ष बनाई आत्मनिर्भर बनाउन पालिकाबाट निःशुल्क रूपमा पठनपाठन व्यवस्था मिलाइएको बताउनुभयो। पालिकाले २०७७ साउनदेखि यता जन्मिएका छोरीहरूलाई मासिक दुई सय रुपियाँ बैंकमा बचत गर्दै आएको छ। छोरीलाई शिक्षामा थप पहुँच बढाउन यो अभियान थालेको उहाँले बताउनुभयो। कलेजले व्यावसायिक तालिम परिषद् सीटीईभीटीको सहयोगमा निःशुल्क रूपमा ३० जना विद्यार्थीलाई सूचना प्रविधि विषय पढाउन थालेको हो।

उपमहानगरपालिका वडा नम्बर १२ हरिपौरामा रहेको कलेजमा लुम्बिनी प्रदेश सरकारको नौ करोड रुपियाँ बजेटमा दुईवटा भवन निर्माण हुन थालेका छन्। भवन यसै वर्षभित्र निर्माण सकिने बताइएको छ। हरिपौरा माध्यमिक विद्यालयले कलेजलाई १० बिघा जग्गा उपलब्ध गराएको छ।



बुटवल टुडे

समाचार

सीप सिकाएर व्यवसायी बनाउँदै



आइतबार २९ फागुन २०७८ Sunday 13 March 2022

कानुनका विद्यार्थीसँग उपप्रमुखले भने "पूर्वाग्रहबिना फैसला गरेका छौँ"



कानुन पढ्न छोरीहरुको बढ्दो आकर्षण



विदेशबाट फर्किएकाहरु पनि सीप सिक्दै

तालिम समापन कार्यक्रममा सहभागीलाई सामग्री हस्तान्तरण गरिँदै ।



निःशुल्क आइटी पढाउँदै मेट्रो कलेज

तुलसीपत्र/तुलसीपुर



समाज

विदेशबाट फर्किएका र जागिर नभएकालाई सीप सिकाउँदै 'तुलसीपुर मेट्रो कलेज'

# मिडियामा मेट्रो कलेज

## बालबालिकालाई विद्यालयमै कानुनी शिक्षा



## सर्पसँग खेल्दै वनका विद्यार्थी



स्कूल-स्कूलमा कानुनी सचेतना कार्यक्रम

## कानुन सिक्दै, सिकाउँदै विद्यार्थी



## पुष्प व्यवसायमा रमाउँदै विद्यार्थी



## विद्यार्थीले बनाए मकै छोडाउने मेसिन



## विदेश पलायन रोक्न उद्यम अभियान



## तुलसीपुरका विद्यालयमा 'पढ्दै कमाउँदै' कार्यक्रम

गोपाल शर्मा भट्टराई | दाङ

दाङको तुलसीपुर उपमहानगरपालिका-६ का सामुदायिक विद्यालयहरूमा पढ्दै कमाउँदै कार्यक्रम सुरु भएको छ।

सहयोगी निकायको समन्वयमा सामुदायिक विद्यालयहरूमा उद्यमशीलता परियोजना सञ्चालन गरेर विद्यार्थीलाई यो कार्यक्रम सुरु गरिएको हो। पढ्दै कमाउँदै अभियानलाई विद्यालयस्तरका पुऱ्याउनका लागि यस्तो अभियान सञ्चालन गर्न लागिएको उपमहानगरले जनाएको छ। अभियानअन्तर्गत विद्यार्थीहरूलाई वन र कृषिक्षेत्रसँग सम्बन्धित विरुवा उत्पादन, बेमौसमी खेती, नर्सरी निर्माणलगायतका काम गरिनेछ।

पहिलो चरणमा दीपेन्द्र मावि मानपुर, माध्यमिक विद्यालय दोभरे, सरस्वती मावि दमारगाउँ, बाल्मिकेरी मावि भोजपुर, जनजागृति मावि पातु बनगाउँ र माध्यमिक विद्यालय सेन्टरमा यस्तो कार्यक्रम लागु गरिएको मेट्रो कलेज तुलसीपुरका प्रमुख बसन्त आचार्यले बताए। कक्षा ९ र १० मा अध्ययनरत विद्यार्थीहरूलाई उद्यमशील कार्य गर्नका लागि कलेजले प्राविधिक तथा आर्थिक सहयोग गरेको उनले बताए।

यसैबीच उद्यमशील कार्ययोजना निर्माणका लागि सम्बन्धित विद्यालयका विद्यार्थीहरूलाई एक दिने अभिमुखीकरण कार्यक्रम गरिएको छ। नगरप्रमुख टीकाराम खड्काले विद्यार्थीहरूलाई सानैदेखि उद्यमशीलतामा लगाउनुपर्ने आवश्यकता रहेको बताए। नगरप्रमुख खड्काले आजभोलिका विद्यार्थीहरूमा सपना देख्ने तर काम नगर्ने प्रवृत्ति बढ्दै गएको भन्दै श्रमले नै मानिसलाई महान बनाउने कुरा उल्लेख गरे।

पूर्वनगर प्रमुख घनश्याम पाण्डेले विद्यार्थीहरूको काँधमा देशलाई उद्यमशील बनाउने जिम्मेवारी रहेको पनि बताए। देश बिग्रियो भनेर हामी निराश हुनेभन्दा पनि यसलाई कसरी बनाउने भन्ने कुरा महत्त्वपूर्ण हो पाण्डेले भने। कार्यक्रम मेट्रो कलेज तुलसीपुर र ग्रिन फाउन्डेसनले सहयोग गरेका छन्।

**onlinekhabar** EN

Wednesday, January 17, 2024

## Tulsipur leads the way in empowering women through technical education

Abhash Budhathoki

Sunday, September 24, 2023

0 Comments 51 Shares



**नयाँ युगबोध राष्ट्रिय दैनिक**

समाचार

## विद्यार्थीलाई उत्पादनसँग जोड्नुपर्छः डीन

बिहिबार, पौष २८, २०८०  युगबोध समाचारदाता



तुलसीपुर। त्रिभुवन विश्वविद्यालय व्यवस्थापन संकायका डीन

# सञ्चालक समिति

**टीकाराम खड्का**
अध्यक्ष (प्रमुख)

**स्यानी चौधरी**
उपाध्यक्ष (उप-प्रमुख)

**राम बहादुर के.सी.**
सदस्य

**चक्रबहादुर भण्डारी**
सदस्य

**खुसीराम चौधरी**
सदस्य

**मान बहादुर रावत**
सदस्य

**राधा चौधरी**
सदस्य

**युवा करारा**
सदस्य

**केदार आचार्य**
सदस्य

**भरतराज आचार्य**
सदस्य

**जीवन गौतम**
सदस्य

**मोतीलाल चौधरी**
सदस्य

**वसन्तकुमार आचार्य**
सदस्य सचिव

**घनश्याम पाण्डे**
सल्लाहकार

**श्याम डाँगी**
सल्लाहकार

**गिरीराज लम्साल**
सल्लाहकार

**श्रीराम चौधरी**
कानूनी सल्लाहकार

---

**वसन्त कुमार आचार्य**
प्रमुख

## प्रशासनिक

**पदम ज्ञवाली** – लेखा अधिकृत
**संगम अधिकारी** – सूचना अधिकारी
**तिला ढकाल** – प्रशासन सहायक
**खगेन्द्र अधिकारी** – प्रशासन सहायक
**विवेक कुमार वि.क.** – खेलकुद प्रशिक्षक
**होमा भण्डारी** – कम्प्युटर सहायक
**सुनिता शर्मा** – स्टोर किपर
**यमा बस्नेत** – जनसम्पर्क सहायक
**लिला भण्डारी** – जनसम्पर्क सहायक
**केशव वली** – सुरक्षा गार्ड
**जलबीर चौधरी** – सुरक्षा गार्ड
**मोहन बस्नेत** – सुरक्षा गार्ड
**सविता चौधरी** – कार्यालय सहयोगी
**मंगली चौधरी** – कार्यालय सहयोगी
**गंगा बहादुर बस्नेत** – कार्यालय सहयोगी
**सिताराम कामी** – चालक
**पदम बहादुर बस्नेत** – चालक

## शैक्षिक (डिप्लोमा)

**ई. अपील आचार्य** – डिप्लोमा कार्यक्रम संयोजक
**राजेन्द्र के.सी.** – विज्ञान कार्यक्रम संयोजक
**कल्पना वली** – कृषि र वन विज्ञान कार्यक्रम संयोजक
**सुदर्शन गोसाइ** – फुड एण्ड डेरी टेक्नोलोजी कार्यक्रम संयोजक
**ई.सोमित सिङ गुप्ता** – ईलेक्ट्रिकल एण्ड ईलेक्ट्रोनिक्स प्रशिक्षक
**ई. प्रेम बहादुर गुरुङ** – ईलेक्ट्रिकल एण्ड ईलेक्ट्रोनिक्स प्रशिक्षक
**ई. सञ्जय अधिकारी** – मेकानिकल प्रशिक्षक
**रक्षा पौडेल** – फुड एण्ड डेरी टेक्नोलोजी प्रशिक्षक
**सेवन्ती बस्नेत** – गणित प्रशिक्षक
**युवराज पोखेल** – भौतिक विज्ञान प्रशिक्षक
**खड्गपाणि न्यौपाने** – अङ्ग्रेजी प्रशिक्षक
**सचिन सुवेदी** – वन विज्ञान प्रशिक्षक
**घनश्याम के.सी.** – कृषि प्रशिक्षक

## शैक्षिक (बि.ए.एलएल.बी.)

**विजय पोखेल** – बि.ए.एलएल.बी. कार्यक्रम संयोजक

- सुष्मा के.सी.
- वसन्त टण्डन
- श्रीराम चौधरी
- किशोर अर्याल
- दामोदर लामिछाने
- रेशम वली
- केशर बस्नेत
- अमर के.सी.
- विशाल न्यौपाने
- जयन्त उपाध्याय
- चूडामणि न्यौपाने
- ई. आयुषा रेग्मी
- नारायण रिजाल
- सन्दिप रजौरे
- मदन लामिछाने
- जेपी बुढाथोकी